# Report on Baseline Data Collection on Deaf Education in Nepal

Kristin Snoddon, Ph.D.

WORLD FEDERATION OF THE DEAF



International Disability Alliance

Ministry for Foreign Affairs of Finland

UKaid from the British people

# विषय-सूची

कार्यकारी सारांश र सिफारिसहरु ........ 3
उद्देश्य ........ 9
सारांश ........ 9
पृष्टभूमी ........ 9
परिचय ........ 11
भाग १. पृष्ठभूमी ........ 14
शिक्षा ........ 14
बहिरा विद्यालयहरु ........ 14
श्रोत कक्षा ........ 17
बहिरा र सुन्ने शिक्षकहरु ........ 18
भाषा ........ 20
बहुभाषिकता ........ 20
नेपाली साङ्केतिक भाषा र प्राकृतिक संकेत ........ 21
बहिरा समुदायको जनसंख्या ........ 23
बहिरा संघहरु ........ 24
नेपाली साङ्केतिक भाषाका शब्दकोशहरु ........ 24
नेपाली साङ्केतिक भाषाका कक्षाहरु ........ 25
**बहिरा सिकारुहरुका लागि साङ्केतिक भाषा-माध्यम शिक्षा** ........ 26
साङ्केतिक भाषा-माध्यम शिक्षा सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरु ........ 26
साङ्केतिक भाषा-माध्यम शिक्षाको अभ्यास ........ 28
भाग २: आधार-रेखा तथ्याङ्क सङ्कलन, काठमाडौमा, १०-१५ मार्च २०१९ ........ 31
एनडीएफएन र विश्व बहिरा महासंघ बिचको बैठक, १० मार्च ........ 31
एनडीएफएनको कार्यालय भ्रमण, ११ मार्च २०१९ ........ 36
१२ मार्चमा पिटर ग्रेफ (Peter Graif) र उत्तम महर्जनसंगको बैठक ........ 39
**समावेशी शिक्षामा आईडीएको उल्लेखनीय शुरुवात, १२-१४ मार्चमा भएको प्राविधिक गोष्ठी** ........ 40
**बहिरा शिक्षकहरु र बहिरा संघहरुसंगको गोष्ठी, १५ मार्च २०१९** ........ 42
**सुन्ने शिक्षकहरु र शिक्षाका अधिकारीहरुसंग गोष्ठी, १५ मार्च २०१९** ........ 47
**काठमाडौ, मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुमा आधार-रेखा तथ्याङ्क संकलन, १४-१९ अप्रिल २०१९** ........ 54
**एनडीएफएनसंगको बैठक, १४ मार्च २०१९** ........ 55
**बहिरा शिक्षकहरु र बहिरा संघहरुसंगको गोष्ठी, १५ अप्रिल २०१९** ........ 56
**सुन्ने शिक्षकहरु र शैक्षिक अधिकारीहरुसंगको गोष्ठी, १६ अप्रिल २०१९** ........ 59
**श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय, हेटौडामा भ्रमण, १७ अप्रिल २०१९** ........ 62

**पर्सा र बारा जिल्लामा रहेका बहिरा श्रोत कक्षाहरुमा भ्रमण, १८ अप्रिल २०१९** ........ 70
चितवन बहिरा संघका कार्य समितिका सदस्यहरुसंगको बैठक, १९ अप्रिल २०१९ ........ 76
निष्कर्ष ........ 79
कृतज्ञता ........ 80
सन्दर्भ-सूचि ........ 82

## कार्यकारी सारांश र सिफारिसहरु

यस प्रतिवेदनको उद्धेश्य भनेको विश्व बहिरा महासंघको परामर्श परियोजना अन्तर्गत प्राप्त नतिजाहरुको बारेमा जानकारी गराउनु हो । नेपालमा रहेका बहिरा सिकारुहरुको सांकेतिक भाषाको माध्यमबाट समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको अवस्थाको बारेमा अध्ययन गर्नका लागि उक्त परियोजना सञ्चालन भएको थियो । परियोजनाको लागि संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग र फिनल्याण्ड सरकारको परराष्ट्र मामिला सम्बन्धी मन्त्रालयबाट ईन्टरनेशनल डिस्याबीलीटी एलायन्स (International Disability Alliance-आईडीए)मार्फत आर्थिक सहयोग प्राप्त भएको थियो । यस प्रतिवेदनमा दिईएका सिफारिसहरु नेपालको बहिरा शिक्षा सम्बन्धी विभिन्न प्रतिवेदन, दस्तावेज, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरुको समीक्षामा आधारित रहेका छन् । यसका साथै अध्ययनको क्रममा २०१९ को मार्च देखि अप्रिल महिनामा काठमाडौ, मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुबाट संकलन गरी विश्लेषण गरिएको तथ्याङ्कहरुलाई पनि सिफारिसको आधार बनाईएको छ । यस अन्तर्गत बहिरा व्यक्ति, सुन्ने शिक्षक, विद्यालयका प्रशासक र सरकारी अधिकारीहरुले प्रदान गरेका सिफारिसहरु पनि संलग्न गरिएको छन् ।

उक्त सिफारिसहरु प्रदान गर्नुको उद्धेश्य भनेको साङ्केतिक भाषाको माध्यमबाटसमावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न, दिगो विकासको लक्ष्य ४ र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धित संयुक्त राष्ट्र संघीय महासन्धि (सीआरपीडी) को धारा २४ को उपधारा ३, ४ र ५ को कार्यान्वयनका लागि अभिमुखीकरण गर्नु हो । सीआरपीडीका उल्लेखित उपधाराहरुमा क्रमश साङ्केतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रवर्द्धनलाई सहज बनाउने, हरेक व्यक्तिलाई सबैभन्दा उपयुक्त भाषा र तरीका तथा सञ्चार माध्यमबाट शिक्षा प्रदान गरिएको सुनिश्चित गर्ने र साङ्केतिक भाषामा योग्य अपाङ्गता भएका शिक्षकहरु लगायत अन्य शिक्षकहरु नियुक्त गर्ने कुरा उल्लेख गरिएको छ । उक्त सिफारिसहरु नेपालको संविधान २०७२ (2015) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५ (2017) मा भएका प्रावधानहरु कार्यान्वयन गर्ने कुरासंग सम्बन्धित छन् । त्यसैगरी सीआरपीडी समितिको प्रतिवेदन २०१८ मा साङ्केतिक भाषा अनुसन्धान केन्द्रको स्थापना र तालिम प्राप्त शिक्षक र नेपाली साङ्केतिक भाषाको विकासमा अझ बढी सहयोग गर्नुपर्ने भनि गरिएको सिफारिसलाई पनि सन्दर्भको रुपमा लिइएको छ ।

उक्त सिफारिसहरुले अपाङ्गता अधिकार आन्दोलनको आदर्श “हाम्रा लागि हामी” (Nothing about us without us) को भावना अनुरुप नेपालमा रहेका अनुभवी शिक्षक र विद्यालय प्रशासकहरु तथा बहिरा विद्यालय र बहिरा संघहरुमा रहेको विद्यमान श्रोत र विज्ञतालाई उपयोग गर्ने र कायम राख्ने कुरालाई बढावा दिन्छन् ।

**सिफारिस १ः बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२ ( २०१५ ) को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धीऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने ।** बहिराहरुले नेपाली सांकेतिक भाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई वकालत गर्ने र सबै बहिरा विद्यार्थीहरुको लागि नि : शुल्क र आवासीय शिक्षाका लागि रकम छुट्टयाउने ।

**सिफारिस २ः बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने ।** दौंतरी र शिक्षकहरुसंग संकेतमा सञ्चार गर्ने बहिरा बालबालिकाका लागि नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने कुरा समावेशी शिक्षा प्रणालीको हिस्सा हुने कुरा शिक्षा नीतिमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्छ । नेपालमा हाल रहेका बहिरा विद्यालयहरुको सञ्जाललाई समावेशी शिक्षा प्रणाली अन्तर्गत नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्नेविद्यालयको रुपमा सहयोग गरी राम्रो अवस्थामा सञ्चालन गरिनुपर्छ । बहिरा सिकारुहरुका लागि छिमेकी विद्यालयहरुमा हाजिरी गर्ने र एक भन्दा बढी विद्यालयहरुमा भर्ना गर्ने लगायत व्यापक सिकाईका व्यवस्थाहरु र सिकारुहरुलाई स्थानान्तरण गर्न सकिन्छ । सो का लागि शिक्षक तयारीमा सहयोग र सुधार, मूलधारका विद्यालयहरुमा आवासीय सुविधा सहित नेपाली साङ्केतिक भाषामा पोख्त शिक्षककोव्यवस्था, दोभाषेहरुको व्यवस्था र अभिभावकहरुलाई साङ्केतिक भाषाको तालिम लगायतका कुराहरुमा सहयोग गरी बढावा दिनुपर्छ ।

**सिफारिस ३ः नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने ।**उक्त तालिम नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा दिने व्यवस्था गर्ने कुरामा केन्द्रित हुनुपर्छ । सो व्यवस्था अन्तर्गत साङ्केतिक भाषा वा नेपाली साङ्केतिक भाषालाइ पठनपाठनको राष्ट्रिय भाषाको रुपमा तय गर्ने र लिखित भाषाको रुपमा नेपाली लगायत अंग्रेजी र अन्य सम्बन्धित आदिवासीका भाषालाई दोश्रो भाषाको रुपमा लिने । तालिम सम्बन्धी कार्यक्रमहरु काठमाडौमा अवस्थित बहिराहरुको लागि केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा सञ्चालन गर्न

सकिन्छ। उक्त विद्यालयमा हाल बहिरा विद्यार्थीहरुका लागि शिक्षा विषयमा स्नातक तह (B.Ed) सम्मको अध्यापन भईरहेको छ। उक्त तालिममा निम्नानुसारका विषयवस्तुहरु समावेश गर्नुपर्छः-

- नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षाका सिद्धान्तहरु र शिक्षण-सिकाईका विधि र अभ्यासहरु (Pedagogy)
- नेपालका बहिराहरुका सामाजिक अभ्यासहरु, मुल्य , मान्यताहरु र ईतिहास
- साङ्केतिक भाषा विज्ञान
- बहिरा सिकारुहरुको लागि साक्षरता ढाँचा -उदाहरणको लागि दृश्यात्मक प्रशोधन रणनीतिहरु, माथि-तल पढाई ढाँचा, महत्वपूर्ण शिक्षण-सिकाईका विधि र अभ्यासहरु (Pedagogy)
- प्रारम्भिक बाल विकास शिक्षा
- विभेदकारी निर्देशन

तालिमका कार्यक्रमहरु आवश्यकता अनुसार नेपाल भरिनै शिक्षण सेवामा संलग्न हुने चाहना राखेको र सेवामा रहेका शिक्षकहरु दुबैलाई उनीहरुको सिप र ज्ञान बढाउनका लागि प्रदान गर्नुपर्छ । अन्ततोगत्वा उक्त कार्यक्रमले नेपालको त्रिभुवन विश्वविद्यालय वा अन्य कुनै विश्वविद्यालयमा स्नातकोत्तर तह स्थापना गर्ने दिशा तर्फ डोऱ्याउनसक्छ।

**सिफारिस ४: नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने ।**शिक्षण अनुमति पत्रका लागि लिईने परिक्षा र नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षण गराउने शिक्षक उम्मेदवारहरुको शिक्षण अवलोकन गर्ने कार्यलाई नेपाली भाषाको माध्यमबाट प्रदान गरिने शिक्षा अन्तर्गत हुनुपर्ने क्षमताहरु, नेपाली साङ्केतिक भाषा सिप संग अन्तर–सम्बन्धित गर्नुपर्छ। यसका साथै सम्बन्धित शिक्षा अधिकारीहरुसंगको सहयोगमा शिक्षण अनुमति पत्रका लागि परिक्षा लिदा नेपाली साङ्केतिक भाषा र लिखित नेपाली भाषामा जाँच लिने व्यवस्था गर्नुपर्छ।

**सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु** (Affirmative Action Policies) **को कार्यान्वयन गर्ने ।**यस किसिमका नीतिहरुले बहिरा उम्मेदवारहरुलाई शिक्षण रोजगारी प्राप्त गर्न सक्षम बनाई माथिल्लो कक्षाहरु (११, १२ र विश्वविद्यालय) मा अध्यापन गराउन र विद्यालयका प्रशासनिक पदहरु जस्तै प्राचार्यमा बढुवा हुन योग्य बनाउन सहयोग गर्छ।

यस किसिमका नीतिहरुले शिक्षण अनुमति पत्र नभएका तर अनुभवी बहिरा शिक्षकहरुलाई उक्त पत्र नभएकै कारणले सेवाबाट अवकाश लिनु नपर्ने कुराको सुनिश्चित गर्छ । उनीहरुले थप तालिम प्राप्त गरी नेपाली साङ्केतिक भाषाको माध्यममा आधारित शिक्षा प्रणालीबाट लिईने शिक्षण अनुमति पत्र प्राप्त गर्ने तर्फ उन्मुख हुन्छन् ।

**सिफारिस ६: नेपाली साङ्केतिक भाषाको माध्यमबाट दिईने शिक्षाको शिक्षक तालिमका लागि बहिरा प्रशिक्षकको नियुक्ती गर्ने र प्रशिक्षण दिने ।** शिक्षा विषयमा स्नातक र स्नातकोत्तर उत्तीर्ण गरेका र शिक्षण अनुमति प्राप्त गरेका योग्य नेपाली बहिरा शिक्षकहरु मध्येबाट बहिरा प्रशिक्षकहरुको नियुक्ति गर्नुपर्दछ । अन्य देशमा रहेका साङ्केतिक भाषाको माध्यममा शिक्षामा संलग्न अनुसन्धानकर्ता र अभ्यासकर्मीहरुसंगको सहकार्यमा बहिरा प्रशिक्षकहरुका लागि थप तालिम प्रदान गर्नुपर्ने हुनसक्छ र उक्त तालिमहरुलाई नेपाली शिक्षकहरुको आवश्यकता अनुसार प्रदान गर्नुपर्छ ।

**सिफारिस ७: आवासीय बहिरा परामर्शदाताहरुको नियुक्त गरी तालिम प्रदान गर्ने:**आवासीय बहिरा परामर्शदाताहरु (वा वार्डेन) ले आवासीय विद्यार्थीहरुका आवश्यकता पुरा गर्नका लागि बालबालिका र युवाहरुको हेरविचार लगायत मनोरञ्जनात्मक र शैक्षिक कार्यक्रमहरुको विकास गर्नसक्ने तालिम प्राप्त गर्नुपर्छ । उक्त तालिम साङ्केतिक भाषामा प्रदान गर्नुपर्छ र गोष्ठीको रुपमा वा बहिरा विद्यालयहरु वा अन्य संस्थाहरुमा पाठ्यक्रमको रुपमा सञ्चालन गर्न सकिन्छ ।

**सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा** (Course) **सञ्चालन गर्ने :** यी कक्षाहरुलाई नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षा अन्तर्गतको शिक्षक तालिम र शिक्षकको निरन्तर विकास गर्ने कार्यक्रमको रुपमा नेपालभर रहेका बहिरा संघहरुसंगको साझेदारीमा सञ्चालन गर्नुपर्छ ।

**सिफारिस ९: बहिरा बालबालिकालाई नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु सञ्चालन गर्ने ।** बहिरा बालबालिकाको शिक्षा शुरु गर्दा नेपाल भरि रहेका बहिरा विद्यालयमा नेपाली साङ्केतिक भाषामा सञ्चालन गर्ने । प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षा अन्तर्गतको शिक्षक तालिम कार्यक्रम मार्फत तालिम प्रदान गर्नुपर्छ ।

**सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने ।** देशका विभिन्न क्षेत्रहरुमा बहिरा बालबालिका संगै उनीहरुका परिवारमा भ्रमण गर्ने वा अभिभावकहरुका लागि नेपाली साङ्केतिक भाषा कक्षा प्रदान गर्ने सेवाको स्थापना गर्नुपर्छ । उक्त काम सरकारको आर्थिक सहयोगमा बहिरा संघहरु र बहिरा विद्यालयहरुसंगको साझेदारीमा गर्न सकिन्छ ।

**सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने ।** मूलधारका विद्यालयमा रहेका श्रोत कक्षामा अध्ययनरत बहिरा बालबालिकालाई नेपाली साङ्केतिक भाषामा दक्ष र नेपाली साङ्केतिक भाषा-माध्ययम शिक्षा पद्धतिमा तालिम प्राप्त शिक्षकहरुले अध्यापन गराउनुपर्छ । साथै अध्ययनरत विद्यार्थीहरुको नेपाली साङ्केतिक भाषामा पहुँच हुनुपर्छ ।

**सिफारिस १२: बहिरा सिकारुहरुलाई पौढ साक्षरता कक्षा प्रदान गर्ने:**पौढ बहिरा सिकारुहरुको साङ्केतिक भाषाको माध्यमबाट नेपाली र अंग्रेजी दुबैका साक्षरता कक्षाहरुमा पहुँच हुनुपर्छ । उक्त कक्षाहरुले विश्वविद्यालय अध्ययन गर्नका लागि वा रोजगारमा जानका लागि पूर्व तयारी गर्न सहयोग गर्छ । उक्त कक्षाहरु सरकारको आर्थिक सहयोगमा बहिरा संघहरु र बहिरा विद्यालयहरु मार्फत सञ्चालन गर्न सकिन्छ ।

**सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने ।** विश्व विद्यालयमा उपलब्ध व्यापक दायराका विषयहरु अध्ययनमा बहिरा विद्यार्थीहरुका पहुँच पुऱ्याउनका लागि योग्य नेपाली साङ्केतिक भाषाका दोभाषेहरुको व्यवस्था  गर्नुपर्छ । बहिरा विद्यार्थीहरुको विश्व विद्यालय शिक्षामा साङ्केतिक भाषाको माध्यममा शिक्षा प्राप्त गर्न सक्ने पहुँच भएमा नेपाली साङ्केतिक भाषा (-माध्यममा शिक्षाका ) अनुसन्धान र तालिममा समेत सहयोग पुग्छ ॥

**सिफारिस १४: विद्यालय बाहिर रहेका बहिरा बालबालिका र युवा बहिराहरुको शिक्षामा पहुँच पुऱ्याउने ।** विद्यालयहरुले बहिरा व्यक्तिहरु जुनसुकै उमेरका भएपनि विद्यालयमा भर्ना गर्नुपर्छ र उनीहरुलाई नेपाली साङ्केतिक भाषा, लिखित नेपाली र अन्य भाषा लगायत पाठ्यक्रमका विषयवस्तुहरु सिक्न सहयोग गर्नुपदर्छ ।

**सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने।** बहिरा शिक्षक र बहिरा संघहरु सम्मिलित भई एउटा नेपाली साङ्केतिक भाषा पाठ्यक्रम टोली गठन गर्ने। उक्त टोलीले शिक्षा मन्त्रालयको आर्थिक सहयोगमा नेपाली साङ्केतिक भाषाको पाठ्यक्रम, भिडीयो सामाग्रीहरु लगायत प्रारम्भिक बाल विकास सम्बन्धी श्रोत सामाग्रीहरु तयार पार्ने।

**सिफारिस १६: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको अनुसन्धान र बहिरा अनुसन्धानकर्ताहरुको तालिममा सहयोग गर्ने।** बहिरा अनुसन्धानकर्ताहरुलाई तालिम दिने र नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षा र नेपाली साङ्केतिक भाषा शिक्षण-सिकाईमा असल अभ्यासहरुको दस्ताबेजीकरण गर्न थप अध्ययन गर्ने। उक्त तालिम र अनुसन्धान साङ्केतिक भाषा अनुसन्धान केन्द्र मार्फत वा काठमाडौमा अवस्थित सामाजिक विज्ञान सम्बन्धी खुल्ला अध्ययन संस्थान (Open Institute for Social Science) संगको सहयोगमा गर्न सकिन्छ।

## उद्देश्य

### *सारांश*

यो परियोजनाको उद्देश्य भनेको नेपालको बहिरा शिक्षाको बारेमा विश्व बहिरा महासंघको लागि तथ्याङ्क संकलन गर्नु हो । ईन्टरनेशनल डिस्याबिलिटी एलायन्स (International Disability Alliance) को आर्थिक सहयोगमा सञ्चालित यस परामर्श कार्यको प्रमुख उद्देश्य भनेको नेपालमा रहेका बहिरा व्यक्तिहरुको, अन्य व्यक्ति सरह समान आधारमा, समावेशी र समतामुलक गुणस्तरीय शिक्षामा पहुँचयुक्तताको अवस्था बारे प्रमाणहरु सहित प्रतिवेदन तयार पार्नु हो । प्रतिवेदन मार्फत दिगो विकासको लक्ष्य ४ र अपाङ्गता भएका व्यक्तिहरुको संयुक्त राष्ट्र संघीय महासन्धिको कार्यान्वयनका लागि अभिमुखीकरण गर्न सहयोग पुर्‍याउनु हो । यसरी सङ्कलन गरिएको तथ्याङ्कहरुले ईन्टरनेशनल डिस्याबीलीटी एलायन्स (International Disability Alliance) को समावेशी कार्य टोलीलाई पनि सहयोग गर्छ । ईन्टरनेशनल डिस्याबिलिटी एलायन्सले विश्व बहिरा महासंघलाई प्रदान गरेको आर्थिक रकम संयुक्त अधिराज्यको अन्तराष्ट्रिय विकास विभाग र फिनल्याण्ड सरकारको पराराष्ट्र मामीला मन्त्रालयबाट प्राप्त भएको हो ।

**विश्व बहिरा महासंघको बारेमाः**

विश्व बहिरा महासंघ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (गैसस) हो । यसले विश्वभर रहेका करिब ७ करोड बहिरा व्यक्तिहरुको प्रतिनिधित्व गर्दै उनीहरुको मानव अधिकारको प्रवर्धन गदर्छ । विश्व बहिरा महासंघ १२२ राष्ट्रमा रहेका बहिरा संस्थाहरुको महासंघ हो । यसको ध्येय भनेको बहिरा व्यक्तिहरुको मानवअधिकारलाई प्रवर्धन गर्ने र बहिराहरुको जीवनका सबै पक्षमा स्व-दृढता, साङ्केतिक भाषा, शिक्षा, रोजगार र सामुदायिक जीवन लगायत पूर्ण, गुणस्तरीय र समान पहुँच कायम गर्नु हो । विश्व बहिरा महासंघ इन्टरनेशलन डिस्याबिलिटि एलायन्सको संस्थापक सदस्य हो ।

### *पृष्टभूमी*

विश्व बहिरा महासंघको दृष्टिकोणमा सीआरपीडीको धारा २४ मा उल्लेख भए अनुसार बहिराहरुलाई साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने विषयमा यथेष्ट बुझाई र दस्ताबेजीकरण हुन सकेको छैन । हालसम्म बहिराहरुलाई शिक्षा प्रदान गरिएको तरिकालाई मध्यनजर गर्दा साङ्केतिक भाषाको वातावरण बनाउने र साङ्केतिक भाषाको माध्यमबाट शिक्षा दिने कार्यमा खासै उपायहरु अवलम्वन गरिएको छैन । विद्यमान् अवस्थालाई सम्बोधन गर्नका

लागि विश्व बहिरा महासंघले २०१८ मा समावेशी शिक्षा विषयमा आफ्नो धारणा पत्र (Position Paper) प्रकाशन गरेको छ ।

नेपालमा बहिरा शिक्षा विषयमा आधारभूत तथ्याङ्क संकलन गर्नुको उद्देश्य भनेको बहिरा व्यक्तिहरुको साङ्केतिक भाषाको माध्यमबाट, अन्य सिकारुहरु सरह समान आधारमा, समावेशी र समतामुलक गुणस्तरीय शिक्षामा पहुँचको अवस्थाको बारेमा प्रमाणहरु संकलन गर्नु हो । उक्त प्रमाणहरु मार्फत **सीआरपीडीका** व्यवस्थाहरु र दिगो विकास लक्ष्य ४ कार्यान्वयनमा अभिमुखीकरण गर्नु हो । यस प्रतिवेदन साङ्केतिक भाषाको माध्यमबाट बहिरा शिक्षामा तथ्याङ्क सङ्कलन गर्ने बारेमा एक नमूना प्रतिवेदनको रुपमा प्रयोग हुनेछ । नेपाललाई एक नमूना देशको रुपमा लिदै दक्षिणी ध्रुबमा रहेका अन्य देशका राष्ट्रिय बहिरा संस्थाहरुलाई एक वकालतको औजार हुनेछ ।

## परिचय

यस प्रतिवेदनको उद्देश्य भनेको विश्व बहिरा महासंघको परामर्श परियोजना अन्तरगत नेपालमा रहेका बहिरा सिकारुहरुको समावेशी शिक्षा सम्बन्धी प्राप्त नतिजाहरुको बारेमा जानकारी गराउनु हो । यस अन्तर्गत संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यहरु र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (सीआरपीडी) लाई प्रमुख सन्दर्भको रुपमा लिईएको छ । दिगो विकासको लक्ष्य ४ मा उल्लेख गरिएको "सबै व्यक्तिहरुलाई समावेशी र समतामुलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनभरि नै सिकाईका अवसरहरु प्रवर्धन गर्ने" भन्ने कुरा सीआरपीडीको धारा २४ संग मेल खान्छ । सीआपीडीको उक्त धारामा अपाङ्गता भएको व्यक्तिहरुको शिक्षाको अधिकारको बारेमा उल्लेख गरिएको छ । उक्त लक्ष्यहरु हासिल गर्ने कुरा नेपालले २०३० सम्म अतिकम् विकसित राष्ट्रबाट मध्यम आय भएको देश बन्ने समग्र लक्ष्यसंग जोडिएको छ (Cosic, D., Dahal, S., & Kitzmuller, M. (2017) .

बहिरा व्यक्तिहरुको, अन्य सिकारुहरु सरह समान आधारमा, समावेशी र समतामुलक गुणस्तरीय शिक्षामा पहुँचको बारेमा कुरा गर्दा सिआरपीडीको धारा २४(३)(ख) मा उल्लेख गरिए अनुसार बहिरा सिकारुहरुलाई साङ्केतिक भाषा सिक्न सहजीकरण गर्ने र बहिराहरुप्रति सकारात्मक पहिचान बनाउने शिक्षामा भएको पहुँचका बारेमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नुपर्ने आवश्यकता देखियो । बहिराहरुलाई सबैभन्दा उपयुक्त वातावरण र भाषामा शिक्षा दिइएको कुरा सुनिश्चित गर्नुपर्ने अर्को आवश्यकता पनि देखियो ताकि सिकारुहरुले सीआरपीडीको धारा २४(३)(ग) मा उल्लेख गरिए अनुसार आफ्नो शैक्षिक र सामाजिक विकासलाई अधिकतम् बनाउन सकुन् । यस प्रतिवेदनले नेपालमा रहेका बहिरा र सुन्ने शिक्षकहरुको अवस्थाको बारेमा तथ्याङ्क सङ्कलन गर्ने र विश्लेषण गर्ने प्रयास गरेको छ । उक्त कुरा सीआरपीडीको धारा २४(४) र (५) संग सम्बन्धित रहेको छ जहाँ शिक्षक नियुक्ति गर्दा साङ्केतिक भाषामा योग्य अपाङ्गता भएका व्यक्तिहरुलाई नियुक्त गर्न उपयुक्त उपायहरुको अबलम्बन गर्ने, पेशाकर्मी र कर्मचारीहरुलाई तालिम दिने र अपाङ्गता भएका व्यक्तिहरुको उच्च शिक्षामा पहुँचको सुनिश्चितता गर्ने कुरा उल्लेख गरिएको छ । यी प्रावधानहरुले दिगो विकासका लक्ष्य ४ को बारेमा अभिमुखीकरण गर्ने कुरा सुनिश्चित गर्छ ।

नेपालमा बाह्य दाताहरुको सहयोगमा बहुभाषिक शिक्षासंग सम्बन्धित परियोजना सञ्चालन भएका छन् । यस किसिमका परियोजनाहरुले क्षमता विकास गर्ने र नमूना विद्यालय र

सञ्जालहरुको प्रवर्धन गर्ने लक्ष्य राख्छन् (Fillmore, N. 2019, March 17) । उदाहरणको लागि नेपालमा २००७ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सरकारमा रहदा फिनल्याण्ड सरकारको सहयोगमा बहुभाषिक शिक्षा परियोजना लागु गऱ्यो । उक्त परियोजनाको लक्ष्य आदिवासी वा अन्य यस्तै समुदायलाई आफ्नो मातृभाषामा शिक्षा दिन र सांस्कृतिक हिसाबले मेल खाने शिक्षण-सिकाईमा सहयोग गर्ने रहेको थियो (Taylor, 2010b)। यो परियोजनाको कार्यान्वयनको क्रममा शैक्षिक जनशक्ति तथा विकास केन्द्रले विभिन्न भाषामा शिक्षक-तालिमका हातेपुस्तिकाहरु तयार गऱ्यो । नेपालको संविधान २०१५ मा "शिक्षामा भाषिक विविधता र मातृभाषाहरुको जगेर्ना र प्रवर्धन गर्ने" प्रावधान उल्लेख गरिएको छ । सोहि प्रावधान अनुरुप २०१९ मा नेपालको भाषा आयोग र भोलेन्टियर सर्भीसेस ओभरसीज नेपाल (Volunteer Services Overseas Nepal) बिच २ वटा नगरपालिकाहरुमा मातृभाषामा आधारित बहुभाषिक शिक्षा परियोजना कार्यान्वयन गर्नका लागि साझेदारी भयो (Fillmore, 2019)।

नेपालको कूल शिक्षा बजेटको आधाभन्दा बढी दाता संस्थामा निर्भर रहेको छ (Taylor, 2010a) भने समग्रतामा भन्नुपर्दा शिक्षाको गुणस्तरीयता कमजोर रही आएको छ (Cosic et al., 2017)। नेपालको गरीबीको इतिहासको बारेमा भूपरिवेष्ठित राष्ट्र, कमजोर पूर्वाधार र अस्थिर सरकार लगायतका विभिन्न कारणहरु विश्व बैङ्कको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

राष्ट्रिय बहिरा महासंघ नेपाल (एनडीएफएन) ले डेनीस सुस्त श्रवण संघ, माईराईट, स्वीडेन, स्वीडीस राष्ट्रिय बहिरा संघ, डेफ वे यूकेबाट आर्थिक सहयोग प्राप्त गरेको छ (Green, 2014)। यी मध्ये ब्रिटिस र स्वीडीस संस्थाहरुले एनडीएफएनलाई नेपाली साङ्केतिक भाषा विकास परियोजनामा सहयोग गरेका छन् (Graif, 2018; Hoffmann, 2008)। नर्बेजियन बहिरा संस्थाहरुले पनि यस्तै प्रकृतिको सहयोग गरेका छन् (Hoffmann-Dilloway, 2011)। धेरै बहिरा विद्यालयहरु गैर सरकारी संस्थाको सहयोगमा निर्भर रहेका छन् (Hundley, 2011)। अनुसन्धानकर्ताले मार्च २०१९ मा भ्रमण गर्दा एनडीएफएनले अष्ट्रेलियन दुतावासको सहयोगमा धेरै संख्यामा नेपाली साङ्केतिक भाषाका शब्दकोश प्रकाशन गरेको अवलोकन गऱ्यो । यसै गरी अप्रिल २०१९ मा अनुसन्धानकर्ताले हेटौडामा रहेको श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभुत विद्यालयको अवलोकन गऱ्यो । उक्त विद्यालयले पनि एनडीएफएनबाट आर्थिक सहयोग प्राप्त गरेको पाईयो । हेटौडा भ्रमणको क्रममा २०१५ को विनासकारी भुकम्पले विद्यालय भवनको क्षति भएको र सो पश्चात प्लान ईन्टरनेशनल नामक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले विद्यालयको पुन:निर्माण गर्न सहयोग गरेको कुरा त्यस विद्यालयका प्राचार्यले उल्लेख गर्नुभयो । २०१८ मा

डेफ वे यूकेले पनि सिन्धुली जिल्लामा भुकम्पले क्षति पुर्‍याएको बहिरा विद्यालय पुनःनिर्माण गर्न यस्तै प्रकृतिको सहयोग प्रदान गर्‍यो । प्लान ईन्टरनेशनलले बारा जिल्लामा रहेको बहिरा श्रोत कक्षाका सुन्ने शिक्षकलाई साङ्केतिक भाषाको तालिम दिनका लागि आफूलाई श्रोत व्यक्तिको रुपमा प्रयोग गरेको कुरा हेटौडाका एक जना साङ्केतिक भाषा शिक्षकले बताउनु भयो । तसर्थ, नेपाली बहिराहरुको शिक्षामा अन्तर्राष्ट्रिय दाता र गैरसरकारी संस्थाको सहयोग देखिने गरी नै भएको छ ।

केहि अनुसन्धानकर्ताहरुले व्याख्या गरे अनुसार नेपालमा बहिरा व्यक्तिहरुप्रतिको धारणा सुन्ने व्यक्तिहरुको बहिरोपन प्रतिको सोच र सांस्कृतिक चालचलनले निर्देशित गदर्छ (Acharya 1997, Hoffmann-Dilloway 2011 and Graif 2018) । परिणामतहः केहि परिवारहरुले आफ्ना बहिरा बालबालिकालाई घर भित्रै लुकाएर राख्छन् र समाजका अरु कसैले नदेखुन् भन्ने चाहन्छन् । घरपरिवारमा गरिने यस किसिमको व्यवहारले बहिरा बालबालिकालाई भाषा सिक्ने अवसरबाट बञ्चित गर्छ (Hoffmann, 2008) । १९५० पछिका वर्षहरुमा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरुका कार्यक्रमको प्रभाव स्वरुप बहिराहरुलाई हेर्ने दृष्टिकोणमा केहि हदसम्म सुधार भएको छ (Hoffmann-Dilloway, 2011) । बहिरा व्यक्तिहरुलाई सामान्यतया लाटो वा बोल्न नसक्ने/डम्ब भन्ने गरिन्छ । यद्यपी नेपाली बहिरा समुदायले आफूलाई बहिरा भनोस् भन्ने चाहना राख्छन् । बहिराको मतलब सुन्न नसक्ने भन्ने हो (Acharya, 1997; Graif, 2018) । एक जना अनुसन्धानकर्ता (Green 2014) ले  नेपालको पुर्वी क्षेत्रमा गरेका अध्ययन अनुसार बहिराहरुलाई धार्मिकरुपमा भेदभाव गरेको वा कुनै लाञ्छना लगाईएको पाईएन । यद्यपी यस अनुसन्धानकर्ताले १५ मार्च देखि १६ अप्रिलसम्म सरकारी प्रतिनिधिहरु, शिक्षकहरु र विद्यालय प्रशासकहरुसंग सञ्चालन गरेका गोष्ठीहरु र १७-१९ अप्रिलसम्म विभिन्न विद्यालयहरुमा गरेका भ्रमणहरुबाट सरकारी अधिकारीहरु र नीतिगत तहमा बस्ने व्यक्तिहरुको बहिरा व्यक्तिहरुप्रति नकारात्मक धारणा रहेको र परिवारका सदस्यहरुले आफ्ना बहिरा बालबालिकालाई घरभित्रै लुकाएर राख्ने गरेको पाईयो ।

यस प्रतिवेदनमा २ वटा भागहरु रहेका छन् । भाग १ मा दस्ताबेजको समिक्षाको साथै फिल्डबाट प्राप्त तथ्याङ्क र नेपालको बहिरा शिक्षा, भाषा र बहिरा संघहरुको भूमिकाको बारेमा उल्लेख गरिएको छ । यस पछि बहिरा सिकारुहरुका लागि साङ्केतिक भाषा-माध्यममा शिक्षासंग सम्बन्धित नेपाली र अन्तर्राष्ट्रिय नीति र अभ्यासहरुको बारेमा छलफल गरिएको छ । भाग २ मा १०-१५ मार्च  २०१९ मा काठमाडौंमा र १७-१९ अप्रिलसम्म काठमाडौ लगायत मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुबाट सङ्कलित आधारभूत तथ्याङ्कको बारेमा व्याख्या र

विश्लेषण गरिएको छ । छलफल र विश्लेषणबाट आएका निचोडहरुलाई बहिरा सिकारुहरुको सन्दर्भमा सीआरपीडीको धारा २४ अनुसार दिगो विकास लक्ष्य ४ हासिल गर्नका लागि विभिन्न सिफारिसहरुसंग अन्तरसम्बन्धित गरिएको छ ।

# भाग १. पृष्ठभूमी

## शिक्षा

### बहिरा विद्यालयहरु

नेपालमा बहिराहरुको लागि पहिलो विद्यालय १९६५ मा काठमाडौमा स्थापना भएको थियो । उक्त विद्यालयलाई बहिरा बालकको विद्यालय भनेर भन्ने गरीन्थ्यो । बीर अस्पतालमा अवस्थित यस विद्यालयलाई शुरुमा बहिरा बालबालिकाका लागि बोल्न सिकाउने केन्द्र भनेर चिनिन्थ्यो । पछि उक्त विद्यालयलाई नक्सालमा सारियो (Acharya, 1997; Green, 2014) । पछि यस विद्यालयलाई केन्द्रिय बहिरा माध्यमिक विद्यालयको रुपमा चिनिन थालियो । उक्त विद्यालयको नजिकै काठमाडौ बहिरा संघको कार्यालय पनि रहेको थियो । नेपाली साङ्केतिक भाषाको कुरा गर्नुपर्दा उक्त विद्यालयलाई नै उक्त भाषाको जननी भन्ने गरिन्छ। उक्त विद्यालयको स्थापनासंगै १९८८ सम्म पठनपाठनको तरिकामा मौखिक र सुन्ने दर्शनलाई अबलम्बन गरेतापनि नेपाली साङ्केतिक भाषा थप समृद्ध हुदै गयो। १९८८ मा भने उक्त विद्यालयमा पूर्ण सञ्चारको तरिका (Total Communication Philosophy) शुरुवात गऱ्यो । यस अन्तर्गत बोलिने नेपाली र उक्त शब्दका संकेतहरुको विकास गरिया](Acharya, 1997; Green, 2014; Hoffmann, 2008; Hoffmann-Dilloway, 2011) । अन्य चार वटा बहिरा विद्यालयहरु करिब उहि समयमा सुर्खेत, भैरहवा, सप्तरी र धरानमा स्थापना भए (NDFN, 2019a)। बहिरा विद्यालहरुका प्रमुखको रुपमा सुन्ने व्यक्तिहरु रहेका थिए भने बहिरा व्यक्तिहरुले बहिरा संघ सञ्चालन गर्दथे । यसले गर्दा बहिरा संघहरु र विद्यालयहरुको विचमा नजिकको सम्बन्ध कायम भएको थियो (Green, 2014; Hoffmann-Dilloway, 2011) ।

१०-११ मार्चमा यस अनुसन्धानकर्ताले एनडीएफएनका प्रतिनिधिहरु र विद्यालयका अधिकारीहरुसंग बैठक गरेको थियो । उक्त छलफलमा केन्द्रिय बहिरा माध्यमिक विद्यालय नै नेपालमा बहिराहरुका लागि उच्च माध्यमिक तहसम्म शिक्षा प्रदान गर्ने र व्यवसायिक तालिम

दिने पहिलो विद्यालय भएको कुरा जानकारी गराइयो । २०१३ देखि उक्त विद्यालयले बहिराहरुका लागि रात्रीकालिन कक्षा मार्फत शिक्षा विषयमा स्नातक कार्यक्रम (बि.एड) सञ्चालन गरेको छ । उक्त कार्यक्रममा जनसंख्या अध्ययन, अंग्रेजी र नेपाली लगायतका विषयहरु रहेका छन् । ११ मार्चमा भएको बैठकमा विद्यालयका अधिकारीहरुले उल्लेख गरे अनुसार बि.एड कार्यक्रमको शुरुवात गर्नका लागि १० वर्षसम्म भएको छलफलमा उक्त कार्यक्रम कहाँ राख्ने भन्ने विषयमा व्यापक छलफल भएको थियो । बहिरा विद्यार्थीहरुलाई आवासीय सुविधाको आवश्यक पर्ने भएकोले बि.एड कार्यक्रमलाई केन्द्रिय बहिरा विद्यालयमा नै राखियो ।

केन्द्रिय बहिरा विद्यालय बाहेक पोखरा, बाग्लुङ र भैरहवामा रहेका बहिरा विद्यालयहरुले कक्षा ११ र १२ सम्म पठनपाठन गराउछन् । एनडीएफएनका प्रतिनिधिहरुसंग १० मार्चमा भएको बैठकमा नेपालमा १० वटा बहिरा विद्यालयहरुले १० कक्षासम्मको पठनपाठन गराउछन् भने बाँकी विद्यालयहरुले कक्षा ५ वा ८ सम्म अध्यापन गराउछन् (Hundley, 2011) । १० अप्रिलमा चितवन बहिरा संघ र एनडीएफएनका प्रतिनिधिहरुसंग अन्तर्वार्ता भएको थियो । उक्त अन्तर्वातामा पहिलेको सरकारी नियम अनुसार कक्षा १-३ लाई पूर्व प्राथमिक शिक्षा, कक्षा ३-५ सम्मलाई प्राथमिक शिक्षा र कक्षा ६-८ लाई निम्न माध्यमिक शिक्षा भनिन्थ्यो । यसैगरी कक्षा ९-१० लाई माध्यमिक शिक्षा नामाकरण गरिएको थियो भने कक्षा ११ र १२ लाई उच्च माध्यमिक वा +२ शिक्षा भन्ने गरिन्थ्यो । आजकल कक्षा १-८ सम्मलाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा भनिन्छ भने ३-४ वर्षका बालबालिकाका लागि प्रारम्भिक बाल कक्षाको व्यवस्था गरिएको छ ।

नेपालका अरुबालबालिका जस्तै बहिरा बालबालिका पनि ५ वर्षको उमेरसम्म प्राय: विद्यालयमा भर्ना हुदैनन् । धेरै बालबालिकाले उक्त उमेर भन्दा पनि पछि विद्यालय जान शुरु गर्छन् । केहि बहिरा विद्यालय र बहिरा संघहरुले बहिरा बालबालिकाका अभिभावकहरुलाई नेपाली साङ्केतिक भाषाको तालिम प्रदान गरेपनि सामान्यतया बहिरा बालबालिकाका अभिभावकहरुले उक्त तालिम सिक्ने सहयोग पाउदैनन । साङ्केतिक भाषाको माध्यमबाटसमावेशी र समतामुलक गुणस्तरीय शिक्षामा पहुँच बढाउनका लागि बहिरा बालबालिका र उनीहरुका अभिभावकहरुको साङ्केतिक भाषा सिक्ने आवश्यकतालाई सम्बोधन गर्नु जरुरी छ । यसका साथै बहिरा बालबालिकाका लागि प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्नु प्रमुख चासोको विषय हो । लेखक (Bhandari 2017) ले व्याख्या गरेजस्तै नेपालका ग्रामीण क्षेत्रहरुमा प्रारम्भिक बाल विकास कक्षा वा पूर्व प्राथमिक कक्षाहरु त्यति धेरै उपलब्ध छैनन् । सरकारी र नीजि विद्यालयद्वारा सञ्चालित प्रारम्भिक बाल

कक्षाहरु सञ्चालन गर्ने तौरतरिकाले गर्दा केहि सामाजिक खाडलहरुको श्रृजना गरेको छ किनकि नीजि विद्यालयमा अंग्रेजी भाषामा पढाई हुन्छ। चार देखि पाँच वर्षसम्मका बालबालिकाका लागि सञ्चालन हुने प्रारम्भिक बालविकास कक्षाहरु विद्यालयमा आधारित हुन्छन् भने तीन देखि चार वर्षका बालबालिकाका लागि यस किसिमका कक्षाहर समुदायमै सञ्चालन गरिन्छ । नीजि विद्यालयहरुले प्रारम्भिक बाल विकासका कक्षाहरु तीन वर्षको उमेर भित्रे सञ्चालन गर्न सक्छन् (Bhandari, 2017) । यद्यपी १५ मार्च र १६ अप्रिलमा सुन्ने शिक्षकहरु र सरकारी अधिकारीहरु सर्मलित गोष्ठीीका सहभागीहरुले उल्लेख गरे अनुसार बहिरा बालबालिकाका लागि प्रारम्भिक बाल विकासका कक्षाहरु त्यति धेरै उपलब्ध रहेका छैनन् । शिक्षा विभागको प्रतिवेदनलाई सन्दर्भको रुपमा लिई एक जना अनुसन्धानकर्ता (Bhandari, 2017) ले उल्लेख गरे अनुसार प्रारम्भिक बाल विकासका कक्षाहरुमा केवल ०.२१ प्रतिशत मात्र अपाङ्गता भएका बालबालिका भर्ना भएका थिए । यसका साथै प्रारम्भिक बाल विकास कक्षा सञ्चालन गर्ने सहजकर्ताहरुका लागि चाहिने तालिम पनि अपर्याप्त रहेका छन् (Bhandari, 2017) । **“सिफारिस ९: बहिरा बालबालिकालाई प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गर्ने”**अध्ययन गर्नुहोस् ।

नेपालको संविधान २०७२ को धारा ३१(४) ले सुनाई वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकहरुका लागि साङ्केतिक भाषामा नि : शुल्क शिक्षा, छात्रवृत्ति र अपाङ्गता परिचय पत्र लगायत सामाजिक सुरक्षाको सुनिश्चितता गरेतापनि केहि सरकारी विद्यालयहरुले अपाङ्गता भएका बालबालिकाका अभिभावकहरुबाट आवासीय शुल्क र अन्य शुल्क लिने गर्छन् (Human Rights Watch, 2011) । उक्त कुरा मार्च १०-११ मा भएको बैठकमा एनडीएफका प्रतिनिधिहरुले पनि उल्लेख गरे । अनुसन्धानकर्ताले १७-१९ अप्रिलमा काठमाडौ बाहिर रहेको एक विद्यालय र बहिरा श्रोत कक्षामा अवलोक भ्रमण गरेको थियो । उक्त अवलोकनमा शिक्षकहरुको तलब भुक्तानी गर्न, विद्यार्थीको यातायात, कक्षाकोठाको व्यवस्था, आवासीय सुविधा र सो अन्तर्गतका सरसमानहरु (खाट, ओड्ने, ओछ्याउने, टेबल, बेन्च), सुन्ने शिक्षकहरु र बहिरा बालबालिकाका लागि साङ्केतिक भाषाको तालिम र दोभाषेका लागि आर्थिक सहयोग नभएको कुरा प्रतिवेदनमा उल्लेख गरे । बहिरा बालबालिकाका लागि साङ्केतिक भाषामा नि : शुल्क शिक्षा भनेर घोषणा गरीएतापनि अनुसन्धानकर्ताले १८ अप्रिलमा पर्सा र बारा जिल्लाका श्रोत कक्षासंग सम्बन्धित विद्यालयहरुमा भ्रमण गर्दा अभिभावकहरुसंग आफ्ना बालबालिकालाई नजिकैको बहिरा विद्यालय पढाउन समेत आर्थिक अभाव भएको कुरा उल्लेख गरे ।**“सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२**

**को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने"**अध्ययन गर्नुहोस् ।

## श्रोत कक्षा

नेपाल सरकारले १९९० मा बहिरा बालबालिकालाई शिक्षा प्रदान गर्न मुलधारका विद्यालयहरुमा श्रोत कक्षाहरुको स्थापना गऱ्यो । नेपालमा १६ वटा बहिरा विद्यालय रहेको कुरा ग्लाउडेट विश्वविद्यालय (Gallaudet University) को वेवसाईटमा देखाइएको छ तर अर्का लेखकले (Hundley 2011) नेपालका ७५ जिल्लाहरुमा गरी कम्तिमा पनि १८ वटा बहिरा विद्यालय र १३३ वटा श्रोत कक्षाहरु रहेको कुरा उल्लेख गरेको छ। अनुसन्धानकर्ताले २०१९ को मार्च र अप्रिल महिनाका विभिन्न मितिमा नेपाल भ्रमण गर्दा नेपालमा कम्तिमा पनि २२ वटा बहिरा विद्यालय रहेको कुरा जानकारी गराईयो। १५ मार्चमा विद्यालयका प्रशासकहरु र सरकारी प्रतिनिधिहरुसंग भएको बैठकमा १७४ वटा श्रोत कक्षाहरु र २१ वटा बहिरा विद्यालय रहेको कुरा उल्लेख गरियो ।

लेखक (Hundley 2011) ले दुई किसिमका श्रोत कक्षाहरु रहेको भनेर उल्लेख गरेका छन्। एउटा स्व-संयमित (Self-contained) जहाँ विभिन्न उमेरका बहिरा सिकारुहरु दिनभरिनै एउटै कक्षाकोठामा उहि शिक्षकसंग रहन्छन्। अर्को समावेशी श्रोत कक्षा जहाँ बहिरा सिकारुहरु दिनको केहि समय सुन्ने विद्यार्थीर्थीहरुसंगै रहेर अध्ययन गर्छन् र बाँकी कक्षाहरुको लागि साङ्केतिक भाषामा थप सिकाई सहयोग पाउछन् । मुलधारका विद्यालयमा रहेका यी समावेशी श्रोत कक्षाहरुमा शिक्षकहरुले पनि दोभाषे र शिक्षण सहयोगीको रुपमा काम गर्नुपर्ने हुनसक्छ। यद्यपी १८ अप्रिलमा ३ वटा श्रोत कक्षाहरुमा गरिएको अवलोकन भ्रमणमा विभिन्न उमेरका बहिरा सिकारुहरु रहेको स्व-संयमीत कक्षाहरु मात्र देखियो। बारा जिल्लामा रहेको एउटा श्रोत कक्षामा कक्षा १-५ सम्मका बहिरा विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेको पाईयो भने कक्षा ६-८ सम्मका बहिरा विद्यार्थीहरुले सुन्ने विद्यार्थीहरुसंगै रहेर अध्ययन गरेको देखियो । यसरी सुन्ने विद्यार्थीहरुसंग रहेर अध्ययन गर्दा कुनै थप सहयोग वा अनुकुलन गरेको देखिएन । **"सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"**अध्ययन गर्नुहोस् ।

धेरै बहिरा श्रोत कक्षा र बहिरा विद्यालयहरुले बहिरा विद्यार्थीहरुका लागि आवासीय सुविधा प्रदान गरेका छन् (Green, 2014) । अप्रिल २०१९ मा सुन्ने शिक्षकहरु, विद्यालयका प्रशासकहरु र सरकारी अधिकारीहरुसंग भएको गोष्ठीमा र विभिन्न विद्यालयमा भ्रमण गर्दा प्राप्त जानकारी

अनुसार यी आवासीय सुविधाहरुलाइ छात्रावास (Hostel) भन्ने गरिन्छ । उक्त आवशीय सुविधा बहिराहरुको लागि सधै नि : शुल्क हुन्छ भन्ने छैन यद्यपी बहिरा विद्यार्थीहरुले उक्त आवासीय सुविधा लिए १८ अप्रिलमा अनुन्धानकर्ताले पर्सा जिल्लामा रहेको श्रोत कक्षामा भ्रमण गर्दा अपाङ्गता छात्रवृत्ति वाफत प्रति महिना प्रति व्यक्ति रु ४,००० प्रदान गरिन्छ । अका लेखक (Green 2014) का अनुसार धेरै बहिरा श्रोत कक्षाहरु आवासीय सुविधा सहितका छन् र एउटा श्रोत कक्षामा एक जना मात्र सुन्ने शिक्षकले अध्यापन गराउछन् । तसर्थ बहिराहरुलाई साङ्केतिक भाषाको वातावरणमा शिक्षा दिनका लागि आवासीय सुविधा सहितका बहिरा विद्यालयहरु अझ राम्रो व्यवस्थित गर्नुपर्ने हुनसक्छ । केन्द्रिय बहिरा विद्यालयले होस्टेल परामर्शकर्ता वा वार्डेनको रुपमा काम गर्नका लागि बहिरा व्यक्तिहरुलाई नियुक्त गर्न शुरु गरेको कुरा एनडीएफएनका कार्य समितका सदस्यले बताउनु भयो । यद्यपी यस अनुसन्धानकर्ताले १७ अप्रिलमा हेटौडामा रहेको बहिरा विद्यालय र १८ अप्रिलमा ३ वटा श्रोत कक्षाहरुमा भ्रमण गर्दा सबै बालबालिकाको हेरचाह गर्नका लागि केबल एक जना सहयोगी मात्र (सुन्ने व्यक्ति) रहेको पाईयो । अन्य दुई विद्यालयमा रहेका श्रोत कक्षाहरुमा अध्ययनरत सबै बहिरा विद्यार्थीहरुलाई खान र सुत्नका लागि एउटा मात्र कोठा भएको पाईयो । श्रोत कक्षा रहेको तेश्रो विद्यालयमा बहिरा र सिकाई सम्बन्धी अपाङ्गता भएका  विद्यार्थीहरुका लागि एउटा मात्र होस्टेल रहेको पाईयो ।**"सिफारिस १: बहिरा सिकारुहरुलाई साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धीनेपालको संविधान २०७२ को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने" र "सिफारिस ७: आवासीय बहिरा परामर्शकर्ताहरुको नियुक्ति गरी तालिम प्रदान गर्ने"अध्ययन गर्नुहोस् ।**

## बहिरा र सुन्ने शिक्षकहरु

नेपालमा विगतका दशकहरुमा बहिरा शिक्षकहरुको संख्यामा बृद्धि भएको र यस किसिमको बृद्धिले माध्यमिक शिक्षा परिक्षा (SEE, पहिले SLC भन्ने गरिएको) उत्तीर्ण गर्ने बहिरा व्यक्तिहरुको संख्यामा बृद्धि भएको प्रतिविम्वित गर्ने कुरा एक जना लेखक (Green 2014) ले उल्लेख गरेका छन् । उक्त परिक्षा उत्तीर्ण गरेपछि मात्र विद्यार्थीहरुले +२ शिक्षा प्रणालीमा भर्ना हुन पाउछन् । +२ शिक्षा प्रणाली भनेको अन्तर्राष्ट्रिय शिक्षा प्रणाली अनुसार विद्यालय शिक्षाको माथिल्ला कक्षाहरु र सामुदायिक क्याम्पसको संयोजन जस्तै हो (Green, M., personal communication, February 22, 2019) र यो प्रणाली कक्षा ११ र १२ सरह हुन्छ ।  +२ परिक्षा उत्तीर्ण गरिसकेपछि मात्र शिक्षा शास्त्रमा स्नातक (बि.एड.) अध्ययन गर्न पाइन्छ । सुन्ने शिक्षक, विद्यालयका प्रशासक र सरकारी अधिकारीहरुसंग १६ अप्रिलमा भएको गोष्ठीमा केन्द्रिय बहिरा विद्यालयका बि.एड.

संकायका प्राचार्यले आफ्नो विद्यालयबाट करिब १५० जना र ६०० जना बहिराव्यक्तिहरुले क्रमश : बि.एड. र +२ परिक्षा उत्तीर्ण गरेको उल्लेख गर्नुभयो । उल्लेखित परिक्षाहरुमा उत्तीर्ण हुदाहुदै पनि बहिरा व्यक्तिहरुले शिक्षक अनुमति पत्रको परिक्षामा केहि समस्याहरु भोल्नु परेको छ (Green, M., personal communication, February 22, 2019) । उक्त सवाल यस अनुसन्धानकर्ताले मार्च र अप्रिल २०१९ मा नेपाल भ्रमण गर्दा पनि पटक पटक जानकारीमा आयो । नेपालमा स्नातकोत्तर वा विद्यावारिधि गरेका कुनै पनि बहिराहरु नभएको कुरा एनडीएफएनका प्रतिनिधिहरुले १० मार्चमा भएको बैठकमा व्यक्त गरे । तर यस अनुसन्धानकर्ताले १५ र १० अप्रिलमा स्नातकोत्तर तहमा पढ्दै गरेका (उनीहरुले भने अनुसार) २ जना बहिरा शिक्षकहरु फेला पार्‍यो । **सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने । सिफारिस ४: नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने ।**

नेपालमा बहिराहरुलाई अध्यापन गराउने ७४ प्रतिशत शिक्षकहरुले साङ्केतिक भाषाको केबल प्रारम्भिक तहको तालिम पाएका छन् (Hundley, 2011) । सुन्ने शिक्षकहरुले १० दिन देखि ६ महिनासम्मको साङ्केतिक भाषा तालिम पाउन सक्छन् (Green 2014) । १५ मार्चमा सुन्ने शिक्षकहरु र सरकारी अधिकारीहरुसंग भएको गोष्ठीमा शिक्षकहरुले साङ्केतिक भाषाको १५ दिने तालिम प्राप्त गर्न सक्ने कुरा उल्लेख गरियो । साङ्केतिक भाषाको ४ महिने तालिम प्राप्त गरेको कुरा एक जना श्रोत कक्षाका शिक्षकले १८ अप्रिलमा अनुसन्धानकर्तालाई बताउनु भयो । नेपालका बहिरा विद्यालहरुमा अध्यापन गराउने शिक्षकहरुले स्तरीय नेपाली साङ्केतिक भाषाको प्रयोग गर्दछन् । यस अन्तर्गत शब्दै पिच्छेका संकेतहरुको प्रयोग गरिन्छ । यसलाई पूर्ण वा संगसंगै गरिने सञ्चार वा नेपाली सङ्केतिकरण भन्न पनि सकिन्छ (Hoffmann-Dilloway 2008, 2011, Hundley 2011) । यस किसिमको अभ्यासले कक्षाकोठामा प्रयोग हुनसक्ने विविध अध्यापनका तरिकाहरुको प्रयोगमा सिमितता ल्याउछ । विद्यार्थीहरुलाई अध्यापन गराउदा उनीहरुसंग गहिरो संवाद वा बाल केन्द्रित शिक्षण-सिकाईका विधिहरुको प्रयोग गर्नुको सट्टा शिक्षकहरु प्रायः लेक्चर तरिकामा निर्भर रहन्छन्, पाठहरुको एक-एक गरी व्याख्या गर्छन् वा विद्यार्थीहरुलाई किताब हेरि गर्नुपर्ने कक्षाकार्यमा लगाउछन् (Hundley, 2011) । तर केहि बहिरा विद्यालयहरुमा धेरै संख्यामाबहिरा शिक्षकहरु रहेको हुनाले उनीहरुले द्विभाषिक शिक्षण-सिकाईका तरिकाको प्रयोग गर्न सक्छन् । यस अन्तर्गत साङ्केतिक भाषा पठनपाठनको माध्यम हुन्छ भने नेपाली भाषालाई लिखित रुपमा अभ्यास गर्न लगाईन्छ (Hundley, 2011) ।

फरक ढाँचाको भएतापनि नेपाली साङ्केतिक भाषा नेपाली भाषा जस्तै हो भन्ने सरकारी र शिक्षकहरुको बुझाईका कारण नेपालीमा सङ्केत गरेर अध्यापन गराउदा आंशिक शिक्षण हुन्छ भनि एक जना लेखक (Hoffman 2008) ले तर्क गरेका छन। माध्यमिक शिक्षा परिक्षाका लागि विद्यार्थीहरुलाई तयार पार्न र धेरै जसो सुन्ने विद्यालयहरुमा पठनपाठनको भाषा नेपालीनै भएकोले गर्दा नेपालमा रहेका बहिरा विद्यालयहरुले नेपाली भाषालाई पठनपाठन गर्ने भाषाको रुपमा तय गर्नुपर्छ (Hoffmann, 2008, p. 113)। बहिरा विद्यालयहरुले पनि अन्य विद्यालयहरुको जस्तै उहि सरकारी पाठ्यक्रमको अबलम्बन गर्नुपर्छ (Hundley, 2011)। बहिरा शिक्षकहरुले नयाँ शिक्षकहरुलाई नेपाली साङ्केतिक भाषामा भन्दा नेपाली सङ्केतमा निर्देशन दिनसक्छन्। यसले एकल भाषिक निर्देशनात्मक अभ्यासहरुलाई मलजल दिन्छ (Hoffmann, 2008, p. 136)। नेपाली साङ्केतिकभाषा-माध्यम शिक्षाले बहिरा सिकारुहरुको नेपाली भाषा लेखन कुशलतालाई प्रवर्धन गर्छ (Cummins, 2006)।**"सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course) सञ्चालन गर्ने"**अध्ययन गर्नुहोस्।

## भाषा

### बहुभाषिकता

करिब ३ करोड जनसंख्या रहेको नेपालमा १२२-१२४ वटा भाषाहरु बोलिन्छन्। नेपालको राष्ट्रिय भाषा नेपाली भएतापनी आधा भन्दा बढी जनसंख्यामा रहेका मानिसहरुले आफ्नो पहिलो भाषाको रुपमा नेपाली भन्दा भिन्नै भाषा बोल्छन् (Graif, 2018; Hoffmann, 2008; Taylor, 2014; Turin, 2005)। एक लेखकले गरेको टिपोट अनुसार नेपालमा बहुभाषिकता साझा हुदाहुदै पनि मातृभाषाको निरन्तर प्रयोग हुनुका पछाडी उक्त भाषा बोल्ने अल्पसंख्यक समुदायहरु दुर्गम स्थानमा बन्धक जस्तै भएर रहनुसंग सम्बन्धित छ (Turin 2014)। यद्यपी धेरै आदिवासीहरुले बोल्ने भाषा वा मातृभाषाहरु लोपोन्मुख हुने खतरामा छन् (Turin, 2005)। १९९१ भन्दा पहिला तत्कालिन राजतन्त्रको एक राष्ट्र-एक भाषा नीति अनुसार सबै सिकारुहरुका लागि नेपाली भाषामा शिक्षा लिनुपर्ने अनिर्वायता थियो। उक्त व्यवस्थाले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा प्रवन्धित गर्दै अन्य भाषाहरुलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरेको थियो। नेपालमा राजतन्त्रले २४० वर्षभन्दा बढी शासन गरेको थियो (Taylor, 2010a, 2010b; Turin, 2005)।

१९९१ मा नयाँ संविधान जारी भएसंगै प्राथमिक तहमा मातृभाषामा शिक्षा लिन पाउने अधिकारलाई मान्यता दिईयो (Taylor, 2010a)। उक्त अधिकारलाई बृहद शान्ति संझौता पश्चात

पुनस्थापना भएको व्यवस्थापीका-संसदले जारी गरेको अन्तरिम संविधान २००७ ले थप परिष्कृत गऱ्यो (Taylor, 2014)। नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै मातृ भाषाहरुलाई राष्ट्रिय भाषाको रुपमा मान्यता दिनुका साथै सबै बालबालिकालाई आफ्नो मातृभाषामा शिक्षा लिन पाउने अधिकारको सुनिश्चित गरेको छ। यी अधिकारहरुले अल्पसंख्यक भाषाहरु लगायत नेपाली भाषामा साक्षर बनाउदै गरीबी न्यूनीकरण गर्ने विषयसंग अन्तर–सम्बन्धित गरिएको छ (Taylor, 2014; Turin, 2005)।

## नेपाली साङ्केतिक भाषा र प्राकृतिक संकेत

साङ्केतिक भाषाको अनुसन्धानका लागि स्वादेश (Swadesh) शब्दहरुको सूची तय गरी प्रयोग गर्दा के पाईयो भने नेपाली साङ्केतिक भाषा, पाकिस्तानी साङ्केतिक भाषा र भारतीय साङ्केतिक भाषासंग सम्बन्धित भाषा वर्ग अन्तरगत पर्दछ (Woodward 1993)। उक्त निचोडलाई अर्का लेखकले चुनौति दिएका छन् (Zeshan (2003)। उक्त लेखकको भनाई अनुसार यी तीनवटा देशमा भारतीय-पाकिस्तानी साङ्केतिक भाषाका अन्तरगतका विभिन्न क्षेत्रीय उपवर्गहरुको प्रयोग गरिएको हुनसक्छ। बहिरा समुदायबाट अलग्गीएर रहेका र बहिरा समुदायसंग संकेतमा कुरा गर्न अप्ठ्यारो मान्ने वयस्क बहिराहरुलाई हेर्दा वास्तवमै नेपाली साङ्केतिक भाषा कसरी बनेको भन्ने विषयमा धेरै लेखकहरुले छलफल गरेका छन् (Graif, 2018; Hoffmann, 2008)। एक जना लेखकले उल्लेख गरे अनुसार बहिरा समुदायबाट पहिले देखिनै छुट्टिएर रहेका वयष्क बहिराहरु र नेपाली साङ्केतिक भाषाको शब्दकोश बनाउन संलग्न भएका बहिराहरु एक नदिका दुई किनारा जस्तै हुन भने काठमाडौमा रहेका बहिराहरु दुई किनाराको कतै बिचमा पर्छन् (Graif 2018)। धेरै बहिराहरुले सङ्केतमा शब्द भण्डार (Lexical) को सामेल नगर्ने भएकोले प्रभावकारी तरिकाले सञ्चार गर्दैनन् (Graif 2018)। एक-अर्कामा आदान-प्रदान गरिएको ज्ञान हरेक पुस्तक मार्फत हरेक क्षेत्र र उपक्षेत्र हुदै अगाडी बढ्दा अर्को क्षेत्रीय साङ्केतिक भाषाको रुप ग्रहण गर्छ। यस किसिमको बदलिएको नेपाली साङ्केतिक भाषाले वक्ताका कुराहरु केहि फरक रुपमा प्रस्तुत गर्ने भएकोले वक्ताको क्षमतामै प्रश्न उठाईदिन्छ (पेज १००)। जे होस नेपाली साङ्केतिक भाषाका शब्दकोशहरुले स्तरीय शब्द-संकेतको प्रतिनिधित्व गर्छन् भन्ने कुरामा विभिन्न अनुन्धानकर्ताहरुको एकमत रहेको छ र उक्त शब्द-सङ्केतहरु नेपाली साङ्केतिक भाषाका कक्षाहरुमा पनि पढाईन्छ (Graif, 2018; Hoffmann, 2008)।

नेपालमा रहेका धेरै बहिराहरुले नेपाली साङ्केतिक भाषा जान्दैनन् (Green 2014)। फरक ठाऊँमा रहेका बहिराहरुले भिन्न प्रकारका साङ्केतिक भाषा प्रयोग गर्छन् जसलाई घरेलु सङ्केत (Hoffmann 2008), वा मापदण्डरहितका सङ्केत (Graif 2018) वा प्राकृतिक सङकेत भनिन्छ ।

लेखकले प्राकृतिक सङ्केतलाई बहिरा र सुन्ने व्यक्तिहरुले प्रयोग गरेको सङ्केतहरुको सिमित सूची भनेर उल्लेख गरेका छन् (Green, 2014, p. 1) । यी प्राकृतिक सङ्केतहरुको दायरा घरभन्दा बाहिर हुन्छ र सोहि सङ्केतहरुको प्रयोग गरी सुन्ने समुदायमा सञ्चार गरिन्छ । यसैगरी आफ्नो घरपरिवारमा सुन्ने व्यक्तिहरुसंग सञ्चार गर्नका लागि प्रयोग गरिने सङ्केतहरुलाई घरेलु सङ्केत भनिन्छ । यी सङ्केतहरुलाई छुट्टिएर रहेका बहिराहरुले आफ्नो सञ्चारका लागि श्रृजना गरेका सङ्केतहरु पनि हुन । प्राकृतिक सङ्केत र घरेलु सङ्केतमा केहि भिन्नताहरु छन् । जस्तै प्राकृतिक सङ्केतहरुको श्रृजना र प्रयोग गर्न सुन्ने समुदाय पनि संलग्न हुन्छन् र उक्त सङ्केतहरु नेपालको ग्रामीण  र शहरी ईलाकामा नियमित रुपमा प्रयोग हुन्छन् । बहिरा र सुन्ने दुबै समुदायले प्रयोग गर्ने प्राकृतिक सङ्केतहरु गाऊँ अनुसार पनि फरक हुन्छन् (Green, 2014) । किनकि टोल टोलको रितिरिवाज, विवाहबारी वा श्रम रोजगारका तरिका प्रायः फरक हुने भएकोले भिन्न सङ्केतहरुको प्रयोग गर्ने गरिन्छ (Burke, Snoddon, & Wilkinson, 2016) .

नेपाली बहिराहरु आफ्नो जीवनको परिस्थिति अनुसार नेपाली साङ्केतिक भाषाका स्तरीय र आदर्श शब्द-संकेत प्रयोग गर्न प्रतिवद्ध रहेकाछन् तर सङ्केत गर्दा शब्द-सङ्केतको अभ्यासमा निक्कै नै लचक हुने कुरा एक लेखक (Green, 2014) ले व्याख्या गरेका छन् । उक्त लेखकले गरेको व्याख्या  अनुसार नेपाली साङ्केतिक भाषा भन्दा प्राकृतिक सङ् केत बढी प्रयोग हुन्छ । नेपाली साङ्केतिक भाषा प्रयोगकर्मी र अन्य संकेतकर्मी दुबैले नेपाली साङ्केतिक भाषा नजानेका व्यक्तिहरुसंग सञ्चार गर्दा प्राकृतिक सङ्केतको प्रयोग गर्दछन् । शब्द भण्डारको हिसाबले नेपाली साङ्केतिक भाषा निक्कै नै स्तरीय रहेको छ । नेपाली साङ्केतिक भाषामा सञ्चार गर्ने देश भरिका बहिराहरुले उस्तै साङ्केतिक भाषाको प्रयोग गरिएको महशुस गर्न र एक अर्काका विचारहरु बुझ्नसक्छन् (Green, 2014) । नेपाली साङ्केतिक भाषा बहिरा साथिहरु र शिक्षकहरुबाट औपचारिक शैक्षिक वातावरणमा प्रायः सिक्ने गरिन्छ भने प्राकृतिक संकेत घरपरिवार र समुदायबाट सिकिन्छ (Green, 2014) । नेपाली साङ्केतिकभाषामा शब्द-सङ्केतको व्यापकता र संचार हुन सक्ने सम्भावनाप्राकृतिक सङ्केतको तुलनामा ज्यादै बढी हुन्छ । बहिराहरुले प्रयोग गर्ने प्राकृतिक सङ्केतको संचार सम्भावना भनेको बहिरा र सुन्ने व्यक्तिहरुले के कति सङ्केतहरु बनाएका छन् भन्नेमा निर्भर गर्छ (Green, 2014) । नेपाली साङ्केतिक

भाषामा व्याकरणको प्रयोग सहितका लामा सङ्केतहरु र नेपाली साङ्केतिक भाषाको आफ्नै व्याकरण अनुसरण गर्ने छोटा सङ्केतहरुको बारेमा पनि लेखकले भिन्नता औंल्याएका छन् (Green, 2014) ।

## बहिरा समुदायको जनसंख्या

तुलनात्मक हिसाबले भन्नुपर्दा नेपालमा बहिराहरुको जनसंख्या धेरै रहेको छ । कानमा हुने संक्रमणको कारणले बहिराहरुको जनसंख्या धेरै हुन गएको हो । पूर्वाधारको अभाव र धेरै बहिराहरु देशको ग्रामीण भेगमा रहेकाले गर्दा उनीहरु नहुर्किएसम्म वा युवा नभएसम्मसामान्यतया एक अर्कामा परिचित हुन पाउदैनन् (Graif, 2018; Hoffmann, 2008) । विश्व स्वास्थ्य संगठनले २००७ मा गरेको अध्ययन अनुसार नेपालको १६ प्रतिशत जनसंख्यामा सुनाई क्षयीकरण भएको देखिन्छ (Hundley 2011 cited in World Health Organisation Report 2007) भने २०११ भएको राष्ट्रिय जीवनस्तर सर्भेक्षणले २३.४ प्रतिशत जनसंख्यामा सुनाई सम्बन्धी अपाङ्गता रहेको देखाएको छ (cited in Disability, Education and Development, 2019) । धेरै जसो बहिरा व्यक्तिहरु सुन्ने परिवारमा जन्मन्छन् (Acharya, 1997)। २०११ को जनगणना अनुसार बहिरा, सुस्त श्रवण र श्रवणदृष्टिविहिन गरी कूल ८८,७४३ जनसंख्या भएको देशमा ४,४७६ ले मात्र संकेतको प्रयोग गर्छन् । यस अन्तर्गत जम्मा ५ प्रतिशत बहिराहरुले मात्र साङ्केतिक भाषाको प्रयोग गदर्छन् (Green 2014, p. 177) ।

साङ्केतिक भाषा प्रयोग गर्ने व्यक्तिहरु मध्ये ७१७ जना शहरमा रहेका र ३,७५९ जना ग्रामीण क्षेत्रमा रहेको कुरा जनगणना २०११ ले देखाएको छ । नेपालमा करिब २५०,००० देखि १० लाखसम्म बहिरा व्यक्ति रहेको अनुमान गर्न सकिन्छ (Graif 2018) र यी मध्ये धेरै बहिराहरु विद्यालय जादैनन् (Hoffmann-Dilloway, 2011) । बहिरा बालबालिकाको संख्या र साङ्केतिक भाषाको प्रयोगको अवस्थाका बारेमा नेपालमा केहि मात्र अनुसन्धान भएको कुरा एनडीएफएनका प्रतिनिधिहरुसंग १० मार्चमा भएको बैठकमा बताए ।

सानो उमेरमै विद्यालयमा भर्ना भएका र बहिरा संघहरुको सम्पर्कमा रहेका बहिराहरु साङ्केतिक भाषा र लिखित भाषामा निक्कै नै कुशल रहेका छन् (Hoffmann, 2008) । ग्रामीण क्षेत्रमा रहेका बहिराहरुलाई बहिरा संघहरुको सदस्यता प्रदान गरी धेरै बहिराहरु रहने र सामाजिक सेवाहरु प्राप्त हुनसक्ने शहरी ईलाकामा स्थानान्तरण गरिएको पनि पाईयो (Hoffmann-Dilloway,2008, 2011) । यसरी गाऊँबाट शहरमा आई बसेका र नेपाली साङ्केतिक भाषा प्रयोग गर्न जानेका बहिराहरु आफ्नो गाऊँ फर्कन प्रायः मान्दैनन् (Hoffmann 2008, p.128) । यद्यपी १८ र १९

अप्रिलमा मकवानपुर, पर्सा र चितवन जिल्लाका शिक्षक र बहिरा संघका कार्य समिति सदस्यहरुसंग भएको अन्तर्वार्तामा बहिराहरु काठमाडौबाट आफ्नो जिल्ला वा गाउमा फर्कि बहिरा बालबालिका, विद्यालय र बहिरा समुदायलाइ सहयोग गरीरहेको पाइयो र उक्त व्यक्तिहरुलाई आफ्नौ गाउँ र ग्रामीण इलाका नै बढी महत्वपूर्ण भएको जानकारी प्राप्त भयो ।

## बहिरा संघहरु

१९९५ मा बहिराहरुको छाता संस्थाको रुपमा राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघको स्थापना भयो । उक्त महासंघको स्थापनाका लागि काठमाडौ बहिरा संघ र अन्य सातवटा जिल्ला बहिरा संघको संयुक्त रुपमा पहल गरेका थिए । स्मरणीय के छ भने काठमाडौ बहिरा संघनै बहिराहरुले औपचारीक रुपमा स्थापना गरेको नेपालकै पहिलो बहिरा संघ हो । २०११ मा राष्ट्रिय बहिरा तथा सुस्त श्रवण महासंघको नाम परिवर्तन गरी राष्ट्रिय बहिरा महासंघ बनाईयो । यसको छोटकरी नाम राष्ट्रिय अपाङ्ग महासंघ (एनएफडीएन) संग नजुधोस भन्नका लागि एनडीएफएन बनाईयो (Green, 2014) । एनडीएफएनको वेवसाईटमा ७ वटा प्रदेशमा रहेका ४४ वटा जिल्ला बहिरा संघहरुलाई आफ्ना सदस्य संस्थाको रुपमा उल्लेख गरिएको छ । जिल्ला बहिरा संघहरुले बहिरा र सुन्ने व्यक्तिहरुका लागि नेपाली साङ्केतिक भाषाका कक्षाहरुको आयोजना गर्ने कार्यमा संलग्न हुन्छन् भने एनडीएफएनले नेपाली साङ्केतिक भाषाको विकास गर्ने, मापदण्ड तोक्ने र शब्दकोश प्रकाशन सम्बन्धी कार्यहरु गर्दछ (Hoffmann, 2008) । विगतमा केहि जिल्ला बहिरा संघहरुले आफ्नै समाचारपत्र पनि प्रकाशन गर्ने गरेका थिए (Acharya, 1997) ।

## नेपाली साङ्केतिक भाषाका शब्दकोशहरु

नेपाली साङ्केतिक भाषाको स्तरीकरण परियोजना अन्तर्गत २००४ मा नेपाली साङ्केतिक भाषाको शब्दकोश प्रकाशन भयो (Graif, 2018; Green, 2014; Hoffmann, 2008; NDFN, 2019a) । ३ वटा अलग भागहरु रहेको नेपाली साङ्केतिक भाषाको शब्दकोश १९९६-१९९७ मा नै प्रकाशन गरिएको थियो (Hoffmann-Dilloway, 2011) । मार्च महिनामा अनुसन्धानकर्ताले काठमाडौ भ्रमण गर्दा एनडीएफएनद्वारा प्रस्तुत अन्तराष्ट्रिय संकेतका अक्षरहरु भएका कार्डहरु, औलाले गरिने नेपाली साङ्केतिक भाषाका औंला हिज्जे (स्वर, व्यञ्जन र संयोजन), नेपाली साङ्केतिक भाषाका अङ्क, बालबालिकाका लागि तयार गरिएको २ वटा नेपाली साङ्केतिक भाषाका शब्दकोशहरु, आधारभूत शब्द-संकेत सहितका नेपाली साङ्केतिक भाषाको क्यालेन्डर, आधारभूत र मध्यम तहका नेपाली साङ्केतिक भाषाका शब्दकाशहरुका संस्करणहरु अवलोकन गर्ने मौका मिल्यो । अनुसन्धानकर्ताले ११ मार्चमा एनडीएफएनमा भ्रमण गरेको थियो । सो

क्रममा पछि प्रकाशन गरिएको आधारभूत र मध्यम तहका शब्दकोशहरु पहिले प्रकाशन गरिएको नेपाली साङ्केतिक भाषाका शब्दकोशहरुको परिष्कृत रुप हुन भनि सो संस्थाका महासचिव सुर्य बहादुरले उल्लेख गर्नुभयो । एनडीएफएनले प्रकाशन गरेको पछिल्लो ठूलो शब्दकोशको सातौं संस्करण रहेको र सो शब्दकोश हातको आकारहरु (Hand shapes) मा आधारित रहेको छ । १८ अप्रिलमा देबनन्दन उच्च माध्यमिक विद्यालय रामनगरी पर्सा जिल्लामा भएको भ्रमणको क्रममा तीनजना छात्रहरुले नेपाली साङ्केतिक भाषा शब्दकोशको प्रयोग गर्दै यस अनुसन्धानकर्तालाई विभिन्न शब्द-सङ्केतहरु सिकाए । उक्त शब्दकोशहरु पर्सा जिल्ला बहिरा संघका अध्यक्षले एनडीएफएन, काठमाडौबाट लगि वितरण गरिएको कुरा जानकारी हुन आयो । तसर्थ एनडीएफएनद्वारा प्रकाशन गरिएको नेपाली साङ्केतिक भाषाका शब्दकोशहरु बहिरा विद्यालयका बालबालिकाको प्रयोगमा रहेको छन् भन्ने कुरा अवलोकन गरियो ।**"सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने" अध्ययन गर्नुहोस् ।**

## नेपाली साङ्केतिक भाषाका कक्षाहरु

विद्यालय जाने उमेरमा विद्यालय जान नपाएका बहिरा व्यक्तिहरुका लागि नेपाली साङ्केतिक भाषाका कक्षाहरुले बहिरा समुदायमा प्रबेश गर्ने ढोका खोल्छ (Hoffmann-Dilloway, 2011) । यस किसिमका कक्षाहरु बहिरा सिकारुहरुले अनुभव गर्ने पहिलो औपचारिक शिक्षा हुनसक्छ । यी कक्षाहरुले वयस्क बहिराहरुसंग भेटघाट गर्न र सामाजिकीकरणका लागि अवसर प्रदान गर्छन् (Green, 2014) । १९ अप्रिलमा चितवन जिल्ला बहिरा संघका संस्थापक सदस्यहरुसंग छलफल हुदा अर्को बहिरा संघले उक्त बहिरा संघका व्यक्तिहरुलाई नेपाली साङ्केतिक भाषाको तालिम दिएको कुरा जानकारी हुन आयो । काठमाडौ बहिरा संघले पहिलो साङ्केतिक भाषाको कक्षा १९९० मा आयोजना गरेको थियो र अन्य जिल्ला बहिरा संघहरुमा पनि यस प्रकृतिका नेपाली साङ्केतिक भाषाका कक्षाहरुको आयोजना गरी आएको थियो (Green, 2014) । यसै गरी विद्यालय जान नपाएका बहिरा व्यक्तिहरुलाई सिकाउनका लागि ६-१० महिनासम्मका नेपाली साङ्केतिक भाषाका कक्षाहरु पनि विभिन्न गाउँठाउँहरुमा सञ्चालन गरियो । उक्त कक्षाहरु आईतबार देखि शुक्रबारसम्म विहान केहि समयका लागि सञ्चालन गरिन्थ्यो । १९९५ मा एनडीएफएनले सञ्चालन गरेका उक्त साङ्केतिक भाषाका कक्षाहरुका लागि डेनिस सुस्त श्रवण संघको आर्थिक सहयोग गरेको थियो । नेपाली साङ्केतिक भाषाका कक्षाहरुमा खास गरी शब्द-संकेतहरु र हातका औंलाले गरिने हिज्जे लगायत देवनागरी लिपिमा नेपाली अक्षरहरु सिकाईन्छ (Green, 2014)। उक्त लेखकका अनुसार गण्डकी बहिरा संघले बहिरा बालबालिकाका अभिभावकहरुका लागि नेपाली साङ्केतिक भाषाका घुम्ती कक्षाहरु सञ्चालन गरेको थियो भने केन्द्रिय बहिरा माध्यमिक विद्यालयले सम्बन्धित गाउँमै गई बहिराहरुका अभिभावकहरुलाई यस किसिमका कक्षाहरुको आयोजना गरेको थियो । अन्य बहिरा संघका परियोजनाहरुले ग्रामीण ईलाकामा रहेका बहिरा महिलाहरु र जेष्ठ बहिराहरुलाई लक्षित गरेको थियो (Green, 2014)। **"सिफारिस**

**१०: बहिराहरुका अभिभावकहरुलाई विशिष्ट प्रकृतिका नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने" र "सिफारिस १२: बहिरा सिकारुहरुलाई पौढ साक्षरता कक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

## बहिरा सिकारुहरुका लागि साङ्केतिक भाषा-माध्यम शिक्षा

### साङ्केतिक भाषा-माध्यम शिक्षा सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरु

नेपालको शिक्षा ऐन १९७१ मा विशेष शिक्षालाई बहिरा बालबालिका लगायत दृष्टिविहिन र सिकाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई दिइने शिक्षा भनेर परिभाषित गरिएको छ (cited in Disability, Education and Development, 2019; Committee on Rights of Persons with Disabilities, 2015)। नेपालमा रहेका बहिरा विद्यालयहरुलाई कानूनी हिसाबले विशेष विद्यालय अन्तर्गत राख्दा विश्व बहिरा महासंघको समावेशी शिक्षा प्रणाली अन्तर्गत साङ्केतिक भाषा-माध्यम शिक्षामा पठनपाठन गर्ने दृष्टिकोणमा असर गर्नसक्छ (Kauppinen & Jokinen, 2014; World Federation of the Deaf, 2015) । यद्यपी विश्व बहिरा महासंघको साङ्केतिक भाषा-माध्यम शिक्षा सम्बन्धी धारणा नेपालका बहिरा संघहरुको दृष्टिकोण अनुसार नै तय हुन्छ । यसले नेपाली साङ्केतिक भाषालाई उक्त छुट्टै भाषा मानी मातृभाषा सरह शिक्षा लिन पाउनुपर्ने अधिकारलाई वकालत गरेको छ (Hoffmann, 2008)। यी तर्कहरु अन्य आदिवासी जनजातिहरु वा अल्पसंख्यकहरुलाई आफ्नै मातृभाषामा शिक्षा प्रदान गर्ने अधिकारसंग मेल खान्छ । स्मरणीय के छ भने नेपालको अन्तरिम संविधान २०६३ मा गरिएको प्रावधान अनुरुप तत्कालिन नेपाल कम्युनीष्ट पार्टी (माओवादी) को सरकारले युनेस्कोको सबैका लागि शिक्षा भन्ने नारालाई आत्मसाथ गर्दै मातृभाषामा शिक्षा दिने परियोजनाको शुरुवात गरेको थियो (Taylor, 2010a, 2010b)। मातृभाषामा शिक्षा लिन पाउने अधिकारलाई नेपालको संविधान २०७२ ले पनि सुनिश्चित गरेको छ ।

आदिवासी जनजातिहरुले मातृभाषामा शिक्षा लिने अधिकारको कुरा गर्दा केहि तनावहरु पनि आउन सक्छन् । किनकि उक्त कुरा सरकारको विकेन्द्रिकरण र क्षेत्रीय स्वायत्ततामा जोडिन जान्छ । एनडीएफएनको वकालत साङ्केतिक भाषा-माध्यम शिक्षामा केन्द्रिकृत राष्ट्रिय मापदण्डको व्यवस्थामा केन्द्रित रहेको छ (Graif, P., personal communication, March 1, 2019)। यस किसिमको तनावले गर्दा नेपाली बहिरा अधिकारकर्मीहरुलाई सीआरपीडी र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०१७ अनुसार आफ्नो कार्यलाई समिक्षा गरी पुनःनिर्धारण गर्ने तर्फ डोऱ्याएको हुनसक्छ (Graif, P., personal communication, March 1, 2019) । यसका

साथै नेपाल संयुक्त राष्ट्र संघ अन्तर्गतको एसीया आर्थिक तथा सामाजिक आयोगको सदस्य रहेको छ । उक्त आयोगले अपाङ्गता भएका व्यक्तिहरुका लागि इन्चोन रणनीति जारी गरेको छ । उक्त रणनीतिको लक्ष्य ५ मा अपाङ्गता भएका बालबालिकालाई प्रारम्भिक अवस्थामै हस्तक्षेप गर्ने र शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरिएको छ । यस अन्तर्गत  प्रगति मापन गर्नका लागि बुँदा ५.५ मा साङ्केतिक भाषामा शिक्षा पाउने बहिरा बालबालिकाको अनुपातलाई थप सूचकको रुपमा राखिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐनले सीआरपीडीमा उल्लेख गरिएका विषयवस्तुलाई राम्रोसंग अनुसरण गरेको छ । उक्त ऐनको दफा १४.३ ले बहिरा समुदायको संस्कृति र साङ्केतिक भाषाको आधारमा सांस्कृतिक र भाषिक अधिकारको सुनिश्चितता गरेको छ । यसै गरी दफा १७.२ मा साङ्केतिक भाषामा सरकारी सूचना पाउने र सञ्चार गर्ने अधिकारको सुनिश्चितता गरेको छ । दफा ३९ मा ऐन कार्यान्वयन समितिको बारेमा लेखिएको छ जहाँ दोभाषे सेवाहरु उपलब्ध गराउने र नेपाली साङ्केतिक भाषाको अनुसन्धान र विकास गर्ने कुरा उल्लेख गरिएको छ (Graif, P., personal communication, March 7, 2019) ।  यद्यपी बहिरा बालकालिकाहरुलाई अध्यापन गराउने शिक्षकहरु नेपाली साङ्केतिक भाषामा दक्ष हुनुपर्ने कुरा उक्त ऐनमा उल्लेख गरिएको छैन ।

नेपालको संविधान २०७२ मा निम्नानसारका कुराहरु संलग्न गरिएका छन्:
धारा ३१. शिक्षा सम्बन्धी हक : (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधानको धारा ३१(४) ले दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम नि : शुल्क शिक्षा पाउने हकको व्यवस्था गरेको छ ।

उक्त संविधानले विभिन्न धारा र उपधाराहरुमा भाषा,  संस्कृति र सामाजिक न्याय सम्बन्धी निम्नानुसार विशेष व्यवस्थाहरु गरेको छ:

धारा ३२. भाषा तथा संस्कृतिको हक : (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।
(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

नेपालको संविधान २०१५ मा बालबालिकाहरुको अधिकार सम्बन्धी गरिएको अर्को व्यवस्थाले एकिकृत वातावरणमा बहिरा बालबालिकाको साङ्केतिक भाषा-माध्यम शिक्षाको आवश्यकतासंग सम्बन्धित रहेको छ ।

३९. बालबालिकाको हक :
(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

**"सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०१५ को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने" र "सिफारिस २: बहिरा बालबालिकाको समावेशीशिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने"** अध्ययन गर्नुहोस् ।

## साङ्केतिक भाषा-माध्यम शिक्षाको अभ्यास

नेपालमा कक्षा १ उत्तीर्ण गरिसकेपछि मात्र सुन्ने बालबालिकाले नेपाली र अंग्रेजी लगायत आफ्नै भाषा सिक्छन् (Taylor, 2010a) । लेखक (Kangas 1995) ले टिपोग गरे अनुसार बहुभाषिक शिक्षा सफल हुनका लागि निम्नानुसारका सिद्धान्तहरुको अबलम्बन गर्नुपर्छ (नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाका असल अभ्यासहरुबाट साभार गरिएको):

- पठनपाठनको मुख्य भाषा नै पहिलो भाषा हुनुपर्छ
- एउटै पहिलो भाषा भएका बालबालिकालाई कम्तिमा पनि शुरुमा एउटै समुहमा राख्नुपर्छ
- उच्च तहको द्विभाषिकताको आशा गरिएको हुनुपर्छ
- शिक्षक अल्पसंख्यकको भाषामा अब्बल हुनपर्छ
- दोश्रो/विदेशी भाषालाई बालबालिकाको पहिलो भाषाको माध्यमबाट पढाउनुपर्छ

- विद्यालयमा अध्यापन गराईने विषयहरुका लागि पहिलो र दोश्रो दुबै भाषा अनिवार्य हुनुपर्छ (cited in Taylor, 2010a, 2010b).

लेखक (Taylor 2010b) टिपोट गरे अनुसार माथि उल्लेख गरिएका सिद्धान्तहरु संवाद र शैक्षिक भाषा कौशलताकाो अवधारणासंग जोडिएका हुन्छन् । सिकारुले के कसरी पहिलो भाषा कौशलता विकास गरी दोश्रो भाषामा शैक्षिक दक्षताको विकास गरी निरन्तरता दिनसक्छन् भन्ने कुरासंग पनि माथिका सिद्धान्तहरु गाँसिएका छन् (Cummins 1981, 2009)। सामाजिकभाषिक अवस्थाको आधारमा दोश्रो भाषामा शैक्षिक कौशलता हासिल गर्न १० वर्ष भन्दा बढी समय लाग्नसक्छ । बालबालिकालाई जति बढी समय पहिलो वा मातृभाषामा अध्यापन गराईन्छ त्यति नै बढी उनीहरुको शैक्षिक सम्पादन हुन्छ (Taylor, 2010b) । यी अभ्यासहरु सीआरपीडीको धारा २४(३) र ४ संग मेल खान्छन् । उक्त धाराहरुले साङ्केतिक भाषा सिकाइलाई प्रबर्धन गर्ने, बहिरा बालबालिकालाई उच्चतम शैक्षिक र सामाजिक विकास गर्न सबै भन्दा उपयुक्त भाषा र वातावरणमा शिक्षा दिने र साङ्केतिकभाषामा दक्ष शिक्षकहरुको नियुक्ति गर्ने कुराहरु उल्लेख गरिएको छ । यसका साथै माथिका अभ्यासहरुले सबै अल्पसंख्यक भाषा-भाषिभएका बालबालिकाको विद्यालय उपस्थिति दर बढाउछ । नेपालमा अल्पसंख्यक भाषी वा आदिवासी जनजातिबालबालिकाले प्राथमिक तहमा विद्यालय छाड्ने दर मुख्य सबालको रुपमा रहेको छ । तथ्याङ्कले देखाए अनुसार आदिवासी-जनजाति बालबालिकाले कक्षा १ मा विद्यालय छाड्ने दर ५० प्रतिशत भन्दा बढी रहेको थियो (Taylor, 2010a, 2010b)। अपाङ्गता भएका बालबालिकाको हकमा माथि उल्लेखित सवालहरु अझै बढी विकराल हुनसक्छन् जहाँ धेरै यस्ता बालबालिका विद्यालयमा भर्ना नै हुदैनन् (Human Rights Watch, 2011; United Nations, 2016)।

लेखक (Taylor, 2010a) ले निम्नानुसार कुराहरु उल्लेख गरेका छन्:

बालबालिकाले पहिलो भाषामा आधारित निर्देशनहरु प्राप्त गरेमा उनीहरुले सिकाई प्रकृयामा सांस्कृतिक वा भाषिक अवरोधहरुको महशुस गर्दैनन् । किनकी पाठ बुझ्नका लागि उनीहरुलाई खासै गाह्रो पर्दैन र अनुवादनको पनि आवश्यकता पर्दैन । सबै विद्यार्थीहरुलाई आफ्नो पहिलो भाषामा पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ र सहयोगी सामाग्रीहरुको आवश्यकता पर्छ । विद्यार्थीहरुको सिकाई उपलब्धिलाई सहि मापन गर्नका लागि मुल्याङ्कन गर्दा उपयुक्त भाषाको प्रयोग गर्नुपर्ने कुरा अर्को ध्यान दिनु पर्ने कुरा हो (पेज १४७) ।

बहिरा विद्यार्थीहरुले विद्यालयमा भर्ना नभएसम्म नेपाली साङ्केतिक भाषाको प्रयोग नगर्ने भएकोले बहिरा बालबालिकाका सबालहरु माथि उल्लेख गरिएको भन्दा केहि हदसम्म फरक हुनसक्छन् । यद्यपी बहिराहरुलाई पनि नेपाली साङ्केतिक भाषामा पठनपाठन गराउदा माथि उल्लेख गरिए जस्तै फाईदा हुन्छन् । तसर्थ लेखक Taylor (2010a, 2010b)ले ज्ञानको भण्डार पद्धति (Funds of Knowledge Approach) लाई सिफारिस गरेका छन् । यस पद्धतिमा समुदायले आफ्नो संवादमा प्रयोग हुने मुल्य र मान्यता, ज्ञानको आधारमा कार्यक्रमको मुल्याङ्कन गर्ने र सामाग्रीहरुको विकास गर्ने गर्दछन् र समुदायको आवश्यकता अनुसार ढाँचामा पनि घरेलुकरण गर्नसक्छन् । यो पद्धतिको अर्थ भनेको शिक्षकले विद्यार्थीहरुका कमजोरीहरु केलाएर व्यवहार गर्ने भन्दा उनीहरुका बलिया पक्षहरुमा ध्यान दिएर व्यवहार गर्ने र उनीहरुले घर समुदायमा पहिले नै सिकिसकेको ज्ञान र भाषालाई थप परिष्कृत गर्नुहो । नेपाली परिवेसमा आदिवासी जनजाति शिक्षकहरु र सामाग्री विकासकर्मीहरुसंग भएको पूर्व ज्ञानलाई पनि सम्मान गर्नुपर्छ (Taylor, 2010b)। यी बुँदाहरुले नेपालका बहिरा सिकारुहरुका लागि समावेशी शिक्षाको व्यवस्था गर्न परामर्श गर्नुपर्ने आवश्यकता औल्याउछ । यस किसिमका परामर्श कार्यक्रमहरुले के कति समावेशी शिक्षाका नमूनाहरु पहिले नै अभ्यासमा छन् र के कति नयाँ तौरतरिकाहरु तयार गर्नुपर्छ भन्ने कुरा तय गर्न सहयोग गर्छ बहिरा बालबालिकाको लागि उपलब्ध विभिन्न समावेशी नमूनाको सूचिका लागि (Murray, Snoddon, De Meulder, & Underwood, 2018हेर्नुहोस्)। बहिरा व्यक्तिहरु र सुन्ने शिक्षकहरुलाई पेशागत विकासका अवसरहरु प्रदान गरेमा, हालको नेपाली साङ्केतिक भाषाका श्रोतसुचिलाई सुदृढ भएमा र बहिरा समुदाय र बहिरा विद्यालयहरु बिचको साझेदारी गर्न सकेमा बहिरा बालबालिकाको शिक्षामा अझ राम्रो सहयोग गर्न सकिन्छ ।

यसका साथै लेखक (Taylor 2010b)ले परिवेश अनुसार पाठ्यक्रममा निम्नानसारका शिर्षकहरुमा स्थानीय सूचनाहरु राख्न सकिन्छ भनि सुझाएका छन :

कृषि (स्थानीय स्तरमा हुने फूल, बोटविरुवा, रुख र बीउविजनहरु), पानीको वितरण र व्यवस्थापन, पशुपंक्षीहरुको हेरचाह र उपचार, घरको आर्थिक विषय वा व्यवसाय, मिस्त्री, सिकर्मी, दक्ष ज्यामी, विजुलीबाट चल्ने यन्त्रहरु, आदिवासी/अल्पसंख्यकलाई गरिने सहयोग, जडीबुटिबाट गर्न सकिने उपचारहरु र नर्सिङ, जीव विज्ञान र गणित ।

यसका साथै उपलब्ध श्रोतहरुको दायरामा बृद्धि गर्नका लागि सिकारुहरुलाई आफ्नो पहिलो भाषामा लेखन गर्नका लागि प्रोत्साहित गर्न सकिन्छ (Taylor, 2010b) । बहिरा सिकारु र

शिक्षकहरुले भिडीयो र डिजिटल प्रविधिको प्रयोग गरीसाङ्केतिक भाषाका शब्द-सङ्केत र साहित्यको दायरालाई बढाउन सक्छन् । नेपालमा सुन्ने सिकारुहरुका लागि बहुभाषि शिक्षा सम्बन्धी यथेष्ट कार्यक्रम बनाई कार्यान्वयन गर्ने कुरा सधै श्रोतको अभावमा गुज्रीदै आएको छ (Taylor, 2010b, 2014)। उक्त समस्याले च्याउसरी उम्रेका तर सबै ठाउँमा पुग्न नसकेका र केन्द्रिय तहबाट निरिक्षण नहुने र शिक्षक तालिमको उपलब्धता नभएका बहिरा विद्यालयलाई समेत प्रभाव पार्न सक्छ (Hundley, 2011)। लेखक (Taylor 2014) ले उल्लेख गरे अनुसार केहि सवालहरुमा श्रोतको अभाव हुनसक्छ, राजनीतिक हिसाबले उत्प्रेरित गर्न सकिन्छ । स्थानीय समुदायको तल्लो तह देखिनै प्रयास गरिएमा कार्यान्वयनसंग सम्बन्धित केहि समस्याहरु संभवतह समाधान गर्न सकिन्छ ।

## भाग २: आधार-रेखा तथ्याङ्क सङ्कलन, काठमाडौमा, १०-१५ मार्च २०१९

अनुसन्धानकर्ताले ९-१६ मार्चसम्म काठमाडौको भ्रमण गरेको थियो । सो क्रममा १०-१५ मार्चको अवधिमा विभिन्न स्थानमा अवलोकन र विभिन्न व्यक्तिहरुसंग अन्तर्वाता मार्फत तथ्याङ्क संकलन गर्‍यो । उक्त हप्तामा अनुसन्धानकर्ताले एनडीएफएन र विश्व बहिरा महासंघ बिच भएको बैठकमा भाग लिने, केन्द्रिय बहिरा माध्यमिक विद्यालय र एनडीएफएनको कार्यालयमा भ्रमण गर्ने र ईन्टरनेशनल डिसेबिलिटि एलायन्सको बैठकमा सहभागी हुने जस्ता क्रियाकलाप सम्पन्न गरेको थियो । यसै गरी बहिरा शिक्षक, बहिरा संघहरु, सुन्ने शिक्षक र सरकारी अधिकारीहरुसंग गोष्ठी गर्ने र अन्तर्वाता लिने जस्ता कार्यहरु पनि सोहि हप्तामा भएका थिए । प्रतिवेदनको यो भागमा अनुसन्धानकर्ताले सम्पन्न गरेका कृयाकलापहरु र सोबाट आएका नतिजाहरुको बारेमा उल्लेख गरिएको छ ।

### एनडीएफएन र विश्व बहिरा महासंघ बिचको बैठक, १० मार्च

१० मार्चमा अनुसन्धानकर्ताले एनडीएफएनका अध्यक्ष श्री केदार प्रसाद अधिकारी र महासचिव श्री सुर्य बहादुर बुढाथोकीसंग भेट गर्‍यो । सो बैठकमा विश्व बहिरा महासंघका मानव अधिकार अधिकृत अलेक्जान्ड्रे ब्लोक्स पनि सहभागी थिए । उक्त बैठकमा एनडीएफएन प्रतिनिधिहरुले बहिरा व्यक्तिहरुले नेपाली साङ्केतिक भाषाको माध्यमबाट जाँच लिने प्रवन्ध सहित शिक्षण अनुमति पत्र पाउनुपर्ने लगायत शिक्षामा भएका विविध सवाल, लक्ष्यहरु र बहिरा शिक्षाको गुणस्तरियतामा सुधार ल्याउनु पर्ने बारेमा बताउनु भएको थियो । शिक्षण अनुमति पत्र प्राप्त गर्ने प्रकृया ज्यादै लामो र झन्झटिलो भएको पनि बताईयो । बहिरा बालबालिकालाई अध्यापन गराउन सुन्ने शिक्षकहरुमा साङ्केतिक भाषाको आवश्यक सिप नभएकोले उक्त कुरा बहिरा शिक्षाको प्रमुख चासोको रुपमा रहेको उल्लेख गरे । बहिराहरुले स्थापना गरेका र अन्य अपाङ्गता भएका व्यक्तिहरुले स्थापना गरेका संस्थाहरुको फरक फरक लक्ष्य भएको र बहिरा संस्थाहरुको

प्रमुख लक्ष्य भनेको साङ्केतिक भाषाको अधिकार र साङ्केतिक भाषा-माध्यममा शिक्षा रहेको कुरा जानकारी गराईयो । बहिरा संस्थाहरुको उक्त लक्ष्यमा अन्य अपाङ्गतामा आबद्ध संस्थाहरुले यथेष्ट रुपमा सम्बोधन नगरेको पनि उल्लेख गरियो । नेपालको अपाङ्गता क्षेत्रको छाता संस्थाको रुपमा रहेको राष्ट्रिय अपाङ्ग महासंघ (एनडीएफएन) संग पनि सहकार्य गर्न केहि समस्या भएको र एनएफडीएनले विगतका वर्षहरुमा सीआपीडी र दिगो विकासका लक्ष्यहरु सम्बन्धी आयोजना गरिएको तालिमहरुमा बहिरा संस्थाहरुलाई बहिष्करणमा पार्ने गरेको कुरा एनडीएफएनका प्रतिनिधिहरुले बताए । "**सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने","सिफारिस ४: नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परीक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने" र "सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course) सञ्चालन गर्ने"** अध्ययन गर्नुहोस् ।

यद्यपी बैठकमा उल्लेख गरिए अनुसार र अनुसन्धानकर्ताले सोही हप्तामा अवलोकन गरे अनुसार सीआरपीडी कार्यान्वयन सम्बन्धी नेपाल सरकारले पेश गरेको प्रारम्भिक प्रतिवेदन उपर सीआरपिडी समितिको प्रतिवेदन २०१८ मागरिएका सिफारिसहरु लगायतका सवालहरु कार्यान्वयनका लागि विभिन्न सरकारी अधिकारीहरु, प्रतिनिधिहरु र मन्त्रालयहरुमा भेटघाट र बैठक गर्ने कुरामा एनडीएफएन सकृय रहेको पाईयो । सीआरपीडी समितिको दफा ३४ ले साङ्केतिक भाषा अनुसन्धान केन्द्रको स्थापना र साङ्केतिक भाषाका दोभाषेहरुको प्रमाणीकरण गर्ने प्रणालीको स्थापना गर्न सिफारिस गरेको छ । उक्त प्रतिवेदनको दफा ३६(क) मा शिक्षकहरुलाई ब्रेल र साङ्केतिक भाषामा तालिम दिने भनेतापनि बहिरा विद्यार्थीहरुको लागि साङ्केतिक भाषा-माध्यममा शिक्षा भन्ने बारेमा केहि पनि उल्लेख गरेको छैन ।

## केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा भ्रमण, ११ मार्च (कृपया तस्विर १ हेर्नुहोस्)

### तस्विर १. केन्द्रिय बहिरा माध्यमिक विद्यालय, काठमाडौ

(चित्रको बारेमा व्याख्या: तीन तले क्रिम रङ्गको भवन, भवनको मूल ढोका बाहिर पट्टि फोहोरको डुङ्गुर रहेको । तेश्रो तला भन्दा मुनिपट्टि झ्यालको कौसीमा राखिएको निलो पृष्ठभूमिका सेतो अक्षरमा लेखिएको साईन बार्ड)




उक्त विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीहरुलाई भेट्नका लागि यो अनुसन्धानकर्ता करिब विहान ९:१५ बजे विद्यालयमा पुगेको थियो । कक्षा १-१० सम्मका विद्यार्थीहरुलाई संक्षिप्त रुपमा विहान १० देखि बेलुका ४ बजेको समयमा भेटेको थियो । सो विद्यालयमा सञ्चालित बि.एड. कक्षाहरुको बेलुका अवलोकन गरिएको थियो । विद्यालयमा कूल जम्मा ३८८ जना विद्यार्थीहरु रहेको र उक्त संख्या मध्ये २१८ जना छात्रहरु र १७३ जना छात्राहरु लगायत १५० जना उच्च माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरु रहेको कुरा विद्यालयका अधिकारीहरुले बताए । विद्यालयले नेपाल सरकारको पाठ्यक्रमको अनुसरण गरेको छ र त्यहाँ ६ जना बहिरा शिक्षकहरु, १ जना बहिरा सहयोगी र १६ जना सुन्ने शिक्षकहरु कार्यरत रहेका थिए । **“सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies) को कार्यान्वयन गर्ने”** अध्ययन गर्नुहोस् ।

विद्यालयको कक्षा ११ मा १७ जना विद्यार्थीहरु र १२ कक्षामा १२ जना विद्यार्थीहरु अध्ययनरत रहेका थिए । यी कक्षाहरुलाई शिक्षा संकाय -अंग्रेजी, नेपाली, शिक्षा, जनसंख्या अध्ययन र कम्प्युटर) वा व्यवस्थापन संकाय -अंग्रेजी, अर्थशास्त्र, लेखा, कम्प्युटर र बजारिकरण) मा अध्ययन गर्ने विद्यार्थीहरुको आधारमा २ वटा समुहमा विभाजन गरिएको थियो सम्बन्धित संकायमा अध्ययन गरिने विषयहरु र सो को वर्गिकरणको बारेमा विद्यालयका प्रशासकले सेतोपाटिमा लेखेर देखाउनु भयो । (तस्विर २ हेर्नुहोस्) ।

विद्यालयको कक्षा ११ मा १७ जना विद्यार्थिहरु र १२ कक्षामा १२ जना विद्यार्थिहरु अध्ययनरत रहेका थिए । यी कक्षाहरुलाई शिक्षा संकाय (अंग्रजी, नेपाली, शिक्षा, जनसंख्या अध्ययन र कम्प्युटर) वा व्यवस्थापन संकाय (अग्रेजी, अर्थशास्त्र, लेखापालन, कम्प्युटर र बजारिकरण) मा अध्ययन गर्ने विद्यार्थिहरुको आधारमा २ वटा समुहमा विभाजन गरिएको थियो संबन्धित संकायमा अध्ययन गरिने विषयहरु र सो को बर्गिकरणको बारेमा विद्यालयका प्रशासकले सेतोपाटिमा लेखेर देखाउनु भयो । (तस्विर २ हेर्नुहोस ।

**तस्विर २. कक्षा ११ र १२ अध्ययनका लागि उपलब्ध विषयहरुको सूचि**

(तस्विरको बारेमा व्याख्याः देखाईए अनुसारको सेतो पाटिमा समूह कः शिक्षा संकाय र समूह खः व्यवस्थापनमा अध्ययन गरिने विषयहरु र कालो मार्करले लेखीएका छन्):



अनुसन्धानकर्ताले कक्षा ११ र १२ का विद्यार्थीहरुसंग र लक्षित समुहमा अन्तर्वाता छलफल(Focus group interview) गरेको थियो । उक्त सहभागिहरु १८-२२ वर्ष उमेर समूहका थिए र उनीहरुलाई आफ्नो पहिलेको शैक्षिक अनुभवको बारेमा सोधिएको थियो । उनीहरु मध्ये केहि विद्यार्थीहरुले शुरु देखि नै केन्द्रिय बहिरा विद्यालयमै पढेका थिए भने अन्य विद्यार्थीहरुले प्रारम्भिक कक्षाहरु अन्यत्रका बहिरा विद्यालय अध्ययन गरी त्यहाँका विद्यालयहरुले कक्षा १० सम्मको पठनपाठन नगर्ने भएकोले पछि मात्र केन्द्रिय विद्यालयमा आएका थिए । उनीहरु मध्ये एक जना बहिरा विद्यार्थीले १० कक्षासम्मको अध्ययन मुलधारको सुन्ने विद्यालयमा गरेका कुरा बताईन् । आफ्ना पारिवारिक सदस्यहरुसंग सञ्चार गर्नका लागि प्राकृतिक संकेतको प्रयोग गर्ने गरेको कुरा धेरै जसो विद्यार्थीहरुले बताए । केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा सञ्चालित बि.एड. कार्यक्रममा अध्ययन गर्ने चाहना रहेको कुरा पनि उनीहरुले व्यक्त गरे । जागिर पाउने, विश्व-विद्यालयमा अध्ययनलाई निरन्तरता दिने र सिप विकास गर्ने कुराहरु उनीहरुको भविष्यको लक्ष्य भएको कुरा बताए । धेरै विद्यार्थीहरुको शिक्षक बन्ने चाहना रहेको पाईयो । शिक्षामा के समस्या छ भनि सोध्दा उनीहरुको साक्षरता सिपमा थप विकास गर्नुपर्ने कुरा उल्लेख गरे । यदि राम्रो लेखाई भएन भने भविष्यमा उनीहरुको अध्ययन पुरा भईसकेपछि सुन्ने व्यक्तिहरुसंग सञ्चार गर्न अप्ठ्यारो हुने कुरा एक जना विद्यार्थीले बताए । “**सिफारिस १२: बहिरा सिकारुहरुलाई प्रौढ साक्षरता कक्षा प्रदान गर्ने” र “सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने”अध्ययन गर्नुहोस् ।**

कक्षा १-१० का विद्यार्थीहरुको विद्यालय शुरु हुने समयमा प्रार्थनामा भेला भईसकेपछि तीनवटा प्रारम्भिक कक्षाहरुमा छोटो भ्रमण गरी केन्द्रिय बहिरा माध्यमिक विद्यालयका प्राचार्य श्री उपेन्द्र पराजुली, बि.एड. कार्यक्रमका प्राचार्य श्री ऋषि देवकोटा र बहिरा शिक्षक एबं पूर्व विश्व बहिरा महासंघका कार्य समिति सदस्य श्री रमेश लाल श्रेष्ठसंग बैठक सम्पन्न भयो । विद्यालयले सरकारी पाठ्यक्रम प्रयोग गर्ने सम्बन्धी प्रश्नको उत्तर दिदै उक्त पाठ्यक्रम के कति उपयुक्त छ भन्ने बारेमा थप अनुसन्धान गर्नुपर्ने कुरा बताईयो । उक्त बहिरा विद्यार्थीहरुको सिकाइ आवश्यकतालाई मध्यनजर गर्दै उक्त पाठ्यक्रमलाई परिमार्जन गर्नुपर्छ वा पर्दैन, यदि गर्नुपर्ने भएमा कसरी गर्ने भन्ने बारेमा अनसन्धानको आवश्यकता औंल्याईयो । केन्द्रिय बहिरा माध्यमिक

विद्यालयका प्राचार्यले उल्लेख गरे अनुसार बहिरा बालबालिकालाई उनीहरुको आवश्यकता सम्बोधन गर्ने स्थानीय पाठ्यक्रमको आवश्यक पर्छ । पाठ्यक्रममा लचकता हुनुका साथै बहिरा मैत्री पनि हुनुपर्छ (सो शब्द यस अनुसन्धानकर्ताले काठमाडौंमा भ्रमण गर्दा पटक पटक उठ्ने गरेको) । पाठ्यक्रमको रुपमा के आवश्यक पर्छ भन्ने बारेमा बहिरा बालबालिकालाई नै सोध्नुपर्ने कुरा बि.एड. कार्यक्रमका प्राचार्यले बताउनुभयो । बहिरा विद्यालयमा बहिरा शिक्षक हुनु महत्वपूर्ण रहेको र बहिरा शिक्षकहरुको अवस्था कानूनमा उल्लेख गरे बमोजिम अन्य सुन्ने शिक्षक सरह हुनुपर्ने कुरा बहिरा शिक्षक रमेशलाल श्रेष्ठले उल्लेख गर्नुभयो । "**सिफारिस १६: नेपाली साङ्केतिक भाषा-माध्यममा शिक्षाको अनुसन्धान र बहिरा अनुसन्धानकर्ताहरुको तालिममा सहयोग गर्ने"** अध्ययन गर्नुहोस् ।

केन्द्रिय बहिरा माध्यमिक विद्यालयका प्राचार्यले बहिरा विद्यार्थीहरुले साङ्केतिक भाषा सिकाईलाई सहज बनाउनका लागि केहि ल्यापटपको आवश्यकता रहेको कुरा औंल्याउनु भयो । उहाँले बहिरा बालबालिकाको उचित शैक्षिक विकासका लागि उनीहरुलाई आवासीय रुपमा शिक्षा दिनुपर्छ भन्ने कुरा बताउनु भयो । यस क्रममाविद्यार्थीहरुलाई आवासीय रुपमा राखी शिक्षा दिने विषयमा अभिभावकहरुबाट के कस्तो प्रतिकृया आउछ भन्ने बारेमा सोधिएको थियो । सोको प्रतिकृया स्वरुप अभिभावकले आफ्ना बहिरा बालबालिकाले शिक्षा पाउनु पर्छ भन्ने चाहना राखेको र यदि आवासीय शिक्षा भएमा अन्य बहिरा बालबालिकाले पनि सिकाउन सक्ने भनेर उल्लेख गर्नुभयो । यस क्रममा उहाँले यदि परिवारमा बहिरा बच्चाको जन्मभएमा उनीहरुका अभिभावकले साङ्केतिक भाषा सिक्ने गरेको कुरा अन्य देशहरुमा देखेको कुरा बताउनुभयो । बहिरा संघहरुले पनि बहिरा बालबालिका र अभिभावकहरु बिच घरपरिवारमा अझ राम्रो सञ्चार गर्नका लागि सहयोग गर्नुपर्ने कुरा उहाँले औंल्याउनुभयो । अभिभावकहरुलाई साङ्केतिक भाषाको तालिम दिनका लागि विगतमा एउटा डेनिस गैर सरकारी संस्थाले सहयोग गरेको भएतापनि हाल यस किसिमको तालिमका लागि आर्थिक सहयोग नहुने गरेको कुरा बहिरा शिक्षक रमेशलाल श्रेष्ठले उल्लेख गर्नुभयो । यदि साङ्केतिक भाषामा सञ्चार भएमा बहिरा बालबालिकाको साक्षरता विकास हुने कुरा थप गर्नु भयो । हाल नेपालमा बहिराका अभिभावकहरुलाई साङ्केतिक भाषाको तालिम दिन आर्थिक लगानी वा कानूनी व्यवस्था दुबै छैन । बहिरा बालबालिकाको साङ्केतिक भाषाको अधिकारलाई कानूनी मान्यता दिए पनि उक्त अधिकारलाई कसरी कार्यान्वयन गर्ने बारेमा कुनै नीति बनेको छैन् । "**सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने"**अध्ययन गर्नुहोस् ।


### *एनडीएफएनको कार्यालय भ्रमण, ११ मार्च २०१९*

अनुसन्धानकर्ताले काठमाडौको नक्सालमा रहेको केन्द्रिय बहिरा माध्यमिक विद्यालयको भ्रमण गरीसकेपछि पुतलीसडकमा रहेको एनडीएफएनको कार्यालयमा भ्रमण गर्‍यो । उक्त बैठकमा

एनडीएफएनका कोषाध्यक्ष बीर बहादुर बोगटी र कार्य समिति सदस्य अरबीन्द चौधरीसंग रहेका थिए । अरबीन्द चौधरी भारतसंग सीमा जोडिएको प्रदेश नम्बर २ मा पर्ने सप्तरी जिल्लाका बासिन्दा हुन् । एनडीएफएनका अध्यक्ष के.पी. अधिकारीले नेपालको नक्सामा ४२ वटा जिल्ला संघहरुको अवस्थिती प्रस्तुत गर्नुभयो (यद्यपी एनडीएफएनको वेवसाइटमा ४४ वटा जिल्ला बहिरा संघ उल्लेख गरिएको) । यस क्रममा उहाँले नेपालमा भौगालिक बनोटको हिसाबले तीन वटा क्षेत्रहरु; हिमालय (उच्च पहाडी), मध्य पहाडी र तराई, रहेको कुरा बताउनुभयो (चित्र ३ हेर्नुहोस) । देशको राजधानी काठमाडौ पहाडी क्षेत्रमा पर्ने र तुलनात्मक हिसाबले केहि राम्रा बहिरा विद्यालयहरु रहेको छन् । उहाँले यस अनुसन्धानकर्ताले काठमाडौ भन्दा बाहिर रहेका बहिरा विद्यालयहरु भ्रमण गरोस भन्ने चाहना राख्नुभयो ताकि काठमाडौ बाहेकका स्थानमा रहेको बहिरा शिक्षासंग सम्बन्धित समस्या र सबालहरुको बारेमा अनुसन्धानकर्तालाई राम्रो बुझाई हुनसकोस । यसै अनुसार अप्रिल महिनामा यस अनसन्धानकर्ताले काठमाडौ बाहिर ग्रामीण क्षेत्रमा रहेका धेरै बहिरा विद्यालयमा भ्रमण गऱ्यो । महासंघका कार्य समिति सदस्य अरबिन्द चौधरीको जिल्ला सप्तरीमा रहेको बहिरा विद्यालयलाई उदाहरण स्वरुप सन्दर्भको रुपमा लिएको थियो । यस क्षेत्रमा रहेका धेरै बहिरा बालबालिकाले मूलधारका सुन्ने विद्यालयमा अध्ययन गर्छन् । १०० जना सुन्ने विद्यार्थीहरु रहेको विद्यालयमा १० जना बालबालिका बहिरा श्रोत कक्षामा रहेका थिए । सुन्ने विद्यार्थीहरु विभिन्न कक्षामा अध्ययन गर्छन् र बहिरा विद्यार्थीहरुलाई भने एउटै कक्षाकोठामा अलिकति साङ्केतिक भाषा जानेका शिक्षकले अध्यापन गराउछन् । मूलधारका विद्यालयहरुलाई अझ बढी प्रबन्धित व्यवस्थित गर्दा यो क्षेत्रमा रहेको बहिरा विद्यालय दिन प्रति दिन खुम्चिदै गएको छ र सरकारी अनुदान सहयोग पनि घट्दै गएको छ । मूलधारको शिक्षाको लागि साङ्केतिक भाषा गलत हो भन्ने बुझाई छ । बहिरा बालिकाहरुलाई घट्नाको बारेमा यथार्थ बताउन र सञ्चार गर्न केहि कठिनाई हुने भएकोले सुन्ने शिक्षकहरुबाट उनीहरु माथि धेरै नै यौन शोषणभएको छ । "**सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने**"अध्ययन गर्नुहोस् ।

**चित्र ३: नेपालको नक्सा र जिल्ला बहिरा संघहरु (NDFN, 2019b).**

*(चित्रको बारेमा व्याख्या: नेपालको नक्सालाई ७ वटा विभिन्न प्रदेशमा विभाजन गरिएको छ र उक्त प्रदेशलाई ७ वटा फरक फरक रङ्गमा देखाईएको छ । रातो रङ्गको तीर जस्तो चिन्हले उक्त जिल्लामा बहिरा संघ रहेको जनाउछ ।)*




उक्त भ्रमणको समयमा नेपालमा जम्मा २२ वटा बहिरा विद्यालय रहेको बताईयो । बहिराहरुको शिक्षामा भएका समस्याहरुको बारेमा सोध्दा महासंघका अध्यक्ष केपी अधिकारीले प्रदेश नम्बर १ मा एउटा बहिरा विद्यालय र प्रदेश नम्बर २ मा २ वटा बहिरा विद्यालय रहेको उल्लेख गर्नुभयो । यसै गरी प्रदेश नम्बर ३ र ४ मा क्रमश ७ र ४ वटा बहिरा विद्यालयहरु रहेका छन् भने प्रदेश नम्बर ५ र ६ प्रत्येकमा २ वटा बहिरा विद्यालयहरु रहेका उल्लेख जानकारी दिईयो । प्रदेश नम्बर ७ मा भने एउटा पनि बहिरा विद्यालय नभएको पाईयो । यसरी जम्मा बहिरा विद्यालयको संख्या १९ वटा रहेको जानकारीमा आयो । विभिन्न प्रदेशहरुमा बहिराहरुलाई मूलधारका विद्यालयमा पनि पठनपाठन गराईको छ । बहिरा शिक्षामा रहेको प्रमुख समस्या भनेको अध्यापन गराउने शिक्षकहरुमा नेपाली साङ्केतिक भाषाको दक्षता नहुनु का साथै बहिरा बालबालिका भाषाबाट बञ्चित हुनु हो । बहिराहरुका बालबालिकाका लागि प्रारम्भिक बाल विकास कक्षाहरु र उनीहरुका अभिभावकहरुका लागि साङ्केतिक भाषा र लगानीको व्यवस्था हुनुपर्छ । "**सिफारिस ९: बहिरा बालबालिकालाई प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरुलाई नेपाली साङ्केतिक भाषा-माध्यममा प्रदान गर्ने**" र "**सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने**" अध्ययन गर्नुहोस् ।

नेपालका करिब १० वटा बलिया बहिरा संघहरुले १५-१७ वर्ष उमेरका बहिराहरुलाई साङ्केतिक भाषाको तालिम दिएको कुरा एनडीएफएनका महासचिव सुर्य बहादुरले उल्लेख गर्नुभयो । उहाँले

नेपाल सरकार र अष्ट्रेलियन राजदुताबासको सहयोगमा एनडीएफएनले उत्पादन गरेका बहिरा बालबालिका र वयष्कहरुसंग सम्बन्धित साङ्केतिक भाषाका शब्दकोशहरु, क्यालेन्डर र हिज्जे कार्डहरु प्रस्तुत गर्नुभयो । साङ्केतिक भाषाका शब्दकोशहरुमा शब्द-भण्डार (Lexical) समावेश गर्नका लागि बहिरा विद्यालयहरु र बहिरा संघहरु एक-आपसमा बैठक गरिएको कुरा उहाँले उल्लेख गर्नुभयो । विभिन्न क्षेत्रहरुमा रहेको सङ्केतहरुको विविधतालाई प्रतिविम्बित गर्दै आधारभूत र मध्यम तहका शब्दकोषहरुले एउटै शब्द वा अवधारणाका लागि विभिन्न संकेतहरु संलग्न गरेका छन् । "**सिफारिस १५: नेपाली सांकतिक भाषा-माध्यममा शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने**" अध्ययन गर्नुहोस् ।

### *१२ मार्चमा पिटर ग्रेफ (Peter Graif) र उत्तम महर्जनसंगको बैठक*

१२ मार्चको बिहान यस अनुसन्धानकर्ताले ओपेन ईन्स्टिटट्युट फर सोसीयल साईन्स (Open Institute for Social Soience) पिटर ग्रेफ र उत्तम महर्जनसंग भेटघाट गर्‌यो । उक्त ईन्स्टिटट्युटले नेपालका विश्व विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको अनुसन्धानका आवश्यकताहरुलाई सम्बोधन गरी अझ राम्रो तरिकाले अनुसन्धान गर्नका लागि स्थापना गरिएको संस्था हो । यस संस्थाले धेरै जसो नेपाली नागरिकहरुलाई रोजगार दिएको छ र उनीहरु स्नातक तह पनि उत्तीर्ण गरेका छन् । उनीहरुले अनुसन्धानका तरिका सम्बन्धी तालिम प्राप्त गरिसकेपछि डिप्लोमा तहको प्रमाण पत्र पाउछन् । बैठकमा छलफल भए अनुसार नेपालको शिक्षा प्रणालीले सुन्ने र बहिरा सिकारुहरुलाई घोकन्ते सिकाईमा जोड दिन्छ । अन्ततोगत्वा शिक्षण-सिकाई विधि माथि देखि तल (Top down) र निर्देशनात्मक हुन गई नेपाली साङ्केतिक भाषाको शिक्षण विधि, स्तरीकरण, शब्दकोश उत्पादन र शब्द सिकाईमा प्रभाव पार्छ । बहिरा विद्यालयमा अझ बढी प्रभावकारी तरिकाले साङ्केतिक भाषा सिकाउनका र दोभाषेहरुको तालिमका लागि परिक्षणजन्य पद्धतिको आवश्यक पर्ने कुरा पिटर ग्रेफले बताउनु भयो । नेपाली बहिरा समुदायमा सिप विकासको आवश्यकता रहेको छ ताकि धेरै व्यक्तिहरुमा नेपाली साङ्केतिक भाषाको कौशलता र विषयवस्तुको ज्ञान हुनसकोस् । "**सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने**"अध्ययन गर्नुहोस् ।

बहिरा शिक्षामा सामना गर्नु परेका समस्याहरुको बारेमा छलफल गर्दा नेपालका केहि हिमाली भेगहरुमा बहिरा शिक्षकहरु वा शिक्षण सामाग्रीहरु नभएको र विद्यार्थीहरुलाई विद्यालयसम्म जानका लागि यात्रा गर्न जोखिम भएको कुरा उत्तम महर्जनले बताउनुभयो । यी भेगहरुमा रहेका मानिसहरुसंग प्राय: यातायातका साधन नहुने हुँदा उनीहरुका अभिभावकहरुले आफ्ना

बालबालिका घरमै बसी खेतिकिसानी र अन्य काममा सघाउन भन्ने चाहन्छन् । केन्द्रिय बहिरा माध्यमिक विद्यालयका प्राचार्यले भने जस्तै उत्तम महर्जनले पनि बहिरा बालबालिकालाई आवासीय शिक्षा दिनका लागि थप लगानीको आवश्यकता भएको कुरा औंल्याउनु भयो । यस क्रममा उहाँले एक जना हिमाली क्षेत्रबाट केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा भर्ना भई आवासीय शिक्षा लिएकी बहिरा छात्राको उदाहरुण दिनुभयो । उक्त छात्राले अहिले बी.एड.उत्तीर्ण गरीसकेकी छन् । “**सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०१५ को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने** ”अध्ययन गर्नुहोस् ।

## *समावेशी शिक्षामा आईडीएको उल्लेखनीय शुरुवात, १२-१४ मार्चमा भएको प्राविधिक गोष्ठी*

१२ मार्चमा आधा दिनका लागि भएको गोष्ठीले यस अनुसन्धानकर्तालाई पृष्ठभूमिमा रहेका केहि महत्वपूर्ण जानकारी प्रदान गर्‍यो । उक्त गोष्ठी दिगो विकासका लक्ष्यहरु कार्यान्वयन गर्नका लागि अपाङ्गता उत्प्रेरक कार्यक्रम (Disability Catalyst Program) रहेको थियो । यसलाई आईडीए र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागले आर्थिक सहयोग गरी अपाङ्गता भएका व्यक्तिहरुले स्थापना गरेका संस्थाहरु-डिपीओको नेतृत्वमा सञ्चालित थियो । २०३० भित्रमा के काम गरेमा दिगो विकासको लक्ष्य ४ अन्तर्गत सामवेशी गुणस्तरीय शिक्षा हासिल गर्न सकिन्छ भन्ने विषयमा प्रमाणको अभाव थियो । यस अन्तगत कम र मध्यम आय भएका देशहरुको वास्तविक अवस्था अनुसार सीआरपीडीको मापदण्ड अनुरुप नीतिगत व्यवस्था गर्ने लगायतका कुराहरु थिए । यसै गरी विद्यालय बाहिर रहेका बालबालिका, विद्यालयमा गुणस्तरीय सेवाहरु र नतिजाहरुसंग सम्बन्धित सवालहरु पनि उठेका थिए । सीआरपीडीको मातहतमा रहि २०३० भित्र के कसरी दिगो विकासको लक्ष्य ४ प्राप्त गर्न सकिन्छ भन्ने बारेमा डिपीओहरुले स्पष्ट सिफारिसहरु दिनुपर्छ । दिगो विकासका लक्ष्य हासिल गर्न ल्याउनु पर्ने नतिजा र सो का लागि चाल्नु पर्ने कदमका बारेमा समूह कार्यका लागि सहभागीहरुलाई अपाङ्गताको वर्ग विशेष अनुरुप विभाजन गरिएको थियो ।

बहिराहरु सम्मिलित समुह छलफलमा बहिरा व्यक्तिहरुले शिक्षण अनुमति पत्रको परिक्षा उत्तीर्ण गरेको सुनिश्चित गर्न र बढी भन्दा बढी बहिरा शिक्षकहरुलाई तालिम दिन शिक्षण अनुमति

पत्रको परिक्षालाई साङ्केतिक भाषामा लिनुपर्ने कुरा सुर्य बहादुरले उल्लेख गर्नुभयो । नेपालको संविधान २०७२ मा व्यवस्था गरे बमोजिम, बहिरा व्यक्तिहरुको साङ्केतिक भाषाको अधिकारको सम्बन्धमा केपी अधिकारीले अझ बढी अनुसन्धान, र विकाशगरी साङ्केतिक भाषामा शिक्षक तालिम दिनुपर्ने कुरा बताउनुभयो । उहाँले सीआपीडी समिति २०१८ को प्रतिवेदनमा सिफारिस गरिए बमोजिम नेपाली साङ्केतिक भाषाका अनुसन्धान केन्द्रको स्थापना गर्न सुझाउनु भयो । "**सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने**", "**सिफारिस ४: नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने**" र "**सिफारिस १६: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको अनुसन्धान र बहिरा अनुसन्धानकर्ताहरुको तालिममा सहयोग गर्ने**" अध्ययन गर्नुहोस् ।

त्यस पछि उक्त बहिरा समूहले बहिरा शिक्षाका नमुनाहरुको बारेमा छलफल गऱ्यो । सो क्रममा केपी अधिकारीले निम्नानुसार कुरा बताउनु भयो । नेपालमा बहिरा बालबालिकालाई दुई परिवेसमा अध्ययन गराइन्छ, कित बहिरा विद्यालयमा वा मूलधारको विद्यालयको श्रोत कक्षामा अध्ययन गर्ने बालबालिकाका लागि आवासीय सुविधा प्रदान गरिन्छ र दिनभर उनीहरु जुनसुकै कक्षाका भएपनि एउटै कक्षाकोठामा एक जना शिक्षकसंग पठनपाठन गर्छन । श्रोत कक्षाहरुले भन्दा बहिरा विद्यालयहरुले अझ राम्रो गुणस्तरीय शिक्षा दिन्छन् । यस क्रममा उहाँले बाग्लुङ्गमा रहेको धौलागरी आवासीय बहिरा विद्यालयले सुन्ने विद्यार्थीहरुलाई भर्ना गरी बहिरा र सुन्ने दुबै एउटै कक्षाकोठामा रहि साङ्केतिक भाषामा अध्ययन गर्ने गरेको नमूना पेश गर्नुभयो । उक्त विद्यालयले कक्षा १-१२ लगायत कम्प्युटर विषयमा डिप्लोमा तहसम्मको पठनपाठन गराउछ । उहाँले केन्द्रिय बहिरा माध्यमिक विद्यालय काठमाडौले नियमित कक्षा लगायत ११ र १२ कक्षा, बि.एड. कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले निक्कै नै बढी बोझ थपिएको कुरा बताउनु भयो । तसर्थ थप पाँचवटा यस्तै विद्यालयको आवश्यकता हुनसक्छ । यसका साथै बहिरा बालबालिकाका लागि प्रारम्भिक बाल विकास कक्षाहरुको आवश्यकता रहेको कुरा उहाँले औंल्याउनुभयो । "**सिफारिस ९: बहिरा बालबालिकालाई प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु नेपाली साङ्केतिक भाषा-माध्यममा प्रदान गर्ने""सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

१३ मार्चमा विभिन्न अपाङ्गताको वर्ग विशेषका डिपीओहरुले आफ्नो समूहमा भएको छलफलको निचोड सहित विभिन्न सिफारिसहरु प्रस्तुत गर्नुभयो । बहिरा समूहले नेपालको बहिरा शिक्षाको पृष्ठभूमी सहित २०३० सम्म दिगो विकासको लक्ष्य हासिल गर्नका लागि चाहिने मार्ग चित्र

सहितको प्रस्तुतीकरण गऱ्यो । यो गोष्ठीबाट के कुरा स्पष्ट भयो भने नेपाली डिपिओहरुले एनडीएफएन र विश्व बहिरा महासंघले भने झैं बहिरा बालबालिकालाई अलग्गै राखेर शिक्षक र साथिहरुसंग साङ्केतिक भाषामा समावेशी र समतामूलक शिक्षा दिनुभन्दा साङ्केतिका भाषाको माध्यमबाट मूलधारका विद्यालयमा शिक्षा दिनुपर्ने चाहना राख्दा रहेछन् । **"सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने"** अध्ययन गर्नुहोस् ।

### *बहिरा शिक्षकहरु र बहिरा संघहरुसंगको गोष्ठी, १५ मार्च २०१९*

१५ मार्चको गोष्ठी आयोजना गर्नु अगाडीनै सो गोष्ठीमा सहभागी हुनका लागि काठमाडौ बहिरा संघ, भक्तपुर बहिरा संघ र ललितपुर बहिरा संघका प्रतिनिधिहरु लगायत केन्द्रिय बहिरा माध्यमिक विद्यालयबाट ६ जना बहिरा शिक्षकहरु, भक्तपुर र काभ्रेका बहिरा विद्यालयहरु प्रत्येक बाट १-१ जना बहिरा शिक्षकहरुलाई आमन्त्रण गरिएको कुरा एनडीएफएनका श्री केपी अधिकारीले बताउनु भयो । यस क्रममा भारतको विश्वविद्यालयमा अध्ययन गरेका २ जना नेपाली बहिराहरुलाई पनि गोष्ठीमा बोलाईएको थियो । उपस्थितिमा निम्नानुसारका सहभागीहरु रहेका थिए:

- शिखा प्रधान, ललितपुरमा रहेका बहिरा महिलाहरुलाई साङ्केतिक भाषा पढाउने
- सत्यदेवि वाग्ले, काठमाडौ बहिरा संघको अध्यक्ष, केन्द्रिय बहिरा माध्यमिक विद्यालयको व्यवस्थापन समिति सदस्य
- अन्जु गुरुङ, काठमाडौ बहिरा संघको कार्य समिति सदस्य र जुम्ला बहिरा विद्यालयको शिक्षक
- बीर बहादुर गुरुङ र रमेश लाल श्रेष्ठ, शिक्षक केन्द्रिय बहिरा माध्यमिक विद्यालय
- दिनेश पनेरु, अध्यक्ष, कैलाली बहिरा संघ, कार्य समिति सदस्य, एनडीएफएन
- कुल प्रसाद भट्टराई, शिक्षक केन्द्रियबहिरा माध्यमिक विद्यालय
- सिद्धार्थ केसी, बि.एड उत्तीर्ण व्यक्ति, पहिले भारतमा रहेको बहिरा विद्यालयमा शिक्षकको रुपमा काम गरेका र हाल भक्तपुर बहिरा संघको कार्य समिति सदस्य
- बीर बहादुर बोगटि, सोविता पौडेल, यशोदा गौतम, शारदा श्रेष्ठ र सुर्य बहादुर, एनडीएफएन

अनुसन्धान परियोजनाको बारेमा जानकारी दिनअनुसन्धानकर्ताले गोष्ठीको शुरुवात गर्नुभयो । त्यसपछि सहभागीलाई निम्न ३ वटा प्रश्नहरु सोध्नुभयो:

१. नेपालको बहिरा शिक्षामा रहेका प्रमुख समस्याहरु के के हुन् ?
२. के के कुराहरु राम्रा छन् ?
३. के कुरामा परिवर्तन भएको देख्न चाहनुहुन्छ ?

माथिका प्रश्नहरु मा छलफल गरी बुँदागत रुपमा तयार गर्नका लागि सहभागीहरुलाई तीन वटा साना समूहमा विभाजन गरियो । गोष्ठीको अन्त्यमा उक्त सूचिलाई अंग्रेजीमा अनुवादन गर्नका लागि एनडीएफएनलाई अनुरोध गरियो । सहभागीहरुले उठाएका साझा विषयहरु निम्नानुसार संक्षेपमा प्रस्तुत गरिएको छ ।

सहभागीहरुले बहिरा शिक्षामा रहेका समस्याहरुलाई सम्बन्धित विषय अन्तर्गत निम्नानुसार व्याख्या गरे :

- **शिक्षण-सिकाई (Pedagogy) संग सम्बन्धित समस्याहरु:** शिक्षकहरुले सकृय सिकाई हुने तरिकाले सहजीकरण नगरी घोकन्ते सिकाई प्रकृयाका अपनाउछन् । श्रोत कक्षाहरुमा शिक्षकहरुले पाठ्यक्रम पढाउन ध्यान केन्द्रित गर्दैनन् । यसको साटो केवल समय बिताउनका लागि विद्यार्थीहरुलाई विनाअर्थका कृयाकलापहरुमा संलग्न गराउछन् । सुन्ने शिक्षकहरुले बहिरा विद्यार्थीहरुका प्रश्नहरुको उत्तर दिनुको साटो सेतोपाटीमा लेखी विद्यार्थीहरुलाई कापीमा उतार्न लगाउछन् । शिक्षकहरुले शब्दावलीहरुको प्रयोग नगरी केबल बोर्डमा मात्र लेख्ने गर्छन् ।
- **नीतिगत समस्या:** बहिरा विद्यालयमा अध्यापन गराउने शिक्षकहरुको साङ्केतिक भाषा कौशलताको बारेमा कुनै पनि योग्यताहरु तोकिएको छैन । शिक्षक विद्यार्थी अनुपातको कुनै मापदण्ड छैन । आवासीय सुविधाहरुको बारेमा पनि कुनै मापदण्ड छैनन् । बहिरा सिकारुहरुले मुलधारका विद्यालयमा पढ्न चाहेमा सोसंग सम्बन्धित स्पष्ट नीति छैन् । अपाङ्गता छात्रवृत्ति पनि बजेटको उपलब्धता अनुसार फरक फरक रहेको छ र छात्रवृत्ति कस्ले प्राप्त गर्ने भन्ने पनि स्पष्ट छैन (गरीव भए पनि क्षमतावान छ भने उसले छात्रवृत्ति नपाउन सक्छ) ।

- **प्रशासकीय समस्याः** विद्यार्थीहरुका आवश्यकताहरुको बारेमा छलफल गर्नका लागि विद्यालय व्यवस्थापन समितिको नियमित बैठक हुदैन । बैठक भईरहेको समयमा सुन्ने शिक्षकहरु र विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले साङ्केतिक भाषाको प्रयोग गर्दैनन् केबल बोल्छन् मात्रै ।

- **आवाससंग सम्बन्धित समस्याहरुः** बहिरा विद्यार्थीहरुलाई कक्षा १ देखि विश्वविद्यालय तहको अध्यय गर्न दोभाषेको व्यवस्था गरिएको छैन । अरु अपाङ्गतासंग सम्बन्धितविद्यार्थीहरु जस्तै दृष्टिविहिन, ले आवासीय सुविधा र परिक्षा लिदा थप समय प्राप्त गर्छन्  तर बहिरा विद्यार्थीहरुलाई दोभाषेहरुको व्यवस्था नगरिएकोले परिक्षाको समयमा प्रश्नहरु सोध्ने र स्पष्ट हुने मौका समेत पाईदैन । परिक्षा लिदा बहिरा विद्यार्थीहरुले थप समय पनि पाउदैनन् । पहुँच नभएकोले गर्दा बहिरा विद्यार्थीहरुले उच्च शिक्षा अध्ययन गर्दा व्यापक दायराका विषयहरुबाट छनोट गर्न नपाएको

- **शिक्षक नियुक्ति, तालिम र बढुवासंग सम्बन्धित समस्याहरुः** सरकारले बहिरा शिक्षामा गुणस्तरीयता ल्याउने बारेमा खासै ध्यान केन्द्रित गरेको छैन । त्यसकारण बहिरा विद्यार्थीहरुलाई अध्यापन गराउने शिक्षकहरु प्रायः योग्य छैनन् । सुन्ने शिक्षकहरुमा पर्याप्त साङ्केतिक भाषाको सिप छैन् । यी शिक्षकहरुले प्रायः शिक्षकमा नियुक्त भईसकेपछि साङ्केतिक भाषा सिक्न शुरु गर्छन् । शिक्षक नियुक्ति प्रकृया निष्पक्ष छैन र शिक्षक छनोट गर्दा पक्षपात गरी आफ्ना मानिसलाई नियुक्ति दिइन्छ । बहिरा विद्यार्थीहरुलाई पढाउने शिक्षकहरुलाई तालिम वा पेशागत विकासको मौका दिईदैन र शिक्षकको सम्पादन मुल्याङ्कन गर्ने परिपाटि पनि छैन । बहिरा शिक्षकर्ले बढुवा हुने मौका पाउदैनन् । उनीहरुले कक्षा ८ भन्दा माथि पढाउन पाउदैनन् । विद्यालयको प्राचार्य हुनका लागि बहिरा शिक्षकहरुलाई मौका दिईदैन ।

- **श्रोत कक्षाहरुसंग सम्बन्धित समस्याहरुः** श्रोत कक्षाहरुमा शिक्षक वा विद्यार्थीहरुका लागि थोरै मात्र साङ्केतिका भाषाका सामाग्रीहरु हुन्छन् भने सामान्यतया शिक्षण सामाग्रीहरु हुदैनन् भन्दा पनि हुन्छ । बहिरा विद्यालय, कक्षाकोठाहरु, पाठ्यपुस्तकहरु र पोशाक बहिरा सिकारुको आवश्यकता अनुसार तय भएका छैनन् । बहिरा विद्यार्थीहरुलाई विषय वा संकाय छनोट गर्न सिमिति मात्र विकल्पहरु रहेका छन् । कम्प्युरटर कसरी चलाउने भन्ने बारेमा पनि बहिरा विद्यार्थीहरुले तालिम पाउदैनन् । कक्षाकोठाहरु र विद्यालयका

पूर्वाधारहरु पनि बहिरा मैत्री छैनन् । प्रोजेक्टर, कम्प्युटर र स्मार्टबोर्ड जस्ता डिजिटल प्रविधिहरुको प्रयोग कमै मात्र भएको छ । बहिरा विद्यार्थीहरुको लागि यथेष्ट आवासीय सुविधाहरु तय भएका छैनन् ।

- **भाषागत वञ्चितिकरण र विद्यालय तयारीसंग सम्बन्धित समस्याहरुः** एक जना सहभागीले भने अनुसार बहिरा बालबालिकाले कानूनत ४ वा ५ वर्षको उमेरमा कक्षा १ मा पढ्न पाउछन तर उनीहरुले विद्यालय शुरु गर्ने उमेरमा भाषाको विकास गर्न पाएकै हुदैनन् । बालबालिकाको भाषा सिप र ज्ञानको खाडललाई परिपुर्ति गर्नका लागि बहिरा विद्यालयहरुनै जिम्मेवार हुनुपर्छ ताकि उनीहरुले कक्षा १ मा भर्ना हुदाँ आवश्यक योग्यताहरु पुरा गरेका होउन् । यी आवश्यकताहरु पूरा गर्नका लागि बहिरा बालबालिकालाई ३ वर्षको पूर्वतयारी कक्षाको आवश्यकता पर्छ । केन्द्रिय बहिरा माध्यमिक विद्यालयले कक्षा १ मा भर्ना हुनुपूर्व ३ वर्षका पूर्व तयारी कक्षा सञ्चालन गर्छ भने पोखरामा रहेको बहिरा विद्यालयले १ वर्षे पूर्व तयारी कक्षा सञ्चालन गर्छ ।

**“सिफारिस १ः बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०१५ को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने”, “सिफारिस २ः बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने”, “सिफारिस ३ः नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने” “सिफारिस ५ः पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies) को कार्यान्वयन गर्ने”, “सिफारिस ९ः बहिरा बालबालिकालाई प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु नेपाली साङ्केतिक भाषा-माध्यममा प्रदान गर्ने”, “सिफारिस १३ः विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने” र “सिफारिस १५ः नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने”** अध्ययन गर्नुहोस् ।

नेपालमा बहिरा शिक्षाको बारेमा रहेका सकारात्मक पक्षहरुलाई समूहले निम्नानुसार उल्लेख गर्‍यो

- **पहुँच बढेकोः** बहिरा बालबालिकाले प्राथमिक तह देखि बि.एडसम्म साङ्केतिक भाषामा शिक्षा प्राप्त गर्न सक्छन् । बहिरा सिकारुहरुका लागिविश्वविद्यालय तहसम्मको शिक्षा नि : शुल्क रुपमा उपलब्ध छ । श्रोत कक्षामा भर्ना हुने बहिरा विद्यालर्थीहरुले आफ्नो आवास खर्च वापत पनि छात्रवृति पाउछन् ।

- **श्रोतहरुमा वृद्धि भएको:** केहि बहिरा विद्यालयहरुले बढी भन्दा बढी प्रविधिहरु (कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड) र प्रविधिको बारेमा पठनपाठन शुरु गरेका छन् । एनडीएफएनले बालबालिकाका लागि साङ्केतिक भाषाको शब्दकोश प्रकाशन गरेको छ भने बहिरा विद्यालयहरुलाई अन्य सहयोग पनि प्रदान गर्छ । हाल बहिरा विद्यालयमा पहिले भन्दा बढी बहिरा शिक्षकहरु रहेका छन् ।

- **पाठ्यक्रममा विकास भएको:** नेपालको संविधान २०७२ जारी भईसकेपछि बहिरा विद्यार्थीहरुले बहिरा विद्यालयमा पढ्ने वा मूलधारका विद्यालयमा पढ्ने सोको छनोट गर्ने अधिकार छ। साङ्केतिक भाषालाई मातृभाषाको रुपमा कानूनी मान्यता दिईएको छ भने प्राथमिक विद्यालयहरुमा कक्षा ५ सम्म मातृभाषामा शिक्षा दिने व्यवस्था रहेको छ ।

सहभागीहरुलाई बहिरा शिक्षा सम्बन्धी आफूहरुले देख्न चाहेका कुनै परिवर्तनको बारेमा सोधिएको थियो । उक्त विषयमा सबै सहभागीहरुले करिब उस्तै सबाल उठाए:

- **शिक्षकको बढुवा र शिक्षण अनुमति पत्रमा परिवर्तन:** बहिरा शिक्षकहरुले कक्षा ९ र माथिका कक्षाहरुमा पठनपाठन गर्न र विद्यालयको प्राचार्यमा बढुवा हुनु पाउनुपर्ने चाहना रहेको कुरा एउटा समूहले उल्लेख गऱ्यो । बहिरा शिक्षकहरुले पनि सुन्ने शिक्षक सरह उपयुक्त विधिद्वारा शिक्षण अनुमति पत्र पाउनुपर्ने कुरा अर्को समूहले उठायो ।

- **सक्षम/सिपयुक्त बहिरा शिक्षकलाई टिकाउने र नयाँ शिक्षकहरुलाई तालिम दिने:** हाल अध्यापनरत र लामो समयको अनुभव भएका बहिरा शिक्षकहरुलाई उनीहरुको बि.एड डिग्री नभएतापनि सरकारले टिकाएर राख्ने छ भन्ने आफूले आशा राखेको कुरा एक जना बहिरा शिक्षकले बताउनुभयो । शिक्षक बन्नका लागि कानूनत १५ कक्षा वा शिक्षा संकायमा स्नातक तह (बि.एड) उत्तीर्ण गरेको हुनुपर्छ । बहिरा विद्यार्थीहरुलाई अध्यापन गराउने सुन्ने शिक्षकहरु साङ्केतिक भाषामा दक्ष हुनुपर्ने कुरा पनि उक्त समुहले उल्लेख गऱ्यो ।

- **बहिरा विद्यार्थीहरुलाई थप अवसरहरु प्रदान गर्ने:** बहिरा विद्यार्थीहरुले विद्यालय तह उत्तीर्ण गरीसकेपछि राम्रो रोजगार पाउनुपर्ने चाहना रहेको कुरा एउटा समूहले बतायो । बहिरा विश्वविद्यालय र साङ्केतिक भाषा अनुसन्धान केन्द्रको स्थापना र बहिरा मैत्री शिक्षक तालिमको चाहना रहेको कुरा पनि सो समूहले उल्लेख गऱ्यो । उक्त परिवर्तनहरु ल्याउनका लागि नेपाल सरकारले एनडीएफएनसंग नीतिगत तहमा कार्य गर्नैपर्छ ।

- **साङ्केतिक भाषाको शिक्षण र पाठ्यक्रममा विस्तारः** बहिरा बालबालिकाका अभिभावकहरुलाई साङ्केतिक भाषा सिक्नका लागि अभिप्रेरित गर्नुपर्छ र साङ्केतिक भाषालाई विद्यालयको एक छुट्टै विषयको रुपमा पठनपाठन गर्नुपर्छ ।

**"सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने", "सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies) को कार्यान्वयन गर्ने" "सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course) सञ्चालन गर्ने", "सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने", "सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने" र "सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने"** अध्ययन गर्नुहोस् ।

## *सुन्ने शिक्षकहरु र शिक्षाका अधिकारीहरुसंग गोष्ठी, १५ मार्च २०१९*

उक्त गोष्ठी आयोजना गर्नु अगाडी नै सो गोष्ठीका सहभागी हुनका लागि केन्द्रिय बहिरा माध्यमिक विद्यालय र काभ्रे बहिरा विद्यालयबाट क्रमश ६ र १ जना सुन्ने शिक्षक, २ जना शिक्षा संयोजकहरु र शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्र दुबैबाट १-१ जना प्रतिनिधिहरु आमन्त्रण गरिएको कुरा एनडीएफएनका केपी अधिकारीले बताउनु भयो । उपस्थिति पुस्तिकामा निम्नानुसारका सहभागीहरु रहेका थिए:

- उपेन्द्र पराजुली, प्राचार्य, केन्द्रिय बहिरा माध्यमिक विद्यालय ऋषी देबकोटा प्राचार्य बि.एड कार्यक्रम, सन्तोष चौधरी शिक्षक, टिकाराम अनार्वा शिक्षक र राज कुमार चौधरी शिक्षक
- युक्त प्रसाद शर्मा, उप-सचिव/शिक्षा संयोजक
- बैकुण्ठ आचार्य, शिक्षा मन्त्रालय (पूर्व शाखा प्रमुख समावेशी शिक्षा शाखा, शिक्षा विभाग)
- दिव्या दवाडी, सह-प्रवक्ता एवं सञ्चार अधिकृत, शिक्षा मन्त्रालय
- नारद धमला, शाखा अधिकृत, समावेशी शाखा, शिक्षा विभाग

सहभागीहरु बिच परिचय गरियो । सो पश्चात छलफलका लागि नेपालको बहिरा शिक्षा सम्बन्धी माथि उल्लेख गरिएको ३ वटा प्रश्नहरुमा सहभागीहरु बिच छलफलका लागि प्रस्तुत गरियो ।

यस भन्दा अगाडि बहिरा शिक्षकहरु र बहिरा संघहरु बिच भएको गोष्ठीमा प्राय: सबै सहभागीहरुले करिब उस्तै धारणा र सवालहरु उठाएका थिए यद्यपी यो गोष्ठीमा सहभागीहरुले उठाएका सवालहरुमा केहि विविधता देखियो । यी विविधता आउनुमा बहिरा शिक्षा प्रति सहभागीहरुको भिन्न भिन्न तहको अनुभव र संलग्नताले गर्दा भएको हुनसक्छ । उक्त गोष्ठीमा विद्यालय प्रशासक, शिक्षक र शिक्षाका अधिकारीहरु संलग्न थिए । सहभागीहरुलाई अलग अलग समूहमा विभाजन नगरी सबै सहभागीहरुलाई लक्षित समूह छलफलको विधिद्वारा विचार संकलन गरियो । केन्द्रिय बहिरा माध्यमिक विद्यालय स्थापनासंगै नेपालको बहिरा शिक्षाले ५वर्षको अवधि पार गरेको कुरा उक्त विद्यालयका प्राचार्य र बि.एड कार्यक्रमका प्राचार्यले उल्लेख गर्नुभयो । शुरुवाति अवस्थामा विद्यालयको दर्शन वा बहिरा शिक्षाको दर्शन बहिराहरुलाई बोलेर पढाउनु पर्छ भन्ने रहेको थियो भने अहिले साङ्केतिक भाषाको माध्यमबाट पढाउनुपर्छ भन्ने रहेको छ । नेपालमा बहिरा शिक्षा पहिले देखि नै अस्तित्वमा रहेको र यसलाई थप विस्तार गर्नुपर्ने कुरा शिक्षा विभागमा कार्यरत शाखा अधिकृतले थप्नु भयो । बहिरा बालबालिकाका लागि श्रोत कक्षा र बहिरा विद्यालयहरु रहेका छन् र  श्रोत कक्षाहरुको संख्या धेरैनै छ । आजभन्दा ५२ वर्ष पहिलेनै बहिरा शिक्षाको थालनी भएता पनि त्यति धेरै परिवर्तन भएको छैन ।

बहिरा शिक्षाको विषयमा सहभागीहरुले निम्नानुसार सवालहरु उठाए:

- **साङ्केतिक भाषा-माध्यममा शिक्षण सिकाई सम्बन्धी ज्ञानको कमी:** एक जना सहभागीको भनाई अनुसार नेपालमा सिमित मात्रामा नेपाली साङ्केतिक भाषाका शब्द-संकेतहरु रहेका छन् र हालसम्म विद्यालयमा पढाईने सबै विषयहरु पढाउनका लागि केबल ५,००० शब्द-संकेतहरु रहेका छन् । उक्त विचारले शिक्षकहरुमा नेपाली साङ्केतिक भाषाको बुझाईमाकेहि खाडल रहेको कुरा प्रतिविम्बित गर्छ ।

*पठनपाठनका लागि द्विभाषी प्रणालीको प्रयोग गर्नुपर्छ र नेपाली र नेपाली साङ्केतिक भाषाको लागि उचित तरिकाले पाठ्यकम बनाउनुपर्छ । सुन्ने र बहिरा विद्यालयको एउटै प्रणाली छ । सिमिति शब्द-सङ्केत भएपनि पाठको विषयवस्तु बढी दृष्यात्मक हुनुपर्छ । विद्यार्थीहरुको सिकाईलाई दृष्यात्मक र सहज बनाउनका लागि शिक्षकले साङ्केतिक भाषाको प्रयोग गर्नुपर्छ र विषयवस्तुलाई लेखेर प्रस्तुत गर्नुपर्छ । (सहभागी नम्बर १)*

- श्रोतहरुसंग सम्बन्धी समस्या: प्रकाीशत पाठ्यपुस्तहरु पनि सिमित मात्रामा रहेका छन् । उक्त पाठ्पुस्तहरुले बहिरा विद्यार्थीको आवश्यकतालाई पुरा गर्दैनन् (सहभागी नम्बर १) ।

*एनडीएफएनसंग शिक्षण सामाग्रीहरु रहेका भएतापनि उक्त सामाग्रीहरु सिमित मात्रामा रहेका छन् । हामीले निरन्तर रुपमा थप सामाग्रीहरुको विकास गर्नुपर्छ । (सहभागी नम्बर ४)*

- पाठ्यक्रम र शिक्षण सिकाईका तरिका सम्बन्धी समस्याः यदि विद्यमान पाठ्यक्रमलाई परिमार्जित गरिएन भने बहिरा बालबालिकालाई पढाउन गाह्रो हुन्छ । बढी कार्यमुलक कृयाकलापहरु र व्यवहारी शिक्षाको आवश्यकता रहेको छ । अझ बढी समावेशीकरणका लागि शिक्षामा लचकता हुनुपर्छ । सञ्चारमा लचकता हुनु भनेको बहिरा बालबालिकाका आवश्यकताहरुको अनुसार चल्नु हो । पाठ्यक्रमको प्रमुख विषयवस्तु उहि नै हुनुपर्छ । विद्यमान पाठ्यक्रममा परिमार्जन गर्ने संभावना हुनुपर्छ यद्यपि यस किसिमको संभावनाको खोजि गरिएको छैन । (सहभागी नम्बर १)

*अपाङ्गता भएका बालबालिका र बहिरा बालबालिकालाई अध्यापन गराउनका लागि एक अलग्गै पाठ्यक्रम हुनुपर्छ तर बढी भन्दा बढीसाङ्केतिक भाषा कसरी संलग्न गर्ने वा फरक तरिकाले निर्देशन गर्ने भन्ने बारेमा हामीलाई थाहा छैन । (सहभागी नम्बर ३)* लाई अनुसरण गरिएको छैन। लचकदार शिक्षा*मा सिमितता छ ।*

- **शिक्षक तालिम, पेशागत विकास र सुविधा सम्बन्धी समस्याहरुः** *शिक्षकहरुले तोकिएको पाठ्यक्रमलाई कसरी प्रयोग गर्ने वा परिमार्जित गर्ने भन्ने बारेमा जानेका छैनन् तसर्थ उनीहरुलाई तालिमको आवश्यकता रहेको छ । (सहभागी नम्बर ३) ।*

  *सिप तालिम प्रदान गरीबढी भन्दा बढी शिक्षकहरुलाई शसक्त बनाउनु पर्छ । सिप भएका शिक्षकहरुले बहिरा विद्यार्थीहरुलाई पढाउदैनन् । बहिरा विद्यार्थीहरुलाई पढाउने शिक्षकहरुको कम तलब र अन्य सहयोग नभएको कारणले गर्दा मानिसहरुले सिप हुदाहुदै पनि बहिरा विद्यार्थीहरुलाई अध्यापन गर्ने कार्यमा संलग्न हुदैनन् । शिक्षकहरुलाई अझ बढी सहयोगको खाँचो छ । (सहभागी नम्बर ५) ।*

- **समावेशी शिक्षा नीतिमा स्पष्टता नहुनुः** *नेपाल सरकारको समावेशी शिक्षा नीति अष्पष्ट छ । बहिरा विद्यार्थीहरुका लागि कुन नीति उत्तम हुन्छ भन्ने बारेमा हामी सिक्दै छौं । हामी विशेष शिक्षाबाट समावेशी शिक्षा तर्फको संक्रमणमा छौं । १८ वर्ष उमेर सम्मका लागि हामी समावेशी शिक्षा प्रदान गर्ने कुरामा छलफल गरीरहेका छौं । शिक्षकहरु र नीतिको बारेमा कुरा गर्दा यस्ता केहि विरोधाभाष भएको कुरा मलाई महशुस हुन्छ ।*

*शिक्षक, विद्यार्थी र नियमीत विद्यालयहरुलाई के कसरी उत्तम उपायहरुको अवलम्बन गर्ने भन्ने बारेमा मार्गदर्शनको कमि छ । जिम्मेवारी हाम्रो काँधमा छ । बहिरा शिक्षाको प्रगति निक्कै सुस्त छ । यसमा विभिन्न तरिका र नियमकानूनहरु छन् । बहिरा शिक्षाको समाधान भनेको साक्षरता र रोजगार हो र हामी बहिरा व्यक्तिहरुबाट निर्देशीत हुनुपर्छ । बनेका वा बन्ने नीतिहरुले उक्त तीन वटा कुराहरुसंग तालमेल गरेको हुनुपर्छ । विद्यमान साधारण शिक्षा प्रणालीमा विभिन्न अभ्यासहरु रहेका छन् र हाम्रो शिक्षा प्रणालीले सोहि प्रणालीको नक्कल गरेका छ । यसले गर्दा बहिरा विद्यार्थीहरुका आवश्यकताहरु सम्बोधन हुन नसकि बहिराहरु असफल भएका छन् । बहिरा शिक्षा कस्तो हुने भन्ने स्पष्ट परिकल्पनाका साथ नेपाली परिवेशलाई ख्याल गर्दै हाम्रा नीतिहरु बन्नुपर्छ । (सहभागी नम्बर २) ।*

*नीतिमा समावेशी शिक्षा र विशेष शिक्षाको अवधारणा स्पष्ट छैन । (सहभागी नम्बर ३)*

*उपलब्धिको हिसाबले भन्नुपर्दा समावेशी शिक्षा प्रणाली बढी उपयुक्त हुन्छ यद्यपी बहिरा बालबालिकामा  समावेशी शिक्षा कसरी लागू गर्ने भन्ने बारेमा हामीलाई थाहा छैन । ( सहभागी नम्बर ५)*

- **बहिरा विद्यार्थीहरुकालागी अनुभवि शिक्षकहरुसंग परामर्श गर्न नसक्नुः** हामीले गरेका कुराहरुलाई हाम्रो प्रणालीले मान्यता दिदैन । हामीले विगत २२-२५ वर्षसम्म काम गरेका छौं तर मानिसहरुले हाम्रा अनुभवहरुको बारेमा मतलब गर्दैनन् । (सहभागी नम्बर २)

- बहिरा व्यक्तिहरु प्रतिको धारणा र सचेतनासंग सम्बन्धित समस्याहरुः *अपाङ्गता र बहिरा व्यक्तिहरु प्रतिको धारणा नकारात्मक धारणा व्यापक रुपमा रहेको समस्या हो । बहिरा व्यक्तिहरुलाई घरपरिवारले लुकाएर राख्नुले मानिसहरुको बहिरा प्रतिको धारणा स्पष्ट पार्छ । (सहभागी नम्बर ३)*

  *धेरै घरपरिवारले आफ्ना बहिरा बालबालिकाई घरभित्रै लुकाएर राख्छन र गाऊँघरमा सार्वजनिक गर्दैनन् यस्ता बालबालिकालाइ  कहाँ कहाँ सहयोग पाईन्छ भन्ने बारेमा अभिभावकहरुले थाहा पाउनुपर्छ । एनडीएफएनले सचेतनामूलक अभियानहरु सञ्चालन गर्नुपर्छ । (सहभागी नम्बर ४)*

*अपाङ्गता भएका र बहिरा व्यक्तिहरु प्रति समाजले हेर्ने दृष्टिकोण सकारात्मक छैन । यसले बहिरा र अपाङ्गता भएका मानिसहरुमा नकारात्मक प्रभाव पारेको छ । (सहभागी नम्बर ५)*

*अभिभावकहरुलाई बहिरा विद्यालयको बारेमा जानकारी छैन । (सहभागी नम्बर ६)*

- **प्रदेश स्तरीय सरकारसंग सम्बन्धित समस्याः** स्थानीय सरकारले शिक्षालाई प्राथमिकता दिनुपर्छ भन्ने बारेमा ध्यान दिएको छैन । (सहभागी नम्बर ४)
- युवा बहिराहरुका लागि रोजगार र उच्च शिक्षा अध्ययनको अवसर नहुनु: नेपालको शिक्षा प्रणालीको समग्र समस्या भनेको शिक्षित बेरोजगारी हो । हालको परिवेशमा भन्नुपर्दा बहिरा विद्यार्थीहरुले माध्यमिक शिक्षा उत्तीर्ण गरीसकेपछि रोजगार पाउदैनन् । विश्वविद्यालयका तहमा भर्ना हुन उनीहरुलाई निक्कै गाह्रो हुन्छ । बहिरा विद्यार्थीको हकमा माध्यमिक शिक्षा उत्तीर्ण गरीसकेपछि एक वर्षको थप तालिम प्राप्त गरेमा उच्च शिक्षा सरह मानिन्छ । विद्यार्थीहरुको समवेशीकरणका लागि उनीहरुको सिकाई उपलब्धि उच्च हुनुपर्छ । (सहभागी नम्बर ६)

**“सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने”, “सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने”, “सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने” र “सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने”** अध्ययन गर्नुहोस् ।

**नेपालको बहिरा शिक्षाका सकारात्मक पक्षहरुको बारेमा सहभागीहरुले निम्न कुराहरु सूचिवद्ध गरे:**

- **विद्यमान श्रोतहरु र बहिरा विद्यार्थीहरुका संभावनाहरु**: *हामीसंग बहिरा विद्यालयहरु छन्, शिक्षकहरु छन । तसर्थ हालका विद्यार्थीहरु भविष्यमा शिक्षक बन्न सक्छन वा विभिन्न कार्यालयमा जागिर पाउन सक्छन् वा यस्तै अरु कार्य पनि गर्न सक्छन् । उक्त संभावनाले उनीहरुको सामाजिक समावेशीकरणलाई सिद्ध गर्छ । हाल हामीले बहिरा*

*बालावालिलाहरुको शिक्षा दिन र उनीहरुको भविष्य निक्यौंल गर्नका लागि बहिरा शिक्षकहरुसंग सहकार्य गरेका छौं । (सहभागी नम्बर ५)*

**बहिरा शिक्षामा सहभागीहरुले देख्न चाहेका परिवर्तनहरुको बारेमा निम्नानुसारका कुराहरु उल्लेख गरे:**

- समावेशी शिक्षा नीतिमा स्पष्टता: समावेशी शिक्षा र विशेष शिक्षाको बारेमा स्पष्ट बुझाईका लागि हामीले चरणवद्ध तरिकाले योजना गर्नुपर्छ । हाम्रो वर्तमान अवस्थालाई हेर्दा विशेष शिक्षाले राम्रोसंग व्याख्या गरेको छ र यो नै बढी व्यवहारीक छ । बहिरा विद्यार्थीहरुलाई समाजमा समावेश गर्नैपर्छ । (सहभागीनम्बर ५)

समावेशीकरणका लागि बहुभाषिक विद्यालयमा साङ्केतिक भाषालाई समावेश गर्न सकिन्छ । (सहभागी नम्बर ३)
हामीकहाँ समावेशी र विशेष विद्यालयहरु रहेका छन यद्यपी हामीले नेपालमा बहिराहरुलाई तत्कालै पूर्ण रुपमा समावेश गर्न सक्दैनौं । (सहभागी नम्बर ५)

समावेशी शिक्षा भनेको सहयोग सहितको शिक्षा हो । (सहभागी नम्बर ३)

- **शिक्षक र विद्यार्थीहरुलाई राम्रो तालिम दिने:** बहिरा मैत्री शिक्षण, प्रविधि र सूचना सञ्चार प्रविधि तालिम र कसरी डिजिटल सामाग्री प्रयोग गर्ने भन्ने बारेमा तालिमको आवश्यकता रहेको छ । (सहभागी नम्बर ५)
  बहिराहरुलाई शिक्षण गर्ने व्यक्तिहरुलाई पूर्वतयारी कक्षाहरुको आयोजना गर्नुपर्छ ।

- **परिवारका सदस्यहरुलाई साङ्केतिक भाषा तालिम:** बहिराहरुका पारिवारिक सदस्यहरुलाई नि : शुल्क रुपमा साङ्केतिक भाषाको तालिम प्रदान गरीनुपर्छ । (सहभागी नम्बर ३)

- **क्षेत्रीय आवश्यकताहरुलाई सम्बोधन गर्नका लागि सेवाहरु संरचित गर्ने:** तराई क्षेत्रको लागि स्थानीय आवश्यकताहरुको विश्लेषण गरी सेवाहरु तय गर्न सकिन्छ । पहाडी क्षेत्रको लागि घर-घरमै सेवा दिन सकिन्छ । सबै बालबालिकालाइ शिक्षा दिनका लागि

योजना बनाई कार्यान्वयन गर्न हामीले स्थानीय सरकारहरुसंग काम गर्नुपर्छ। (सहभागी नम्बर ३)

- साङ्केतिक भाषाको शिक्षाका लागि अझ बढी सहयोगः साङ्केतिक भाषाको विकासका लागि सरकारको संलग्नता बढाउनुपर्छ। समावेशी शिक्षाले विविधतालाई उत्साह प्रदान गर्छ र समावेशी शिक्षा प्रणालीमा हरेक बालबालिका विशेष हुन्छन्। त्यसकारण बहिरा बालबालिकाको साङ्केतिक भाषाको आवश्यकता समावेशी प्रणालीको एक पाटो हो। ( सहभागी नम्बर ३)

**"सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२ ( २०१५ ) को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने", "सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने", "सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने", र "सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने वा घरधुरी भ्रमण गरी सेवा प्रदान गर्ने"** अध्ययन गर्नुहोस्।

उक्त गोष्ठीका सहभागीहरुसंग आईडीएले सञ्चालन गरेको गोष्ठीमा नेपालको शिक्षा सम्बन्धी भएका शुरुवातहरुको बारेमा प्रश्नोत्तर गर्ने समय मिल्यो। आईडीएले सञ्चालन गरेको गोष्ठीमा अपाङ्गता भएका बालबालिकाको लागि छात्रवृति राष्ट्रिय प्रारम्भिक पढाई कार्यक्रम (National Early Reading Program),प्रारम्भिक बालविकास कक्षाहरुको बारेमा भएका शुरुवातहरुको बारेमा उल्लेख गरिएको थियो। एक जना शिक्षा विभागमा काम गर्ने शाखा अधिकृतका अनुसार नेपालका सबै अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृति उपलब्ध हुन्छ र प्रारम्भिक पढाई कार्यक्रम अन्तरर्गत बहिरा र दृष्टिविहिन विद्यार्थी दुबैलाई संलग्न गरिएको छ। नेपाल सरकार र ह्युमानीटि र इन्क्लुजन (Humanity and Inclusion) को सहयोगमा २०१८-२०२१ को अवधिका लागि सञ्चालित उक्त कार्यक्रम नेपालका १६ जिल्लामा सञ्चालित रहेको छ। कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुका लागि लक्षित गरिएको यस कार्यक्रममा साङ्केतिक भाषाको विषयवस्तु (Package) पनि समावेश गरिएको छ । ह्युमानीटि र इन्क्लुजनसंग गरिएको सहमति पत्रमा साङ्केतिक भाषाको विषयवस्तुका बारेमा उल्लेख गरिएको छ र यस अन्तर्गत मानव श्रोत विकासका लागि

शिक्षकहरुलाई साङ्केतिक भाषाको तालिम प्रदान गर्ने कुरा पनि समावेश गरिएको छ । यस कार्यक्रमले थप सहयोग गर्ने र अझ धेरै शैक्षिक सामाग्री विकास गर्ने योजना गरेको छ ।

उल्लेखित सहभागीको भनाई अनुसार प्रारम्भिक बाल विकास कक्षा भनेको खेल्ने र सिक्ने कार्यक्रम हो । हालको अवस्थामा केहि मात्र अपाङ्गता भएका बालबालिका संलग्न रहेका छन यद्यपी उनीहरुका लागि विशेष कार्यक्रम छैन । हालको तथ्याङ्क हेर्दा २,०१० जना अपाङ्गता भएका बालबालिका प्रारम्भिक बाल विकास कक्षामा सहभागी भएका छन् । अपाङ्गता भएका बालबालिकाका लागि प्रारम्भिक बाल विकासका कक्षाहरु आवश्यक छन् भन्ने कुरा अर्को सहभागीले बताउनुभयो । विगतमा नेपाल सरकारले विश्वव्यापी प्राथमिक शिक्षामा ध्यान केन्द्रित गर्‍यो यद्यपी प्रारम्भिक बाल विकासमा अझ बढी ध्यान दिनुपर्ने देखिन्छ । "**सिफारिस ९: बहिरा बालबालिकालाई नेपाली साङ्केतिक भाषाको माध्यमबाटप्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु सञ्चालन गर्ने**" अध्ययन गर्नुहोस् ।

गोष्ठीको समापन गर्दै सरकारले समावेशी शिक्षाको प्रवर्धन गरेको र बहिरा बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट शिक्षा पाउने अधिकार रहेको कुरा केपी अधिकारीले बताउनुभयो । शिक्षकहरुलाई लामो अवधिका तालिम दिनु पर्ने र यी कार्यहरु गर्नका लागि हामीले बजेटको माग गर्नुपर्ने कुरा पनि उहाँले उल्लेख गर्नुभयो ।

## काठमाडौं, मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुमा आधार-रेखा तथ्याङ्क संकलन, १४-१९ अप्रिल २०१९

१४-२१ अप्रिल २०१९ सम्मको अवधिमा यस अनुसन्धानकर्ताले पुनः नेपालको भ्रमण गरी एनडीएफएनका प्रतिनिधिहरु संग अन्तर्वार्ता लिनुको साथै पहिले सञ्चालन गरिएको गोष्ठी/समूह केन्द्रित छलफलहरुबाट आएका कुराहरुमा पुनः छलफल गर्‍यो । यस क्रममा बहिरा शिक्षकहरु, बहिरा संघका सदस्यहरु, सुन्ने शिक्षकहरु र सरकारी अधिकारीहरुसंग भेटघाट गरियो भने श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय, हेटौटा, मकवानपुर, बारा र पर्सा जिल्लामा रहेका एक-एक श्रोत कक्षाहरुको भ्रमण गर्‍यो । यसका साथै उक्त जिल्लाहरुमा रहेका बहिरा संघका कार्य समिति सदस्यहरु र शिक्षकहरुसंग अन्तर्वाता लिईयो ।

## *एनडीएफएनसंगको बैठक, १४ मार्च २०१९*

अनुसन्धानकर्ताको दोश्रो भ्रमणको व्यवस्थापन र तालिका बारे छलफल गर्नका लागि एनडीएफएनका अध्यक्ष श्री केपी अधिकारीसंग १४ अप्रिलको मध्यान्हमा भेटघाट भयो । अनुसन्धानकर्ताले पहिले नै सम्पन्न गरिएको गोष्ठी र छलफलहरुको आधारमा सिफारिसहरुको मस्यौदा सम्बन्धी पावरपोईन्ट दस्तावेज तयार गरेको थियो । सो दस्तावेजमा गरिएको सिफारिसहरुको बारेमा बहिरा शिक्षक, बहिरा संघका सदस्यहरु, सुन्ने शिक्षकहरु, प्रशासकहरु र सरकारी अधिकारीहरुसंग १५-१६ अप्रिलमा थप छलफलका गरिने योजना भएकोले केपी अधिकारीको पृष्ठपोषण र सुझाव प्रदान गर्न अनुरोध गरियो । उक्त पावरपोईन्ट दस्ताबेजमा शिक्षक तालिम, शिक्षकको नियुक्ति र बहिरा शिक्षकको बढुवासम्बन्धी समस्याहरुलाई संक्षेपमा उल्लेख गर्नुपर्ने सुझाव केपी अधिकारीले प्रदान गर्नुभयो । किनकि बहिरा शिक्षकहरुले माध्यमिक तहमा अध्यापन गर्न वा विद्यालयको प्राचार्य हुने अवसर पाउदैनन् । केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा अध्यापनरत कुनै पनि बहिरा शिक्षकहरुले कक्षा ८ भन्दा बढी पढाउन पाउदैनन् । यसै गरी यदि कुनै बहिरा शिक्षकहरुसंग शिक्षण अनुमति पत्र छैन भने उक्त व्यक्तिले अध्यापन गर्न नपाउने कानूनी प्रावधान रहेको र सरकारले उनीहहरुलाई एक मिनट पनि पदमा नराख्ने कुरा पनि केपी अधिकारीले बताउनु भयो । नेपालमा शिक्षक सेवा आयोग मार्फत शिक्षण अनुमति पत्र सम्बन्धी परिक्षा सञ्चालन गरिन्छ । उक्त अनुमति पत्र लिनका लागि सुन्ने र बहिरा शिक्षकहरुको निश्चित शुल्क तिरी लिखित परिक्षा दिनुपर्छ । यस किसिमको परिक्षामा नेपालका शहरहरु, हिमालहरुको उचाई वा अन्य यस्तै विषयमा सामान्य ज्ञान वा वस्तुगत बहुउत्तर ढाँचा प्रश्नहरु सोधिन्छ । नेपाली बहिरा समुदायले परिक्षामा केबल लेख्नु भन्दा सम्बन्धित उम्मेदवारको अध्यापन अवलोकन पनि होस भन्ने चाहन्छ । मानसिक अपाङ्गता भएका विद्यार्थीहरुलाई पढाउने शिक्षक उम्मेदवारहरुले लिखित परिक्षा नदिई शिक्षण अवलोकन मार्फत परिक्षा लिईन्छ । बहिरा शिक्षक र शिक्षकका उम्मेदवारहरुले पनि सोहि प्रकृतिको परिक्षा लिईयोस भन्ने चाहन्छन् भन्ने कुरा पनि केपी अधिकारीले थप उल्लेख गर्नुभयो । १५ मार्चमा बहिरा शिक्षक, बहिरा संघहरुसंग भएको गोष्ठीमा पनि बहिरा शिक्षकहरुले माथि उल्लेख गरिएको विधि मार्फत योग्यताको आधारमा शिक्षण अनुमति पत्र दिनुपर्ने चाहना राखेको कुरा पनि उल्लेख गरियो । बहिरा शिक्षकहरुले अन्य सुन्ने शिक्षक सरह सेवाबाट निवृत्त भईसकेपछि (६० वर्षमा) निवृतिभरण नपाउने वा पाए पनि कम मात्र रकम पाउने गरेको कुरा पनि एक सवालको रुपमा रहेको कुरा केपी अधिकारीले बताउनु भयो । **"सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने",**

**"सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies) को कार्यान्वयन गर्ने"** अध्ययन गर्नुहोस् ।

### *बहिरा शिक्षकहरु र बहिरा संघहरुसंगको गोष्ठी, १५ अप्रिल २०१९*

यस गोष्ठीमा १५ मार्चको गोष्ठीमा सहभागी भएका लगायत थप व्यक्तिहरुको उपस्थिती रहेको थियो । केपी अधिकारी र साङ्केतिक भाषाका दोभाषे सानु खिम्बाजा र दिनेश श्रेष्ठ लगायत निम्नानुसारका पुराना सहभागीहरु उपस्थित रहेका थिए:

- सत्यदेवि वाग्ले, अध्यक्ष, काठमाडौ बहिरा संघ र सदस्य, विद्यालय व्यवस्थापन समिति, केन्द्रिय बहिरा माध्यमिक विद्यालय
- कुल प्रसाद भट्टराइ, अध्यक्ष, बहिरा खेलकुद समिति र शिक्षक, केन्द्रिय बहिरा माध्यमिक विद्यालय
- शारदा श्रेष्ठ, कार्य समिति सदस्य, के.ए.डी र शिक्षक, केन्द्रिय बहिरा माध्यमिक विद्यालय
- सिद्धार्थ केसी, कार्य समिति सदस्य, भक्तपुर बहिरा संघ
- शिखा प्रधान, साङ्केतिक भाषा शिक्षक
- अन्जु गुरुङ, कार्य समिति सदस्य, काठमाडौ बहिरा संघ र शिक्षक, जुम्ला बहिरा विद्यालय
- सुर्य बहादुर बुढाथोकी, महासचिव, एनडीएफएन
- बिर बहादुर बोगटि, कोषाध्यक्ष, एनडीएफएन

यसगोष्ठीमा उपस्थित नयाँ सहभागीहरु:

- हेभन र लास्ता, केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरु
- रेन्जु अर्याल, श्रोत शिक्षक, म्याग्दि जिल्ला
- धन बहादुर श्रेष्ठ, शिक्षक, बहिरा विद्यालय, गोरखा जिल्ला
- शर्मीला मानन्धर, धिरोज अधिकारी र दिनेश बादे श्रेष्ठ, शिक्षक, बहिरा विद्यालय, काभ्रे जिल्ला
- बिक्रम घले, अध्यक्ष, नुवाकोट बहिरा संघ र बहिरा बालबालिकाको साङ्केतिक भाषा शिक्षक

अघिल्लो गोष्ठी मार्फत प्राप्त विषयहरुमा पृष्ठपोषण:

- **शिक्षण-सिकाईसंग सम्बन्धित समस्याहरु:** अनुसन्धानकर्ताले १०-१५ मार्चको फिल्ड अध्ययनका आधारमा समिक्षा गरी प्रस्तुत गरेका सवाल र समस्याहरुमा केन्द्रिय बहिरा माध्यमिक विद्यालयका विद्यार्थीहरुले सहमति जनाए। उक्त समिक्षामा शिक्षकहरुले घोकन्ते शिक्षण पद्धतिको अवलम्बन गर्ने, शिक्षकले विद्यार्थीहरुसंग सञ्चार गर्नुको सट्टा सेतोपाटिमा लेख्ने लगायतका सवालहरु उल्लेख गरीका थिए । कक्षा १० उत्तीर्ण गरीसकेपछि ११ र १२ लगायत बि.एडमा अध्यन गर्दा अध्यापन गराउने शिक्षकहरुमा साङ्केतिक भाषाको राम्रो ज्ञान नभएकोले निक्कै  गाह्रो भएको कुरा विद्यार्थीहरुले उल्लेख गरे । बहिरा विद्यार्थीहरुलाई मूलधारका विश्वविद्यालयमा अध्ययन गर्न संभव रहेको यद्यपी सरकारले दोभाषे उपलब्ध नगराउने भएकोले सो वापतको खर्च पनि बहिरा विद्यार्थी स्वयंले नै भुक्तानी गर्नुपरेको कुरा एक जना विद्यार्थीले टिप्पणी गरे। यो निक्कै नै अप्ठ्यारो अवस्था छ। यदि कुनै बहिरा विद्यार्थीको दाईभाई छ र साङ्केतिक भाषाको सिप छ भने दोभाषेको सट्टामा प्रयोग गर्न सकिन्छ यद्यपी यो विकल्प पनि गाह्रो नै छ भन्ने कुरा पनि उक्त विद्यार्थीले बताउनुभयो । उक्त अभ्यास सीआपीडीको धारा ९ संग बाभिन्छ किभने सीआरपीडीको उक्त धारामा सरकाले पेशागत साङ्केतिक भाषाका दोभाषेहरु प्रदान गर्ने कुरा उल्लेख गरेको छ।

- **शिक्षक तालिम, नियुक्ति र बढुवा सम्बन्धी समस्याहरु:** शिक्षक तालिम, नियुक्ति र बढुवा सम्बन्धी समस्याहरुलाई संक्षेपीकरण गरी प्रस्तुत गरिएको विषयहरुमा छलफल गर्दा नपाली बहिराहरुमा विद्यालयको प्राचार्य हुनसक्ने क्षमता भएतापनि सुन्ने व्यक्तिहरुले उक्त पद आगटेर बसेको कुरा बताईयो । गोरखा र बाग्लुङ्ग जिल्लामा रहेका बहिरा विद्यालयहरुमा बहिरा शिक्षकहरुले कक्षा ९ र १० का विद्यार्थीहरुलाई अध्यापन गराईरहेको र बाग्लुङ्ग जिल्लामा रहेका बहिरा विद्यालयका प्राचार्य बहिरा नै रहेको कुरा जानकारी गराईयो। यद्यपी केन्द्रिय बहिरा माध्यमिक विद्यालयमा उहि शिक्षकले विहान सबेरै देखि कक्षा ११ र १२, दिनभर अन्य कक्षाहरु र बेलुका बि.एड कार्यक्रममा पढाउने गर्छन् र धेरै कमाउछन्। बहिरा शिक्षकहरुलाई भने प्राथमिक तहमा अध्यापन गराउने कार्यमा मात्र सिमिति गरिएको छ।
- शिक्षण अनुमति पत्रका विषयमा पनि समस्या रहेको कुरामा सहमति भयो । शिक्षण अनुमति पत्र लिनका लागि बहिरा र सुन्ने शिक्षकहरुले एउटै प्रकृया पार गर्नुपर्छ। बहिरा शिक्षकहरुले शिक्षण अनुमति पत्र प्राप्त गर्नु पर्छ वा पर्दैन भन्ने प्रश्नमा बहिरा

शिक्षकहरुका लागि परिक्षाको विधि र सोधिने प्रश्नहरु फरक हुनुपर्ने र साङ्केतिक भाषा समावेश गर्नुपर्ने कुरा एक जना सहभागीले बनाउनुभयो । परिक्षाको विधि अन्तर्गत शिक्षकको मुल्याङ्कन गर्न लिखित परिक्षा लगायत शिक्षण अवलोकन समेत संलग्न गर्नुपर्ने देखिन्छ । यद्यपी एक जना विद्यार्थीले बहिरा र सुन्ने शिक्षकहरुसंग शिक्षण अनुमति पत्र हुनुपर्ने भएतापनि दुबै वर्गका शिक्षकहरुसंग सो पत्र नभएको कुरा बताउनुभयो । साङ्केतिक भाषाको सिप भएका बहिरा शिक्षकहरु भन्दा साङ्केतिक भाषा नजानेका शिक्षकहरुलाई नियुक्त गर्ने परिपाटि रहेको कुरा अर्को सहभागीले बताउनुभयो । एक जना सहभागीले आफ्नो बाल्यकालको बारेमा बताउदै आफूले साङ्केतिक भाषा नजान्ने सुन्ने शिक्षक भएको बहिरा विद्यालयमा गएर अध्ययन गर्नुपरेको बताउनुभयो । कक्षाकोठामा शिक्षकबाट साङ्केतिक भाषा सिक्नुको सट्टा खेल मैदानमा अन्य साथिहरुबाट साङ्केतिक भाषा सिकेको कुरा पनि उहाँले उल्लेख गर्नुभयो ।

- **श्रोतसंग सम्बन्धित समस्याहरुः** श्रोतसंग सम्बन्धित समस्याहरुको बारेमा छलफल गर्दा बहिरा विद्यार्थीहरुको आवश्यकता बमोजिम पाठ्यपुस्तकहरु पनि केहि फरक हुनुपर्ने र बहिरा विद्यार्थीहरुका लागि विशिष्ट पाठ्यक्रम हुनुपर्ने कुरा उल्लेख गरियो । हालका केहि पाठ्यपुस्तहरु बहिरा व्यक्तिलाई पढ्न गाह्रो छ र साङ्केतिक भाषामा कुनै पनि सामाग्रीहरु छैनन् । बहिराहरुका लागि साङ्केतिक भाषाको भिडियो थप गरेमा हालकै पाठ्यपुस्तकहरुलाई बहिरा व्यक्तिहरुले प्रयोग गर्न सक्ने कुरा अर्को शिक्षक सहभागीले बताउनुभयो। सुन्ने बालबालिकाले विद्यालय शुरु गर्नुभन्दा अगावै सिकिसक्ने र अरु देशमा बहिरा बालबालिकाका लागिसाङ्केतिक भाषामा गीतहरु रहेका कुरा आफूले यूटुवमा देखेको एक जना शिक्षक सहभागीले उल्लेख गरे । तर नेपालमा उक्त कुराहरु छैनन् ।

**“सिफारिस ३ः नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने”, “सिफारिस ४ःनेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने”, “सिफारिस ५ः पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies) को कार्यान्वयन गर्ने”,“सिफारिस ६ः नेपाली साङ्केतिक भाषाको माध्यमबाट दिइने शिक्षाको शिक्षक तालिमका लागि बहिरा प्रशिक्षकको नियुक्ति गर्ने र प्रशिक्षण दिने”, “सिफारिस ८ः शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course)सञ्चालन गर्ने”,**

**"सिफारिस १३: विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने" र "सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने"** अध्ययन गर्नुहोस् ।

यस प्रतिवेदनमा उल्लेख गरिएको मस्यौदा सिफारिसमा सहभागीहरुले निक्कै राम्रा सुझावहरु आए । एक जना सहभागीले नेपालमा साङ्केतिक भाषा अनुसन्धानमा स्नातकोत्तर तहको अध्ययन हुनुपर्ने र सो व्यवस्था त्रिभुवन विश्वविद्यालयले गर्नुपर्ने बताए । एनडीएफएनको कार्य समिति सदस्य रहनु भएको अर्को सहभागीले मस्यौदा सिफारिसमा भाषिक वञ्चितिकरण र १५ वा १६ वर्षको उमेरसम्म पनि विद्यालयमा भर्ना नभएका वा विद्यालय बाहिरा रहेका युवा बहिराहरुका समस्याहरु छुटाएको जस्तो लाग्यो । उक्त उमेरका बहिराहरुलाई विद्यालयले भर्ना नगर्ने कुरा अर्को सहभागीले टिप्पणी गर्नुभयो । नेपालमा ८, ९ वा १० वर्षको उमेरसम्म पनि बहिरा बालबालिका विद्यालयमा भर्ना नहुने समस्या रहेको कुरा अर्को सहभागीले थप गर्नुभयो । अर्को सहभागीले भने अनुसार यदि बहिराहरुमा पहिलेको शैक्षिक अनुभव वा साङ्केतिक भाषाको सिप छैन भने ८ वर्ष पुगिसकेपछि विद्यालयमा भर्ना हुनसक्दैनन् । "**सिफारिस १४: विद्यालय बाहिर रहेका बहिरा बालबालिका र युवा बहिराहरुको शिक्षामा पहुँच पुर्‍याउने"**अध्ययन गर्नुहोस् ।

बहिरा बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षा दिने कुरा मस्यौदा सिफारिसमा छुटेको थियो । सो बारेमा एक जना सहभागीले नेपालमा दुई वा साढे दुई वर्ष वा सो भन्दा माथिका उमेरका सुन्ने बालबालिकाका लागि निजी स्तरमा प्लेग्रुप (Playgroup) सञ्चालनमा रहेको र बहिरा बालबालिकाको हकमा यस किसिमका प्लेग्रुपहरु सरकारी लगानीमा सञ्चालन गर्न सकिन्छ । "**सिफारिस ९: बहिरा बालबालिकालाई नेपाली साङ्केतिक भाषाको माध्यमबाटप्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु सञ्चालन गर्नु"** अध्ययन गर्नुहोस् ।

### *सुन्ने शिक्षकहरु र शैक्षिक अधिकारीहरुसंगको गोष्ठी, १६ अप्रिल २०१९*

यस भन्दा अगाडी १५ मार्चमा सहभागी हुनुभएका अधिकांश सहभागीहरु यो गोष्ठीमा उपस्थित हुनुभयो । गोष्ठीमा निम्नानुसार सहभागीहरु उपस्थित हुनुहुन्थ्यो:

- बैकुण्ठ आचार्य, शिक्षा मन्त्रालय
- युक्त प्रसाद शर्मा, उप-सचिव

- दिव्या दवाडी, शिक्षा विभाग, प्रदेश नम्बर १
- ऋषि देबकोटा, प्राचार्य बि.एड कार्यक्रम, केन्द्रिय बहिरा माध्यमिक विद्यालय
- टिकाराम अनावमा, शिक्षक केन्द्रिय बहिरा माध्यमिक विद्यालय

उक्त गोष्ठीमा एनडीएफएनका अध्यक्ष केपी अधिकारी, महासचिव सूर्य बहादुर बुढाथोकी र साङ्केतिक भाषाका दोभाषेहरु सानु खिम्बाजा र दिनेश श्रेष्ठको उपस्थिति रहेको थियो । केन्द्रिय बहिरा माध्यमिक विद्यालयका प्राचार्य उपेन्द्र पराजुली उक्त गोष्ठीमा उपस्थित हुन नसकेको कुरा गोष्ठी शुरु हुनुभन्दा अगावै जानकारी गराईयो । १५ अप्रिलमा मात्र उपस्थित नयाँ सहभागीहरु निम्नानुसार रहेका छन्:

- योजनी साखा, प्राचार्य भक्तपुर बहिरा विद्यालय, उहाँको भनाई अनुसार उक्त विद्यालयमा १७ बालबालिका र २ जना शिक्षक रहेका छन् ।
- बीर सिंह कुँवर, गुण कुमारी गौतम, शिक्षक केन्द्रिय बहिरा माध्यमिक विद्यालय र रत्न शोभा ढुङ्गेल शिक्षक, बि.एड. कार्यक्रम, केन्द्रिय बहिरा माध्यमिक विद्यालय

## प्रस्तुत विषयहरुमा सहभागीहरुबाट आएका सुझावहरु:

- **शिक्षक तालिम, नियुक्ति र  बढुवासंग सम्बन्धित समस्याहरु:** रोजगारी पाउनका लागि सुन्ने र बहिरा शिक्षकहरु बिच प्रतिष्पर्धा हुने कुरा पहिलो सहभागीले बताउनुभयो । सरकारी मापदण्ड अनुसार बि.एड उत्तीर्ण गरेको, साङ्केतिक भाषा जानेको र शिक्षण अनुमति पत्र भएको व्यक्ति शिक्षक हुन पाउछ । सुन्ने शिक्षकहरुसंग शिक्षण अनुमति पत्र भएको हुनसक्छ यद्यपी साङ्केतिक भाषा सिप हुदैन भने बहिरा शिक्षकहरुसंग साङ्केतिक भाषा सिप हुन्छ तर शिक्षण अनुमति पत्र नहुनसक्छ ।
- बहिरा व्यक्तिहरुको शिक्षण अनुमति पत्रको सवाल जटिल सवाल हो भनि दोश्रो सहभागीले थप्नुभयो । यदि उनीहरुसंग शिक्षण अनुमति पत्र छैन भने उनीहरुले शिक्षण गर्न पाउदैनन् । बहिरा विद्यालयमा शिक्षण अनुमति पत्र बिना नै शिक्षकहरुले अध्यापन गराईरहेको र उनीहरुका आफ्नै विद्यालयमा शिक्षण अनुमति पत्र धारी शिक्षकहरुले अध्यापन गराईरहेको कुरामा अन्य अपाङ्गताका समूहको ध्यानाकर्षण भएको छ । पहिलो सहभागीका अनुसार विगत १२ वर्ष देखि शिक्षण अनुमति पत्र भएका तर साङ्केतिक भाषाको सिप नभएका सुन्ने शिक्षकहरुले अध्यापन गराउदै आईरहेका छन् । शिक्षकले साङ्केतिक भाषा जान्नैपर्छ

। बहिरा शिक्षाको परिवेसमा शिक्षण अनुमति पत्रले के अर्थ राख्छ भनि उहाँले प्रश्न गर्नुभयो । बहिरा व्यक्तिहरु अन्य अपाङ्गता समूह भन्दा भिन्न समूह हुन् ।
तेश्रो सहभागीले यस अनुसन्धानकर्ता र आफ्नो अनुसन्धानमा उस्तै उस्तै नतिजाहरु आएको बताउनुभयो । खराव शिक्षणलाई गुणस्तरीय शिक्षा भन्न मिल्दैन । समावेशी शिक्षामा विभिन्न किसिमका तरिकाहरु संलग्न हुनुपर्छ । बहिरा बालबालिकालाई अध्यापन गराउने शिक्षकहरुमा बहुभाषिक शिक्षाका साथै साङ्केतिक भाषा सिप हुनु एकदमै महत्वपूर्ण कुरा हो । शिक्षण अनुमति पत्र र तालिमलाई बहिरा बालबालिका संग जोड्नुपर्छ । शिक्षकले शिक्षण अनुमति पत्रका साथै अनिवार्य रुपमा साङ्केतिक भाषा सिकेको हुनुपर्छ । शिक्षण शुरु गर्नुभन्दा पहिला तालिमको व्यवस्था हुनुपर्छ । पहिले उनीहरुले शिक्षण अनुमति पत्र लिनुपर्छ अनि मात्र शिक्षण शुरु गर्नुपर्छ ।

- **श्रोतहरुसंग सम्बन्धित समस्याहरु:** पाठ्यक्रम विकास केन्द्रले नेपाली साङ्केतिक भाषामा भिडियोहरु तयार गरेको कुरा पाँचौ सहभागीले बताउनु भयो ।
- **भाषिक बञ्चितिकरण र विद्यालय तयारीसंग सम्बन्धित समस्याहरु:** नेपालमा १ देखि ५ सम्म प्राथमिक तहको शिक्षा दिईन्छ र बहिरा बालबालिकाका सिकाई आवश्यकताहरुलाई प्राथमिक शिक्षा दिनुभन्दा पहिला नै सम्बोधन गर्नुपर्छ भनि तेश्रो सहभागीले टिप्पणी गर्नुभयो ।

**"सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने", "सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने", "सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies)को कार्यान्वयन गर्ने", "सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course)सञ्चालन गर्ने", "सिफारिस ९: बहिरा बालबालिकालाई नेपाली साङ्केतिक भाषाको माध्यमबाटप्रारम्भिक बाल विकास र पूर्व प्राथमिक कक्षाहरु सञ्चालन गर्ने"** र **"सिफारिस १५: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षामा थप श्रोतहरुको विकास गर्न सहयोग गर्ने"** अध्ययन गर्नुहोस् ।

## *श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय, हेटौडामा भ्रमण, १७ अप्रिल २०१९*

१७ अप्रिलको विहान एनडीएफएनका अध्यक्ष श्री केपी अधिकारी, साङ्केतिक भषाका दोभाषे श्री दिनेश श्रेष्ठसंग विरगञ्ज जाने क्रममा यस अनुसन्धानकर्ताले मकवानपुरको हेटौडामा रहेको श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवाशीय आधारभूत विद्यालयको अवलोकन भ्रमण गऱ्यो । ( तस्विर ४ र ५ हेर्नुहोस्) । विद्यालय भ्रमण गर्ने बेलामा नेपाली नयाँ वर्षको हप्ता र नेपालको शैक्षिक तालिका अनुसार भर्खर मात्र परिक्षाहरु सम्पन्न भएकोले उक्त विद्यालय १ महिनाका लागि भर्खरै मात्र बन्द रहेको थियो । विद्यालयमा केबल कक्षा २ र७ मा अध्ययनरत कबिर र मुतर नाम गरेका २ जना विद्यार्थीहरु थिए । कबिरको बुबा कृष्ण प्रसाद सुवेदी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्थ्यो । विद्यालयका कर्मचारीहरुसंगको बैठकमा सो हप्ता विद्यालयले विद्यालय बाहिर रहेका बालबालिकाको खोजी गर्ने कार्यक्रम रहेको कुरा उल्लेख गरियो ।

### तस्विर ४: श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय, हेटौडा

(तस्विरको व्याख्या: खैरो धातुको द्वारमा सेतो र पहेलो रंगका नेपाली र अंग्रेजी दुबै अक्षरमा विद्यालयको नाम लेखिएको छ । नेपालीमा उक्त विद्यालयको नाम श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय उल्लेख गरिएको छ । द्वार प्रबेश गर्ने ढोका खुल्ला रहेकोले केहि अक्षरहरु हराएका छन् र ढोकामा एक जना बालक, युवा पुरुष र महिला उभीई क्यामेरातर्फ हेरेका छन् । द्वारको बायाँ पट्टि रोकिइराखेको मोटरसाईकल रहेको छ)




बहिरा शिक्षक सन्तोष पौडेलले आफू उक्त विद्यालयमा विगत ८ महिना देखि कार्यरत रहेको कुरा बताए । उक्त विद्यालयमा काम गर्नुभन्दा अगाडी उनले चीनको सिमा नजिकै पर्ने अर्को विद्यालयमा १४ वर्षसम्म अध्यापन गराए र २०१५ को भुकम्प पश्चात सहयोगका लागि सोहि विद्यालयमा नै रहे । हेटौडा उनको गृह जिल्ला हो र उनी हेटौडा बहिरा संघको अध्यक्ष रहेका छन् । उनले १९ वर्षको उमेरमा विद्यालय शिक्षा सम्पन्न गरे । कक्षा १० सम्मको अध्ययन मुलधारको विद्यालयमा गरेभने कक्षा ११ र १२ को अध्ययन पोखरामा रहेको बहिरा विद्यालयबाट गरे । श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय नजिकै उनको कुखुरा फार्म छ जहाँ उनी आफ्ना अभिभावकसंगै रहनुहुन्छ । हरेक दिन विहान र बेलुका कुखुराको रेखदेख गर्नु र दिनको समयमा विद्यालयमा अध्यापन गराउनु उनको दैनिकी हो । शिक्षक भए वापत तलबबाट हुने आम्दानी भन्दा कुखुरापालनबाट बढी आम्दानी हुन्छ । उनले थप अध्ययन गर्न चाहेका छन् यद्यपी २७ वर्षको भईसकेकोले अध्ययनलाई कसरी अगाडी बढाउने भन्ने बारेमा त्यति स्पष्ट छैनन् । **“सिफारिस ३: नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको आधारमा शिक्षक तालिम प्रदान गर्ने”,**
**“सिफारिस ५: पूर्व-सेवा र सेवामा रहेका बहिरा शिक्षकहरुका लागि सकारात्मक कार्य नीतिहरु (Affirmative Action Policies)को कार्यान्वयन गर्ने”,** अध्ययन गर्नुहोस् ।

**तस्विर ५: श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय । तस्विरः सन्तोष पौडेल**

(तस्विरको बारेमा व्याख्या: विच भागमा हल्का पहेलो रङ्गले पोतेको अग्रेजी अक्षर उल्टो एल आकारको भवन, भवनको अगाढी घाँसे मैदान र ३-४ वटा रुखहरु । तस्विरको दायाँपट्टि एक जना व्यक्ति सेतो कमिज र कालो क्याप लगाएर उभीएको)



अनुसन्धानकर्ताले अन्य धेरै बहिरा व्यक्ति र सुन्ने शिक्षकहरुलाई भेट्यो । यस क्रममा १५ वर्षसम्म प्राचार्यको रुपमा कार्यरत विशन राधुर लधीसंग पनि भेटघाट भयो । अरु शिक्षकहरुले उक्त ३ देखि १४ वर्षसम्म काम गरेको बताए । उक्त विद्यालयमा २६ जना छात्र र १९ जना छात्रा गरी जम्मा ४५ जना बहिरा विद्यार्थीहरु र ७ जना शिक्षकहरु रहेको कुरा सन्तोष पौडेलले बताए । हाल उक्त विद्यालयमा प्रदेश नम्बर ३ का बालबालिका अध्ययनरत रहेका छन् । प्राचार्यको कोठामा विद्यार्थीहरु आएका स्थान देखाईएको मकवानपुर जिल्ला र नेपालको नक्सा झुण्ड्याईएको छ । (चित्र ६ हेर्नुहोस्) । ७ जना शिक्षकहरु मध्ये ५ जना बहिरा र २ जना सुन्ने रहेका छन् । उक्त विद्यालयमा कक्षा ७ सम्मको पढाई हुन्छ र ७ कक्षा पछि विद्यार्थी अरु विद्यालयहरु जस्तै केन्द्रिय बहिरा माध्यमिक विद्यालय, काठमाडौ मा जान्छन् । हाम्रो भ्रमणको बेलामा उपस्थित कक्षा ७ मा अध्ययनरत मुतर नामक छात्राले ७ कक्षा उर्त्तीर्ण गरीसकेपछि गोरखामा रहेको बहिरा विद्यालयमा जाने कुरा बताईन् ।

विद्यालयमा रहेका ७ जना शिक्षकहरु मध्ये सरकारले ३ जनाको मात्र तलब भुक्तान गर्छ । बाँकी ४ जना शिक्षकहरुलाई कम तलब दिइएको छ र उनीहरुको तलबका लागि अन्य

श्रोतबाट संकलन गरिएको रकम र अपाङ्गता छात्रवृत्तिको रकम प्रयोग गरिएको छ। उक्त छात्रवृत्तिबाट विद्यार्थीहरुको आवास र खानाको पनि व्यवस्था गर्नुपर्छ। करिब १० वर्ष अगाडी भारतीय सरकारले विद्यार्थीहरुको यातायातका लागि बस प्रदान गरेको थियो। त्यतिबेला विद्यालयमा १०५ जना विद्यार्थीहरु रहेक थिए। (तस्विर ७ हेर्नुहोस्) । आजभोली यातायातको लागि रकम (ड्राईभर र ईन्धन खर्च) प्रदान गर्नुको साटो आवासीय रुपमा रहन मिल्ने गरी अपाङ्गता छात्रवृत्ति प्रदान गर्छ। यसले गर्दा विद्यालयमा विद्यार्थीको संख्या घटेको छ। यस विषयमा शैक्षिक अधिकारीहरुसंग थप कुराकानी गर्नुपर्ने कुरा यस अनुसन्धानकर्तालाई बताइयो । **"सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२ (२०१५) को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने",** अध्ययन गर्नुहोस् ।

**तस्विर ६: विद्यार्थीहरुको घर रहेको स्थान देखाईएको मकवानपुर जिल्लाको नक्सा**
तस्विरको व्याख्या: मकवानपुर जिल्लालाई विभिन्न गाउँ विकास समितिहरुमा विभाजन गरिएको छ । उक्त समितिहरुलाई रातो, प्याजी, पहेंलो र हरियो गरी फरक फरक रङ्गमा देखाईएको छ । उक्त विद्यालयमा अध्ययनरत विभिन्न बहिरा बालबालिकाको घर रहेको स्थानलाई रातो मार्करले लेखेर देखाइएको छ ।)




२०१५ मा आएको विनाशकारी भुकम्पका कारण विद्यालय भवनमा क्षति पुगेको कुरा विद्यालयका प्राचार्य बिशन राधुर लाधिले बताउनु भयो । भुकम्प पश्चात प्लान ईन्टरनेशनल र अष्ट्रेलीयन राजदुतावासले सहयोग प्रदान गरे । अष्ट्रेलीयन राजदुतावासले विद्यालया कम्प्युटर प्रयोगशाला स्थापनाका लागि १२ थान कम्प्युटर प्रदान गऱ्यो यद्यपी उक्त प्रयोगशाला सञ्चालनका लागि शिक्षक भने उपलब्ध छैन । विद्यालयले उक्त प्रयोगशाला सञ्चालनका लागि विगत दुई वर्ष देखि शिक्षकको खोजि गरीरहेको छ । हाल सन्तोष पौडेलले कम्प्युटर विषयमा अध्यापन गराईरहनुभएको छ यद्यपी कम्प्युटर सम्बन्धी राम्रो ज्ञान भएको अर्को शिक्षक सो कामका लागि राख्नुपर्ने उहाँको चाहना छ ।

विद्यालयमा छात्र र छात्राका लागि अलग अलग आवासको व्यवस्था थियो । छात्रहरुको आवास गृहमा अलि बढी गर्मी भएको कुरा अनुसन्धानकलाई बताइयो । आवास गृहमा यथेष्ट खाट नभएकोले गर्दा कोठामा राखीएका खाटको माथिल्लो तल्ला पुराना विद्यार्थीहरुलेप्रयोग गर्नुपर्ने र

तल्लो तल्लामा नयाँ विद्यार्थीहरु मिलेर सुत्ने गरेका छन् (तस्विर ८ हेर्नुहोस्) । आवास गृहको माथिल्लो तल्ला छात्रा आवासको लागि छुट्टयाईएको छ जहाँ हरेक दिन बिहान र बेलुका साङ्केतिक भाषा सिक्नका लागि एक अलग्गै कोठाको व्यवस्था गरिएको छ (तस्विर ९ हेनुहोस्) । शिक्षकहरुले विद्यालय समय बाहिर आलोपालो गरी छात्राहरुलाई साङ्केतिक भाषा सिकाउछन् ।

## तस्विर ७. श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालयमा रहेको यातायातको साधन

(तस्विरको व्याख्या: विद्यालयको कम्पाउन्डको दायाँ पट्टि रुखको छेउमा पहेँलो रङ्गको यातायातको साधन । रुखको बायाँ पट्टि धातुले बनाईएको खेल्ने सुविधा (चिप्लिने र झुन्डीने) । खेल सुविधाहरुको पछाडीपट्टि हल्का पहँलो र खैरो रङको भित्ता र हल्का रातो रङको छाना भएको सानो भवन र सोको दायाँपट्टि बन्दै गरेको नयाँ भवन)



## तस्विर ८. छात्रहरुको आवासगृह, श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय

(तस्विरको व्याख्या: दुई तला भएको सुत्ने ओछ्यान, खैरो किताब राख्ने दराज जहाँ विद्यार्थीका कपडा राखिएको छ । हरेक ओछ्यानमा सिरानी र पट्याएर राखीएका सिरक रहेका)



**तस्विर ९. छात्राहरुको आवास, श्री शान्ति बहिरा तथा सुस्तश्रवण आवासीय आधारभूत विद्यालय**

(तस्विरको व्याख्या: हल्का पहेँलो रङ्गले पोतिएको र भित्तामा पाँच जना व्यक्तिले उल्लेख गरिएको शब्दहरुको बारेमा नेपाली साङ्केतिक भाषामा संकेत गरेको चित्र भएको कोठा । कोठाको बायाँपट्टि डेस्क र बेन्च र सोको बायाँ पट्टि एउटा ओछ्यान । कोठाको दायाँपट्टि २ वटा ओछ्यान ।)



उक्त विद्यालयको भ्रमण गर्दा कक्षाकोठाका भित्ताहरुमा नेपाली साङ्केतिक भाषाको शब्दकोशमा भएका शब्द-संकेतहरु, अक्षर हिज्जेका आकारहरुसंग सम्बन्धी संकेतहरु स्पष्टसंग लेखिएको पाईयो । अनुसन्धानकर्तालाई चमेना गृह र खाना पकाउने कोठा अवलोकन गराईनुका साथै भान्सेसंग पनि भेटाइयो । चमेना गृहमा सबै विद्यार्थीहरुलाई पुग्ने गरी यथेष्ट टेबलहरु र बेन्चहरु नभएकोले गर्दा उनीहरुले पालैपालो खाना खानुपर्ने कुरा पनि यस अनुसन्धानकर्तालाई बताईयो ।

## *पर्सा र बारा जिल्लामा रहेका बहिरा श्रोत कक्षाहरुमा भ्रमण, १८ अप्रिल २०१९*

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, भीकानपुर, डिपोरा १, पर्सामा भ्रमण गर्नुभन्दा पहिला यस अनुसन्धानकर्ताले सगुन श्रेष्ठ, साङ्केतिक भाषाको प्रशिक्षकसंग भेट गऱ्यो । सगुन विष्ट पर्सा बहिरा संघका संस्थापकका साथै अध्यक्ष पनि हुन् । उनीसंगै पर्सा जिल्लामा रहेका २ वटा बहिरा श्रोत कक्षाहरु अवलोकन गरियो । मुलधारका विद्यालयमा रहेका बहिरा श्रोत कक्षाहरुमा कार्यरत सुन्ने शिक्षकहरुलाई नेपाली साङ्केतिक भाषाको तालिम प्रदान गर्नका लागि प्रायः बजेटको व्यवस्था नहुने कुरा उनले बताए । बहिरा व्यक्तिहरुलाई स्वंयम्सेवकको रुपमा साङ्केतिक भाषाको तालिम दिन लगाउन त्यति अर्थपूर्ण हुदैन । उनले पर्सा जिल्लामा रहेका अभिभावकहरुलाई आफ्ना बहिरा बालबालिकालाई श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय विद्यालयमा नि : शुल्क अध्ययनका लागि पठाउन सहमत गराउने प्रयास गरेतापनि अभिभावकहरु प्रायः अनिच्छुक देखिए । अभिभावकले समयमै सहि निर्णय नगर्दा बहिरा बालबालिका ढिलो उमेरमा विद्यालय भर्ना हुने गरेका पनि छन् । **“सिफारिस ८: शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course)सञ्चालन गर्ने” र “सिफारिस १०: बहिराहरुका अभिभावकहरुलाई खास प्रकृतिको नेपाली साङ्केतिक भाषा तालिम प्रदान गर्ने र/वा घरधुरी भ्रमण सेवा प्रदान गर्ने”** अध्ययन गर्नुहोस् ।

सोही नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा बहिरा बालबालिकालाई कक्षा १-५ सम्म अध्ययन गर्नका लागि श्रोत कक्षा रहेको छ । उक्त विद्यालयमा बिरगञ्ज क्षेत्रका बहिरा बालबालिकाले अधययन गर्छन । अनुसन्धानकर्ताको भ्रमणको समयमा साढे सात वर्ष देखि १६ वर्ष उमेरसम्मका १० जना विद्यार्थीहरु र एक जना सुन्ने शिक्षक रहेका थिए । एक जना शिक्षक असोक कुमार शाहको सुन्ने विद्यार्थीहरुलाई अध्यापन गर्ने बारेमा ३० वर्षको अनुभव रहेछ । बहिरा विद्यार्थीहरुको शिक्षण कार्यमा उनीसंग १८ वर्षको अनुभव रहेछ । हाल उनले बहिरा र सुन्ने विद्यार्थीहरु दुबैलाई

अध्यापन गर्नुहुन्छ। बालबालिकाको हेरचाहका लागि भान्सेको पनि व्यवस्था गरिएको छ। बहिरा विद्यार्थीहरुले संगै खाना खाने, विद्यालय जाने र एउटै कोठामा सुत्ने गरेका छन् । समुदायका मानिसहरुले यी बालबालिकालाई लाटालाटी भनेर भन्ने कुरा यस अनुसन्धानकर्तालाई बताईयो । विद्यार्थीहरुको घर विद्यालय देखि ५०-१०० किलोमिटरको दूरीमा रहेको छ । उनीहरुका अभिभावकहरु प्रायः खेति-किसानी गर्छन् ।

बहिरा श्रोत कक्षाका लागि केवल एक जना शिक्षकबाट र एउटा मात्र कोठामा अध्यापन गराउन गाह्रो भएको कुरा विद्यालयका प्राचार्य अमुल आलमले बताउनुभयो। पुराना विद्यार्थीहरुबाट नयाँ विद्यार्थीहरुले नेपाली साङ्केतिक भाषा सिकिरहेको कुरा यस अनुसन्धानकर्ताले अवलोकन गर्‍यो । मुस्कान नाम गरेकी एक जना ७ वर्षकी विद्यार्थीले आफ्नो गणित विषयको पाठ सिक्नका लागि स-साना ढुङ्गाहरुको प्रयोग गरीरहेकी थिईन (तस्विर १० हेर्नुहोस्) । धेरै जसो बालबालिकालाई बोर्डमा लेख्ने अभ्यास र प्रदर्शनी मार्फत क्रमश नेपाली र गणित विषय (जोड, घटाउ, गुणन) सिकाएको पाईयो ।

**तस्विर १०. सोही राष्ट्रिय माध्यमिक विद्यालयमा रहेको श्रोतक कक्षामा अध्ययनरात मुस्कान नाम गरेकी विद्यार्थी**

(तस्विरको व्याख्या: निलो रङ्गको कुर्ता लगाएकी र बेन्चमा बसी स-साना ढुङ्गाका सहायताले हिसाब गर्दै गरेकी बालिका। उनको पछाडी अरु आ-आफ्नो कार्यमा संलग्न अन्य विद्यार्थीहरु)



सो विद्यालयमा अध्ययनरत बहिरा बालबालिकाले किन श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय, हेटौडामा भर्ना हुदैनन् भनेर केपी अधिकारीले प्रश्न गर्नुभयो । किनकि हेटौडामा रहेको उक्त विद्यालयमा साङ्केतिक भाषाको वातावरणमा अध्यापन गराईन्छ र खानबस्नको लागि अपाङ्गता छात्रवृत्तिको पनि व्यवस्था रहेको छ । कक्षा ९ मा अध्ययनरत एक जना बहिरा विद्यार्थीको अभिभावकले रकमको अभावमा आफ्नो बच्चालाई हेटौडामा रहेको उक्त विद्यालयमा पठाउन इन्कार गरेको कुरा यस अनुसन्धानकर्तालाई बताईयो ।

त्यसपछि हामीले श्री देवानन्दन देबराज उच्च माध्यमिक विद्यालय, रामनगरी पर्सामा भ्रमण गरियो । भ्रमणको समयमा उक्त विद्यालयमा रहेको श्रोत कक्षामा जम्मा ५ जना विद्यार्थीहरु (४ जना छात्र) रहेका थिए (तस्विर ११ हेर्नुहोस्) । यस भन्दा अगाडी भ्रमण गरेको श्रोत कक्षा जस्तै यस अनुसन्धानकर्ताले गरेका सङकेत माथि विद्यार्थीहरुले शुरुमा कुनै प्रतिकृया जनाएनन् तर पछि तीन जना छात्रहरुले बालबालिकाका लागि एनडीएफएनले प्रकाशन गरेको नेपाली साङ्केतिक भाषा शब्दकोशहरुको आधारमा विभिन्न सङ्केतहरु पढाउन थाले । उक्त शब्दकोश सगुन श्रेष्ठले एनडीएफएन काठमाडौबाट ल्याई विद्यालयमा प्रदान गर्नुभएको थियो । त्यस पछि एक जना विद्यार्थीले अन्य विद्यार्थीहरु र सो दिन अनुपस्थित भएका विद्यार्थीहरुको नाम साङ्केतिक भाषामा यस अनुसन्धानकर्तालाई बताए । विद्यालयमा कार्यरत भान्सेको भनाई अनुसार सो विद्यालयको श्रोत कक्षामा जम्मा ९ जना विद्यार्थीहरु रहेका थिए । यस भन्दा अगाडी भ्रमण गरिएको श्रोत कक्षा जस्तै यस विद्यालयमा पनि सबै बालबालिकाका लागि पढ्न, सुत्न र भान्सा प्रत्येकको केवल एक-एक कोठा मात्र रहेका छन् ।

**तस्विर ११. श्री देवनन्दन देवराज उच्च माध्यमिक विद्यालय, रामनगरी, पर्सामा रहेको बहिरा श्रोत कक्षा**

*(तस्विरको व्याख्या:दुई जना बसीरहेका छात्रहरुको पछाडी दुई जना छात्र र एक जना छात्रा उभिई क्यामेरा तर्फ हेरेकाछन् । दायाँपट्टि रहेका चार जना विद्यार्थीहरुले निलो कमीज लगाएका छन् भने बायाँ पट्टि उभीएका छात्रले छिर्केमिर्के कमिज लगाएका छन्)*



उक्त श्रोत कक्षामा विगत १७ वर्ष देखि अध्यापन गराइरहेका शिक्षक राज किशोरले भ्रमण टोलीसंग संकेतमा भन्दा बोलेर नै कुरा गर्नुभयो । यद्यपी संगसंगै काम गर्नका लागि बहिरा र सुन्ने व्यक्तिहरु दुबैका लागि साङ्केतिक भाषाको तालिम आवश्यक पर्ने कुरा उहाँले बताउनुभयो । उहाँले चार महिना लामो नेपाली साङ्केतिक भाषाको तालिम प्राप्त गर्नुभएको र थप तालिम प्राप्त गर्ने आशा राख्नु भएको छ । उहाँले सगुन श्रेष्ठआफनो नेपाली साङ्केतिक भाषा शिक्षक भईदियो हुन्थ्यो भन्ने चाहना ईच्छा राख्नुभएको थियो यद्यपी सगुन श्रेष्ठ विद्यालय भन्दा १५ किलोमिटर टाढा बस्ने र सो कार्य गरेवापत उहाँलाई कुनै भुक्तानी वा ईन्धन समेत दिने व्यवस्था छैन । सहयोगका लागि नेपाल सरकारलाई अनुरोध गरेको तर सो अनुरोधलाई सरकाले वेवास्ता गरेको कुरा उक्त शिक्षकले बताउनुभयो । पर्सामा रहेका धनि अभिभावकहरुले आफ्ना बहिरा बालबालिकालाई केन्द्रिय बहिरा माध्यमिक विद्यालय काठमाडौमा पठाउने गरेको र गरीव अभिभावकहरुले यसै प्रकृतिका श्रोत कक्षाहरुमा पठाउने गरेको कुरा सगुन श्रेष्ठले बताउनुभयो । "**सिफारिस ८ः शिक्षकका लागि उम्मेदवार बनेका र सुन्ने शिक्षकका लागि नेपाली साङ्केतिक भाषाको सघन कक्षा (Course)सञ्चालन गर्ने" र "सिफारिस ११ः मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

अनुसन्धानकर्ताले विद्यालय व्यवस्थापन समिति र प्राचार्यसंग भेट गऱ्यो । हाम्रो उपस्थितिकै समयमा सुन्ने व्यक्तिहरुले अनिवार्य रुपमा साङ्केतिक भाषा सिक्नुपर्ने कुरा श्रोत शिक्षकले प्राचार्यलाई बताए । यद्यपी अभिभावकहरुले सुन्ने बालबालिकाका आवश्यकता पुरा गर्न ध्यान

दिने भएकोले बहिरा विद्यार्थीहरुको सहजताका लागि साङ्केतिक भाषा सिक्न लगानी नगर्ने कुरा यस अनुसन्धानकर्ताको जानकारीमा ल्याइयो । साङ्केतिक भाषाका दोभाषे वा शिक्षकहरुका लागि रकमको अभाव छ । सगुन श्रेष्ठसंग शिक्षण अनुमति पत्र नभएकोले गर्दा उहाँलाई सरकारी शिक्षक कोटामा नियुक्ति दिन नमिल्ने कुरामा श्रोत शिक्षक र व्यवस्थापन समितिका अध्यक्ष बिच छलफल भयो । यद्यपी शिक्षण अनुमति पत्र सुन्ने शिक्षकहरुका लागि संरचित गरिएको र साङ्केतिक भाषाका शिक्षकहरुका लागि शिक्षण अनुमति पत्रको व्यवस्था नभएको कुरा सगुन श्रेष्ठले बताउनुभयो । **"सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२ (२०१५) को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने", "सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने" र "सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

यस देवनन्दन देवराज उच्च माध्यमिक विद्यालयबाट २० किलोमिटरको दूरिमा अर्को श्रोत कक्षा रहेको कुरा सगुन श्रेष्ठले बताउनुभयो । बारा जिल्लामा रहेको उक्त श्रोत कक्षाका एक जना सुन्ने शिक्षकलाई सगुन श्रेष्ठले दुई महिनासम्म नेपाली साङ्केतिक भाषाको तालिम दिएको र उक्त तालिमको लागि प्लान ईन्टरनेशनलले आर्थिक सहयोग गरेको कुरा सगुन श्रेष्ठले बताउनुभयो । यस पछि हामीले सोहि विद्यालयमा भ्रमण गर्‍यौं । बाटोमा जाँदा सगुनले यस अनुसन्धानकर्तालाई भारतको सिमाना नजिकै पर्ने एउटा विद्यालय देखाउनुभयो जहाँ उहाँले १० महिनासम्म नेपाली साङ्केतिक भाषाको तालिम दिनुभएको थियो । सो तालिममा संलग्न केहि विद्यार्थीहरु पछि बहिरा विद्यालय लुम्बिनीमा स्थानान्तरण भए । यसपछि सगुन श्रेष्ठलाई आफ्नो धातुको व्यवसायमा काम गर्नुभएकोले हामीबाट विदा हुनुभयो र यसपछि हामीले बारा जिल्लाका सचिव सुरज श्रेष्ठसंग यात्रा गर्‍यौं ।

हामीले भ्रमण गरेको तेश्रो श्रोत कक्षा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सीमरा, बारा जिल्लामा रहेको थियो । भर्खरै मात्र परिक्षा सकिएको र विद्यार्थीहरु एक हप्ते विदामा रहेकोले विद्यालयमा कुनै पनि विद्यार्थीहरु थिएनन् । हामीले अवलोकन गरेका कक्षाकोठामा दुईवटा ठूला डेस्कहरु र कुर्सीहरु मिलाएर राखिएको थियो । शिक्षकले प्रयोग गर्ने डेस्क कक्षाकोठाको एक कुनामा रहेको थियो । हाम्रो भ्रमणको समयमा विद्यालयका सहायक-प्राचार्य अच्युत देव सिटौला, अपाङ्गता सहयोगी शिक्षक गंगा प्रसाद आचार्य र पहिलेका प्राचार्य तथा शिक्षक मदन केसी उपस्थित हुनुहुन्थ्यो । मदन केसी हाल क्याम्पस प्रमुख हुनुहुन्छ । हाम्रो भ्रमणको बेलामा श्रोत कक्षा शिक्षक सुशीला गौतम अनुपस्थित हुनुहुन्थ्यो ।

विद्यालयमा रहेको होस्टल बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि भएको कुरा गंगा प्रसाद वाग्लेले बताउनु भयो । हाल विदामा रहेका बहिरा बालबालिका एक हप्ता भित्र आईपुग्छन् । सो विद्यालयको श्रोत कक्षामा कक्षा १ देखि ५ सम्म गरी कूल २५ जना बहिरा विद्यार्थीहरु रहेको कुरा पनि गंगा प्रसादले उल्लेख गर्नुभयो । २५ जना मध्ये २१ जना होस्टलमा रहन्छन् भने ४ जना आफ्नै घरबाट आवतजावत गर्छन् । उक्त क्षेत्रमा करिब ४० जना बहिराहरु विद्यालय बाहिर रहेको र उनीहरुलाई पनि विद्यालयमा ल्याउने प्रयास भईरहेको कुरा पनि उहाँले बताउनुभयो । सो विद्यालयको अर्को कक्षा कोठामा १७ जना बौद्धिक अपाङ्गता भएका बालबालिका रहेको यद्यपी बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिका एउटै आवास गृहमा रहने गरेको कुरा पनि गंगा प्रसादले उल्लेख गर्नुभयो ।
सरकारले केवल एक जना शिक्षक र एक जना सहयोगी (भान्से) का लागि मात्र आर्थिक सहयोग उपलब्ध गराउने कुरा जानकारीमा ल्याईयो । कक्षा १ देखि ५ सम्मका सबै बालबालिकालाई एउटै कक्षाकोठामा राखेर पढाउनु पर्ने नै उक्त श्रोत कक्षाको प्रमुख समस्या हो । कक्षा ६-८ मा भने बहिरा र सुन्ने विद्यार्थीहरु संगै अध्ययन गर्छन् । कक्षा ६ मा एक जना बहिरा विद्यार्थी थियो भने कक्षा ७ र ९ प्रत्येकमा दुई-दुई जना बहिरा विद्यार्थीहरु रहेका थिए । माथिल्ला कक्षाहरुमा बहिरा विद्यार्थीहरुको लागि दोभाषेको व्यवस्था नभएकोले बहिरा विद्यार्थीहरुले सामान्यतया शिक्षकले बोर्डमा लेखेको कुरा आफ्नो कापीमा लेख्ने गर्छन् । माथिल्ला कक्षाहरुमा बहिराहरुका लागि भनेर खास शिक्षकको व्यवस्था गरिएको छैन । उक्त समस्या नेपाल भरिनै हुनुपर्छ भनेर गंगा प्रसाद वाग्लेले थप उल्लेख गर्नुभयो । नेपाल सरकारले क्यानाडा र यूरोपमा जस्तै समावेशी शिक्षा कार्यान्वयन गर्न खोजेको तर उक्त कुरा नेपालमा समस्याको रुपमा रहेको उहाँले उल्लेख गर्नुभयो । नेपालको नीति अनुसार १० जना बहिरा विद्यार्थी बराबर १ जना शिक्षकको व्यवस्था हुनुपर्छ । तसर्थ भविष्यमा आर्थिक सहयोग हुनसकेमा थप एक जना शिक्षकको व्यवस्थागर्न सकिने कुरा पनि उहाँले औल्याउनुभयो । शिक्षक हुन चाहने व्यक्तिहरु यदि बहिरा भएमा उनीहरुसंग शिक्षण अनुमति पत्र नहुनसक्छ । **"सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने", "सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने" र "सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

बहिरा विद्यार्थीहरुले शिक्षकले लेखेको कुरा कसरी नक्कल गर्छन् र हेटौडामा रहेको श्री शान्ति बहिरा तथा सुस्त श्रवण विद्यालय १ घण्टाको दूरीमा हुदा हुदै पनि किन बहिरा बालबालिका सोहि विद्यालयमा रहिरहेका भन्ने बारेमा केपी अधिकारीले टिप्पणी गर्नुभयो । कक्षा ६-८ मा अध्ययन गर्ने बहिराहरु सञ्चार र शिक्षामा पहुँच नहुदा नहुदै पनि सोहि विद्यालयमा रहनुको सट्टा हेटौडामा रहेको बहिरा विद्यालयमा जान सक्छन् । हेटौडा उप-महानगरपालिकाको मेयर संग आफ्नो राम्रो संबन्ध भएको र यदि बच्चाहरु हेटौडाको बहिरा विद्यालयमा भर्ना गर्न कुनै आर्थिक समस्या परेमा आफूलाई जानकारी गर्नका लागि केपी अधिकारीले गंगा प्रसाद वाग्लेलाई

अह्राउनुभयो । सरकारले अपाङ्गता बालबालिकाका लागि आवासीय छात्रवृत्तिको रुपमा रु ४,००० प्रति महिना प्रदान गर्छ। उक्त रकमले विद्यार्थीका सबै खर्च धान्न मुस्किल हुन्छ। कक्षा ६-८ मा पढ्ने बहिरा विद्यार्थीहरु मूलधारका विद्यालयमा रहने कुरा अर्थहिन भएको र उनीहरुका लागि बहिरा विद्यालय नै उपयुक्त हुने कुरा गंगा प्रसाद यादवले बताउने भयो । यदि अभिभावकहरु धनि छन् भने उनीहरुले आफ्ना बालबालिकालाई बहिरा विद्यालयमा पठाउन सक्छन् तर आर्थिक अवस्था कमजोर भएका अभिभावकहरुले अध्ययन खर्च व्यहोर्न सक्दैनन् । नेपालमा बहिराहरुलाई प्रदान गरिने शिक्षा सन्तोषजनक नरहेको कुरा गंगा प्रसादले बताउनुभयो । बहिरा शिक्षामा सुधार ल्याउनका लागि सबैले संगसंगै काम गर्नुपर्छ। सो क्रममा केपी अधिकारी राष्ट्रिय अपाङ्ग महासंघको कार्य समितिमा चयन हुनुभएको र उहाँले बहिरा शिक्षामा सुधार ल्याउन वकालत गर्नका लागि अझ राम्रो पदमा पुगेको कुरा थप गंगा प्रसादले थप गर्नुभयो । बहिरा विद्यार्थीहरुलाई अध्यापन गराउनका लागि बहिरा शिक्षक नै हुनुपर्ने र शिक्षक बन्नका लागि बहिरा व्यक्तिसंग शिक्षण अनुमति पत्र छ वा छैन भन्ने कुरा महत्वपूर्ण नभएको कुरा उहाँले थप गर्नुभयो । पहिले दुई जना बहिरा शिक्षकले श्रोत कक्षामा पढाउने गरेको र शिक्षण अनुमति पत्र नभएकै कारण उनीहरुले जागिर छाड्नु परेको कुरा पनि गंगा प्रसाद वाग्लेले उल्लेख गर्नुभयो । हाल उक्त श्रोत कक्षामा सुन्ने शिक्षक हुनुहुन्छ। उहाँमा साङ्केतिक भाषाको कौशलता नभएको हुदा बहिरा बालबालिकालाई राम्रो अध्यापन नभएकोहुनसक्छ। यस विद्यालयमा करिब २५ जना नयाँ विद्यार्थीहरु आउनसक्छन् । यदि सो संख्यामा विद्यार्थीहरु भर्ना भएमा विद्यालयले थप एक जना शिक्षक र सहयोगको नियुक्ति गर्नुपर्ने हुनसक्छ । समावेशी शिक्षा निक्कै नै गाह्रो भएको कुरा गंगा प्रसादले बताउनुभयो। यस नेपाल राष्ट्रिय बहिरा माध्यमिक विद्यालयमा बहिराहरुलाई कक्षा ११ र १२ मा पढ्ने कुनै व्यवस्था छैन । यदि बहिरा बालबालिकाले बहिरा विद्यालयमा अध्ययन गरेमा शिक्षाको गुणस्तर राम्रो हुन्छ। बहिरा शिक्षाको बारेमा नेपाल सरकारसंग कानून त छ यद्यपी सो को राम्रोसंग कार्यान्वयन भएको छैन। **"सिफारिस १: बहिरा सिकारुहरुको लागि साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा प्रदान गर्ने सम्बन्धी नेपालको संविधान २०७२ ( २०१५ ) को धारा ३१(४) र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन को दफा २१ (६-७) मा रहेका प्रावधानहरुको कार्यान्वयन गर्ने", "सिफारिस २: बहिरा बालबालिकाको समावेशी शिक्षा सम्बन्धी स्पष्ट नीति तय गर्ने", "सिफारिस ४:नेपाली साङ्केतिक भाषाको माध्यमबाट प्रदान गरिने शिक्षण पद्धतिको आधारमा शिक्षण अनुमति पत्र परिक्षाका लागि वैकल्पिक ढाँचा तय गर्ने" र "सिफारिस ११: मूलधारका विद्यालयहरुमा रहेका बहिरा श्रोत कक्षाहरुमा नेपाली साङ्केतिक भाषाको माध्यमबाट शिक्षा प्रदान गर्ने"** अध्ययन गर्नुहोस् ।

*चितवन बहिरा संघका कार्य समितिका सदस्यहरुसंगको बैठक, १९ अप्रिल २०१९*

केपी अधिकारीले चितवन जिल्लामा रहेको पञ्चकन्या सेवा केन्द्र, नयाँ बालाजु अटो वर्कस (New Balazu Auto Works), मा चितवन जिल्ला बहिरा संघकी अध्यक्ष विष्णु पौडेलसंग यस अनुसन्धानकर्ताको परिचय गराईदिनुभयो। उहाँ पहिले एनडीएफएनको सचिव हुनुहुन्थ्यो (तस्विर १२) । उतिखेरको समयमा आफ्नो गाउँ वरिपरि कुनै पनि बहिरा विद्यालय नभएकोले गर्दा सुन्ने

विद्यालयमा पढी कक्षा ७ सम्म उत्तीर्ण गरेको कुरा विष्णु पौडेलले बताउनु भयो । साङ्केतिक भाषा सिक्नु भएको छ कि छैन भनेर सोध्दा सन् १९९७ मा आफू १७ वर्षको हुँदा एक वर्षका लागि काठमाडौ गएको उल्लेख गर्नुभयो । त्यतिबेला काठमाडौ बहिरा संघ अन्तर्गत बहिरा व्यक्तिहरुलाई साङ्केतिक भाषाको तालिम दिने परियोजना थियो । सोहि परियोजना अन्तर्गत उहाँले साङ्केतिक भाषाको तालिम लिनुभयो । एक वर्ष पछि १९९८ मा उहाँ जिल्ला फर्किनुभयो । जिल्ला फर्किसकेपछि उहाँले एक्लो महशुस गर्नु भयो, काठमाडौमा रहेका बहिरा साथिहरुको याद आईरहेको बताउनु भयो । त्यो समय एनडीएफएनले चितवन जिल्लामा साङ्केतिक भाषाको तालिम सुरु गरीसकेको थियो यद्यपी उनलाई सो कुराको जानकारी थिएन । उनी फेरि काठमाडौ गई उक्त साङ्केतिक भाषाको कक्षाबारे जानकारी लिई चितवन फर्किईन् । सो तालिम भएको ठाउँमा पुग्दा उनले १२ जना बहिरा व्यक्तिहरु भटिन । पछि २००१ मा जिल्ला बहिरा संघ गठन गर्ने निधो गरीन् ।

तस्विरः महासंघका अध्यक्ष श्री केपी अधिकारी, चितवन बहिरा संघकी अध्यक्ष विष्णु पौडेलसंग

***( तस्विरको व्याख्याः भित्तामा गाढा निलो रङ लगाएको कोठा र सो मा रहेको टेबल । उक्त टेबलको केपी अधिकारी बसिरहनु भएको । अर्को तर्फ हल्का हरियो छिर्केमिर्के बुट्टा सहितको सुन्तला रङ्को कुर्ता र निधारमा टिका लगाएकी विष्णु पौडेल । दुबै जना मुस्काउदै क्यामेरा तर्फ हेरेका ।)***



अनुसन्धानकर्ताले चितवन बहिरा संघका सचिव मधुसुधन निउरेसंग पनि भेट गऱ्यो । उहाँ पहिले धौलागरी आवासीय बहिरा विद्यालयमा प्राचार्यको रुपमा कार्य गर्नुहुन्थ्यो । यद्यपी उहाँको आमा विरामी भएकोले गर्दा उक्त विद्यालय छाडी श्रोत शिक्षकको रुपमा काम गर्न चितवन आउनु परेको कुरा उहाँले बताउनुभयो । उहाँले हाल ६-१६ वर्षका बहिरा विद्यार्थीहरुलाई पढाउनुहुन्छ । मधुसुधन निउरे कार्यरत विद्यालयमा कक्षा १ देखि ६ सम्मका विद्यार्थीहरुलाई अध्यापन गराउन तीनवटा कक्षाकोठाहरु र  दुई जना बहिरा शिक्षकहरुरहेका छन् । उक्त विद्यालयमा ४० जना सुन्ने र ३५ जना बहिरा विद्यार्थीहरु रहेका छन् । उक्त विद्यालयलाई बहिरा विद्यालयमा रुपान्तरण गर्न सहज होस भन्ने उद्धेश्यले अब उप्रान्त बहिरा बालबालिका मात्र भर्ना गर्ने निर्णय गरेको कुरा केपी अधिकारीले बताउनुभयो । हालका विद्यार्थीहरुको कक्षा चढाईसंगै विद्यालयले पनि कक्षा ७ र ८ थप गर्ने निर्णय गरेको छ । चितवन जिल्लाको राप्ती नगरपालिकामा रहेको उक्त विद्यालयको नाम आधारभूत विद्यालय रहेको छ ।

आफू करिब दुई वर्षको हुदा छिमेकी जिल्लाबाट चितवन आएको कुरा मधुसुधन निउरेले बताउनुभयो । उहाँले मूलधारको विद्यालयमा अध्ययन गर्नुभयो जहाँ पठनपाठनका लागि ओठको चाल (Leapreading) मा भर पर्नुपर्थ्यो । यसैगरी +२ तह सकेपछि  बि.एड. तह पनि मूलधारको विश्वविद्यालयबाट उत्तीर्ण गर्नुभयो । उहाँले शिक्षण अनुमति पत्र पनि लिनुभएको छ र हाल शिक्षा शास्त्रमा स्नातकोत्तर तहको अध्ययन गर्दै हुनुहुन्छ । आवासको सुविधा विना कसरी मूलधारका विश्वविद्यालयमा अध्ययन संभव भयो भनेर सोध्दा उहाँले प्रमुखत : घरमै बसेर अध्ययन गर्ने गरेको कुरा बताउनुभयो । "**सिफारिस ६ः नेपाली साङ्केतिक भाषाको माध्यमबाट दिईने शिक्षाको शिक्षक तालिमका लागि बहिरा प्रशिक्षकको नियुक्ति गर्ने र प्रशिक्षण दिने", "सिफारिस १३ः विश्व विद्यालयमा अध्ययनका लागि बहिरा सिकारुहरुलाई थप अवसरहरु प्रदान गर्ने" र "सिफारिस १६ः  नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको अनुसन्धान र बहिरा अनुसन्धानकर्ताहरुको तालिममा सहयोग गर्ने"** अध्ययन गर्नुहोस् ।

काठमाडौ, मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुबाट मार्च र अप्रिल महिनामा सङ्कलित आधार-रेखाका तथ्याङ्कबाट पत्ता लागेका कुराहरु प्रतिवेदनको यो भागमा प्रस्तुत गरियो । प्रतिवेदनको अर्को भागमा यस अध्ययनको निचोड प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

यो प्रतिवेदनले नेपालमा शिक्षा, भाषा र बहिरा संघहरुको भूमिकाहरुका बारेमा दस्ताबेजहरुको समिक्षा गरी संक्षिप्तमा प्रस्तुत गरेको छ । साथै बहिरा सिकारुहरुका लागि साङ्केतिक भाषा-माध्यम शिक्षाका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति र अभ्यासहरुको बारेमा छलफल गरेको छ । यस प्रतिवेदनले काठमाडौ, मकवानपुर, पर्सा, बारा र चितवन जिल्लाहरुबाट मार्च देखि अप्रिल २०१९ मा सङ्कलन गरिएको तथ्याङ्क र सो को विश्लेषण प्रस्तुत गरेको छ । अध्ययनबाट प्राप्त कुराहरुलाई साङ्केतिक भाषाको माध्यमबाटसमावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न र सीआरपीडी को धारा २४ अनुरुप बहिरा सिकारुहरुका लागि दिगो विकास लक्ष्य ४ हासिल गर्ने सिफारिससंग अन्तरसम्बन्धित गरिएको छ ।

अनुसन्धानकर्ताले फिल्डमा अध्ययन गर्दा सिके अनुसार नेपालको बहिरा शिक्षामा बहिरा विद्यालय, बहिरा शिक्षा र बहिरा संघहरुको आफ्नै परिस्थिति रहेको छ । यी कुराहरुलाई सहयोग गर्न व्यापक नीतिनियमहरुको तर्जुमा गरिएको छ । यी नीति र कानूनहरुले बहिरा बालबालिकाको साङ्केतिक भाषाको माध्यमबाट नि : शुल्क शिक्षा पाउने अधिकारको पनि सुनिश्चितता गरेको छ । यी व्यवस्थाहरुलाई दिगो विकासको लक्ष्य ४ प्राप्ति गर्नका लागि उपयोग गर्दै थप सहयोग पनि गर्नुपर्छ । थप सहयोग अन्तर्गत समावेशी शिक्षाका सन्दर्भमा बहिरा सिकारुहरुका लागि साङ्केतिक भाषा-माध्यममा शिक्षाको बारेमा स्पष्ट नीतिको व्यवस्था गर्नुपर्छ । यसैगरी नेपाली साङ्केतिक भाषा-माध्यममा शिक्षाका लागि उपयुक्त शिक्षक तालिम र शिक्षण अनुमति पत्रको व्यवस्था गर्ने अर्को आवश्यक विषय हो । बहिरा सिकारुहरुको समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको अधिकार स्थापित गर्नका लागि नेपाली साङ्केतिक भाषाको माध्यममा प्रारम्भिक बाल विकास कार्यक्रमहरु सञ्चालन गर्ने, अभिभावकहरुका लागि नेपाली साङ्केतिक भाषाका तालिम लगायत अन्य सेवाहरु प्रवाह गर्ने, साङ्केतिक भाषाको वातावरण प्रदान गर्नका लागि बहिरा आवासीय परामर्शकर्ताहरुलाई तालिम दिने, नेपाली साङ्केतिक भाषामा थप श्रोतहरुको व्यवस्था गर्ने र बहिरा सिकारुहरुका लागि पौढ कक्षाको व्यवस्था गर्नुपर्छ । नेपाली साङ्केतिक भाषाका दक्ष दोभाषेहरुको व्यवस्था सहित बहिरा सिकारुहरुले विश्व विद्यालयतहको अध्ययन गर्न पाउनुपर्छ । यसले शिक्षक तालिमको व्यवस्था र नेपाली साङ्केतिक भाषा-माध्यम शिक्षाको अनुसन्धानमा मलजल गर्छ ।

यो प्रतिवेदनमा गरिएका सिफारिसहरुले नेपालमा रहेका बहिराहरुको अवस्था सुदृढ हुने आशा गरिएको छ । यसका साथै आफ्नै प्रयासमा चलिरहेका सम्बन्धित विद्यालयहरु र संघहरुको अवस्था सुधार गर्न पनि यो प्रतिवेदनले सहयोग गर्नेछ । भूमण्डलको दक्षिणी ध्रुबमा रहेका अन्य बहिरा संघहरुले पनि यस प्रतिवेदनलाई आफ्नो वकालतको औजारको रुपमा लिनेछन् भन्ने अपेक्षा गरिएको छ ।

## कृतज्ञता

यस अध्ययनको क्रममा सूचना र श्रोत प्रदान गरी सहयोग गरेकोमा र सम्भव भएसम्मका धेरै विद्यालय र स्थानबाट तथ्याङ्क सङ्कलन गर्ने कार्यको सुनिश्चितता गरेकोमा म राष्ट्रिय बहिरा महासंघ नेपाललाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अनुसन्धानको क्रममा विभिन्न तरिकाले सहभागी हुने र हरेक कोणबाट सहयोग गर्ने अलग अलग व्यक्तिहरु; बैकुण्ठ आचार्य, धिरोज अधिकारी, केदार प्रसाद अधिकारी, अमुला आलम, टिकाराम अनार्वा, रेञ्जु अर्याल, सुर्य बहादुर बुढाथोकी, कुल प्रसाद भट्टराई, अलेक्जान्डर ब्लक्स, बिर बहादुर बोगटि, कार्मेले क्याचेरो, अरबीन्द धौधरी, राज कुमार महर्जन, सन्तोस पौडेल, दिव्या दवाडी, ऋषि देवकोटा, नारद धमभबला, रत्न शोभा ढुङ्गेल, गुण कुमारी गौतम, यशोदा गौतम, विक्रम घले, अन्जु गुरुङ्ग, बीर बहादुर गुरुङ्ग, मदन केसी, सिद्धार्थ केसी, सानु खिम्बाजा, राज किशोर, बिर सिंह कुवँर, बिशान राधुर लाधी, उत्तम महर्जन, शर्मीला मानन्धर, मधु सुधन निउरे, दिनेश पनेरु, उपेन्द्र पराजुली, सन्तोष पौडेल, सोविता पौडेल, विष्णु पौडेल, शीखा प्रधान, योजनी शाख, अशोक कुमार शाह, युक्त प्रसाद शर्मा, धन बहादुर श्रेष्ठ, रमेश लाल श्रेष्ठ, सगुन श्रोष्ठ, शारदा श्रेष्ठ, सुरज श्रेष्ठ, अच्युत देव सिटौला, कृष्ण प्रसाद सुबेदि, सागर सुवेदि, इभा तुपी, गंगा प्रसाद वाग्ले र सत्य देवि वाग्लेलाई धेरै धेरै धन्यबाद दिन चाहन्छु ।

केन्द्रिय बहिरा माध्यमिक विद्यालयका विद्यार्थीहरु र कर्मचारीहरु लगायत हेभेन र लस्तालाई पनि धन्यबाद व्यक्त गर्न चाहन्छु । यसै गरीश्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालयका दर्ख, कबिर र मुत्तर लगायत समग्र विद्यालय परिवार, मुस्कान लगायत सोही राष्ट्रिय माध्यमिक विद्यालय परिवार, देवानन्दन देवराज उच्च माध्यमिक विद्यालय, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय प्रति आभारी छु । मेरो अनुसन्धानमा सहयोग गर्ने धेरै व्यक्तिहरुको नाम यहाँ उल्लेख गर्न नसकेकोमा क्षमायाचना गर्न चाहन्छु ।

मेरो अध्ययनको क्रममा मारा ग्रीन र पिटर ग्रेइफले नेपाली बहिराहरुको बारेमा गरेका अध्ययनहरु र उक्त श्रोतहरु उपलब्ध गराउनु भयो । साथै उहाँहरुले मेरो अध्ययनका लागि नेपालमा सम्पर्क स्थापित गरीदिई र अनुसन्धानको मस्यौदा प्रतिवेदनमा समेत सुझाव प्रदान गर्नुभयो । यी सबै सहयोगका लागि उहाँहरु प्रति ऋणी छु । शेल्ले टेलरले पनि सहयोगी श्रोतहरु प्रदान गर्नुभयो । अलेक्जान्डर ब्लक्स, जोसेफ मुर्रे, इभा तुपी र जोन वेबरले मस्यौदा प्रतिवेदनका शुरुका संस्करणमामा सुझाव प्रदान गर्नुभयो । लेइयाह रिड्डेलले यो प्रतिवेदनको बाहिरी पेजका साथै समग्र संरचना बनाउन सहयोग गर्नुभयो ।

अन्त्यमा मलाई यो अध्ययन गर्ने अवसरा दिएकोमा विश्व बहिरा महासंघप्रति कृतज्ञ छु ।

# सन्दर्भ-सूचि

Acharya, K. (1997). History of the Deaf in Nepal (E. Hoffmann-Dilloway & D. Chemjong, Trans). Unpublished manuscript.

Bhandari, R. (2017). Early childhood education and development in Nepal: Access, quality, and professionalism. *Prima Educatione*. https://doi.org/10.17951/PE/2017.1.129

Bir Joshi, R. (1991). Nepal: A paradise for the deaf? *Sign Language Studies, 71*, 161-168. https://doi.org/10.1353/sls.1991.0018

Burke, T.B., Snoddon, K., & Wilkinson, E. (2016). Genetics and deafness: A view from the inside. In B. Vona & T. Haaf (Eds.), *Genetics of deafness (Monographs in Human Genetics series, 20,* pp. 1-8*)*. Basel, Germany: Karger.

Committee on the Rights of Persons with Disabilities. (2015, November 11). *Consideration of the reports submitted by States Parties under article 35 of the Convention. Initial reports of States parties due in 2012: Nepal*.

Committee on the Rights of Persons with Disabilities. (2018, 1 March). *Concluding Observations in relation to the initial report of Nepal.*

Cosic, D., Dahal, S., & Kitzmuller, M. (2017). *Climbing higher : toward a middle-income Nepal*. Washington, D.C.: World Bank Group. Retrieved February 8, 2019 from http://documents.worldbank.org/curated/en/358501495199225866/Climbing-higher-toward-a-middle-income-Nepal

Cummins, J. (1981). The role of primary language development in promoting educational success for language minority students. In California State Department of Education (Ed.). *Schooling and language minority students: A theoretical* framework (pp. 3-49). Los Angeles: Evaluation, Dissemination and Assessment Center, California State University.

Cummins, J. (2006). The relationship between American Sign Language proficiency and English academic development: A review of the research. Retrieved from http://citeseerx.ist.psu.edu/viewdoc/download?doi=10.1.1.521.8612&rep=rep1&type=pdf.

Cummins, J. (2009). Fundamental psychological and sociological principles underlying educational success for linguistic minority students. In A. Mohanty, M. Panda, R. Phillipson, & T. Skutnabb-Kangas (Eds), *Multilingual education for social justice: Globalising the* local (pp. 21-35).New Delhi: Orient Blackswan.

Czubek, T.A. & Snoddon, K. (2016). Bilingualism, philosophy and models of. In G. Gertz & P. Boudreault (Eds.), *The Deaf Studies Encyclopedia, Volume I* (pp. 79-82). Thousand Oaks, CA: Sage Publications.

Deafway. (2018). Navajyoti Deaf School (Sindhali). Retrieved from http://deafway.org.uk/international/nepal/navajyoti-deaf-school-sindhuli/.

Disability, Education and Development. (2019). Education of children with disabilities in Nepal: Draft 1.

European Centre for Modern Languages. (2019). Sign languages and the Common European Framework of Reference for Languages: Descriptors and approaches to assessment. Retrieved from https://www.ecml.at/ECML-Programme/Programme2012-2015/ProSign/tabid/1752/Default.aspx.

Fillmore, N. (2019, March 17). Education through mother tongue. *The Himalayan Times*.

Gallaudet University. (n.d.). Nepal. Retrieved February 8, 2019 from https://www.gallaudet.edu/research-support-and-international-affairs/international-affairs/world-deaf-information-resource/deaf-orgs/local-orgs/nepal.

Government of Nepal. (2007). *Interim Constitution of Nepal 2007. Kathmandu, Nepal*. Retrieved February 8, 2019 from https://wipolex.wipo.int/fr/text/189180.

Government of Nepal. (2015). *The Constitution of Nepal*. Retrieved March 1, 2019 from http://www.ilo.org/dyn/natlex/natlex4.detail?p_lang=en&p_isn=106083&p_count=1&p_classification=08.

Graif, P. (2018). *Being and hearing: Making intelligible worlds in deaf Kathmandu*. Chicago, IL: Hau Books.

Green, E.M. (2014). The nature of signs: Nepal's deaf society, local sign, and the production of communicative sociality. Unpublished doctoral dissertation, University of California, Berkeley.

Hoffmann, E.G. (2008). Standardization beyond form: Ideologies, institutions, and the semiotics of Nepali Sign Language. Unpublished doctoral dissertation, University of Michigan.

Hoffmann-Dilloway, E. (2011). Lending a hand: Competence through cooperation in Nepal's Deaf associations. *Language in Society, 40*, 285-306. doi:10.1017/S0047404511000194

Human Rights Watch. (2011). *Futures stolen: Barriers to education for children with disabilities in Nepal*. New York: Human Rights Watch. Retrieved from https://www.hrw.org/sites/default/files/reports/nepal0811ForWebUpload.pdf.

Hundley, B. (2011, January 6). Chasing Saraswati: Development of deaf education in Nepal. Presentation for the Nepal Fulbright Commission.

Kauppinen, L. & Jokinen. M. (2014) Deaf culture and linguistic rights. In M. Sabatello & M. Schulze (Eds.), *Human rights and disability advocacy* (pp. 131-145). Philadelphia: University of Pennsylvania Press.

Moll, L. C., Amanti, C., Neff, D., & Gonzalez, N. (1992). Funds of knowledge for teaching: Using a qualitative approach to connect homes and classrooms. *Theory into practice*, *31*(2), 132-141. doi: 10.1080/00405849209543534

Moll, L.C. & González, N. (1997). Teachers as social scientists: Learning about culture from household research. In P.M. Hall (Ed.). *Race, ethnicity and multiculturalism: Policy and practice* (pp. 89-114). Missouri Symposium on Research and Educational Policy, Vol. 1. New York: Garland Publishing,

Murray, J.J., Snoddon, K., De Meulder, M., & Underwood, K. 2018. Intersectional inclusion for deaf learners: Moving beyond General Comment No. 4 on Article 24 of the UNCRPD. *International Journal of Inclusive Education*. doi:10.1080/13603116.2018.1482013

National Federation of Deaf Nepal. (2019a). About us: History of NDFN. Retrieved from http://www.deafnepal.org.np/page/history-of-ndfn.

National Federation of Deaf Nepal. (2019b). About us: Introduction. Retrieved from http://www.deafnepal.org.np/page/introduction.

Skutnabb-Kangas, T. (1995). Introduction. In T. Skutnabb-Kangas (Ed.), *Multilingualism for all* (pp. 7-20). Lisse, the Netherlands: Swets and Zeitlinger.

Taylor, S.K. (2010a). Beyond bilingual education: Multilingual language education in Nepal. *Gist Education and Learning Research Journal, 4*(1), 138-154.

Taylor, S.K. (2010b). MLE policy and practice in Nepal: Identifying the glitches and making it work. In K. Heugh & T. Skutnabb-Kangas (Eds.), *Multilingual education works: from the periphery to the centre* (pp. 204-223). New Delhi: Orient BlackSwan.

Taylor, S. K. (2014). From "monolingual" multilingual classrooms to "multilingual" multilingual classrooms: Managing cultural and linguistic diversity in the Nepali educational system. In D. Little, C. Leung & P. Van Avermaet (Eds.), *Managing diversity in education: key issues and some responses* (pp. 259-274). Clevedon, UK: Multilingual Matters.

Teachers Service Commission. (n.d.) Teachers Service Commission. Retrieved from https://www.tsc.gov.np/.

Turin, M. (2005). Language endangerment and linguistic rights in the Himalayas: A case study from Nepal. *Mountain Research and Development* 25(1), 4-9.

Turin, M. (2014). Mother tongues and language competence: The shifting politics of linguistic belonging in the Himalayas. In G. Toffin & J. Pfaff-Czarnecka (Eds), *Facing Globalization in the Himalayas: Belonging and the Politics of the Self* (pp. 372-396). New Delhi: Sage Publications.

UNESCO. (2017). Education. Retrieved January 9, 2019 from http://www.unesco.org/new/en/archives/education/themes/leading-the-international-agenda/education-for-all/.

United Nations. (2012). Incheon Strategy to "make the right real" for persons with disabilities in Asia and the Pacific. Bangkok: United Nations Economic and Social Commission for Asia and the Pacific. Retrieved from https://www.unescap.org/sites/default/files/Incheon%20Strategy%20%28English%29.pdf.

United Nations. (2016). *Position paper by persons with disabilities*. Retrieved February 28, 2019 from https://sustainabledevelopment.un.org/index.php?page=view&type=30022&nr=261&menu=3170

Woodward, J. (1993). The relationship of sign language varieties in India, Pakistan, & Nepal. Sign Language Studies, 78, 15-22. doi: https://doi.org/10.1353/sls.1993.0010

World Federation of the Deaf. (2015, April 8). Presentation from the WFD Side-event on 8 April. 13th Session of the Committee on the Rights of Persons with Disabilities, Geneva,

Switzerland, 25 March-17 April 2015. Retrieved from http://wfdeaf.org/wp-content/uploads/2015/05/WFD-side-event-presentation.pdf.

World Federation of the Deaf. (2018). *Position paper on inclusive education*. Retrieved from https://wfdeaf.org/wp-content/uploads/2018/07/WFD-Position-Paper-on-Inclusive-Education-5-June-2018-FINAL-without-IS.pdf.

World Health Organization. (2007). *Situation review and update on deafness, hearing loss, and intervention programmes: Proposed plans of action for prevention and alleviation of hearing impairment in countries of the south-east Asia region*. New Delhi: World Health Organiation Regional Office for South-East Asia. Retrieved from http://apps.searo.who.int/pds_docs/B3177.pdf.

Yadava, Y. P. (2007). Linguistic diversity in Nepal: Perspectives on language policy. Paper presented at the Seminar on Constitutionalism and Diversity (22-24 August). Kathmandu, Nepal. Retrieved from http://www.seameo.org/_ld2008/doucments/Presentation_document/Yadava_Linguistic_Diversity_Nepal.pdf

Zeshan, U. (2003). Indo-Pakistani Sign Language grammar: A typological outline. *Sign Language Studies, 3*(2), 157-212. doi: 10.1353/sls.2003.0005